# परिच्छेद -एक

# शोध परिचय

## १.१ विषय परिचय

रुद्रराज पाण्डे (१९५७-२०४४) नेपाली साहित्यकारहरू मध्येका एक हुन् । उनले नेपाली साहित्यका उपन्यास कविता, नाटक, एकाङ्की, कथा जस्ता विधाको रचना गरेका छन् । उनले साहित्यका अतिरिक्त नेपालको इतिहास लेखेर आफूलाई इतिहासकारका रूपमा पनि उभ्याएका छन् । साहित्यका क्षेत्रमा चाहिँ उनी विशेष गरी उपन्यासकारका रूपमा चिनिन्छन् । १९९१ सालमा प्रकाशित 'रूपमति' उनको पहिलो औपन्यासिक कृति हो । यस उपन्यासको प्रकाशनसँगै नेपाली उपन्यास परम्परामा आधुनिक कालको थालनी भएको मानिन्छ । त्यसैले पाण्डे प्रथम आधुनिक उपन्यासकार हुन् । **रूपमति** सहित उनका प्रकाशित उपन्यासहरू यी हुन् । चप्पाकाजी (१९९३), प्रायश्चित (१९९५), प्रेम (२००५) र हेरफेर (२०४९) जस्ता पाँच वटा औपन्यासिक कृतिहरू प्रकाशित छन् ।

रुद्रराज पाण्डे नेपाली उपन्यास परम्पराका ऐतिहासिक व्यक्तित्व हुन् । नेपाली साहित्यको उपन्यास विधाका क्षेत्रमा उनको विस्तृत अध्ययन-विश्लेषण हुनु वाञ्छनीय देखिन्छ । तथापि हालसम्म पाण्डेको उपन्यासकारितालाई लिएर अध्ययन-विश्लेषण भएको देखिदैन । फुटकर रूपमा वा विश्वविद्यालयस्तरीय पाठ्यवस्तुका रूपमा पाण्डेको उपन्यासकारिताको सामान्य चर्चा-परिचर्चा भए पनि त्यतिमा चित्त बुझाउनु पर्ने स्थिति देखा पर्दैन । त्यसैले यस शोध कार्यमा नेपाली उपन्यास परम्परामा आधुनिक नेपाली उपन्यासका आरम्भकर्ता रुद्रराज पाण्डेको उपन्यासकारितालाई विस्तृत विश्लेषण गर्ने काम भएको छ ।

## १.२ समस्या कथन

प्रस्तावित शोधकार्य निम्नलिखित समस्याहरूमा केन्द्रित रहने छ ।

क) रुद्रराज पाण्डेको जीवनी र सिर्जनाको पृष्ठभूमिबीच के कस्तो सम्बन्ध रहेको छ ?

ख) उपन्यास तफ्वका आधारमा उनका औपन्यासिक कृतिहरू के कस्ता छन् ।

ग) रुद्रराज पाण्डेको उपन्यासकारिता कस्तो रहेको छ ?

## १.३ शोधकार्यको उद्देश्य

शोध समस्यामा उल्लेख गरिएका समस्याहरूको प्राज्ञिक समाधान गर्नु नै यस शोध कार्यको मूल उद्देश्य हो । त्यसैले यस शोधकार्यका उद्देश्यहरू निम्न रहेका छन् :

क) रुद्रराज पाण्डेको जीवनीर उपन्यासक लेखनको भूमिबीच रहेको सम्बन्ध केलाउनु ।

ख) रुद्रराज पाण्डेका औपन्यासिक प्रवृत्तिको निरूपण गर्नु ।

ग) रुद्रराज पाण्डेको उपन्यासकारिताको विश्लेषण गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

नेपाली उपन्यासमा आधुनिकताको प्रारम्भकर्ता रुद्रराज पाण्डेको उपन्यासकारिताका बारेमा अनुसन्धान एवम् समालोचनाबाट जे-जस्ता अध्ययन भएका छन्, तिनको यहाँ सङ्क्षेपमा समीक्षा प्रस्तुत गरिएको छ ।

इन्द्रवहादुर राईले **नेपाली उपन्यासका आधारहरू** (२०३१) नामक कृतिमा **आदर्शवाद** शीर्षकमा पाण्डेलाई सामाजिक शिक्षाप्रद मौलिक उपन्यासकारका विज्ञ मानेका छन् । राईले पाण्डेका उपन्यासको अध्ययन गर्ने क्रममा उनका उपन्यासमा सामाजिक र पारिवारिकताको विश्लेषण भएको पाएका छन् । पाण्डेका उपन्यासको शैली ज्यादै सरल तथा रसिलो र मीठो भएको राईले बताएका छन् । यद्यपि उनले चारवटा मात्रै उपन्यासलाई आधार मानी पाण्डेको उपन्यासकारितालाई केलाउने काम गरेका छन् ।

कृष्णचन्द्रसिंह **प्रधानले नेपाली उपन्यास र उपन्यासकार** (२०३७) नामक आफ्नो समालोचनात्मक कृतिमा 'रुद्रराज पाण्डे' शीर्षकमा पाण्डेलाई नेपाली उपन्यासको आधुनिक उपन्यासका प्रथम प्रवक्ता, सामान्य भाषाको प्रयोग गर्ने पथ-द्रष्टा र गृहस्थी जीवनको पारिवारिक चित्र अङ्कित गर्ने अगुवा उपन्यासकार मान्दै उनको उपन्यासकारिताका बारेमा छोटकरीमा चर्चा गरेका छन् । पाण्डेका

पाँचवटै उपन्यासलाई विधा तफ्वका आधारमा विश्लेषण गरी उनले पाण्डेलाई उपन्यासकारको रूपमा अविस्मरणीय हुनु भन्दा उनको ऐतिहासिक कार्यको श्रेय स्मरणीय रहेको कुरा प्रधानले व्यक्त गरेका छन् । औपन्यासिक श्रेष्ठता त्यतिबेलाका लागि हो, तर ऐतिहासिक महफ्व भोलि पनि रहिरहने छ भनेका छन् । प्रधानले यस अध्ययनमा रुद्रराज पाण्डेको औपन्यासिक यात्रालाई चिनाउने काम भने गरेका छैनन् ।

डिल्लीराम तिमसिनाले **गोरखापत्र** (२०४४) पत्रिकामा 'सरदार रुद्रराज पाण्डे : एक संस्मरण' नामक शीर्षकको लेखमा पाण्डेको उपन्यासकारितालाई चिनाउने काम गरेका छन् । नेपाली र नेपालीत्वमाथि अगाध, स्नेह, श्रद्धा र समर्पण भाव भएका नेपाली विभूतिहरूमध्येका पाण्डे पनि एक भएको तिमसिनाले बताएका छन् । राणाकालीन दरबारिया चालचलनको चित्र खिचेर एउटा सामाजिक तथा ऐतिहासिक पाराको उपन्यास लेखेका कुरा  तिमसिनाले बताएका छन् । तिमसिनाले प्रस्तुत लेखमा रुद्रराज पाण्डेको संस्मरणलाई कोट्याए पनि वास्तविक रूपमा उनको उपन्यासकारितालाई सोझो रूपमा देखाउने काम गरेको पाइँदैन ।

बाबुराम पोखेलले **गोरखापत्र** (२०४४ जेष्ठ ६) पत्रिकामा 'समाजको यथार्थ चित्रणका शिल्प' नामक शीर्षकमा रुद्रराज पाण्डे नेपाली साहित्यको इतिहासमा रहेको कुरा बताएका छन् । आधुनिक उपन्यासको क्षेत्रमा पाण्डे सफल प्रयोक्ताका रूपमा रहेको पोखेलले बताएका छन् । पाण्डेको प्रमुख कृतिका रूपमा रहेको 'रूपमती' सामाजिक उपन्यास हो । साथै चप्पाकाजी, प्रायश्चित र प्रेम उपन्यासले नेपाली वाङ्मयमा ऐतिहासिक आयम थपेको छ । साथै सामान्य बोलीचालीको भाषाको प्रयोग गरी साहित्यको रचना गरेको र नेपाली भाषालाई जटिल शैलीबाट सरल र सुबोध शैलीतिर डोऱ्याउने, त्यसबाट समाजको यथार्थ चित्रण गर्ने पाण्डे निकै कुशल शिल्पीका रूपमा रहेको कुरा पोखेलले बताएको छन् । यद्यपि **रूपमती** उपन्यासलाई मात्र प्राथमिकता दिनु पोखेलको अध्ययनको सीमा हो ।

त्रैलोक्यनाथ उप्रेतीले **गोरखापत्र** (२०४४ फागुन २९) पत्रिकामा 'शिक्षा क्षेत्रमा सरदार रुद्रराज पाण्डेको देन' शीर्षकमा पाण्डेलाई नेपालमा शिक्षा तथा नेपाली भाषा साहित्यका क्षेत्रमा गहकिलो योगदान पुऱ्याउने व्यक्तिका रूपमा देखाउने काम गरेका छन् । उप्रेतीले पाण्डेको व्यक्तित्वका बारेमा पनि जानकारी गराएका छन् । पाण्डेले साहित्यका धेरै विधामा कलम चलाउनुका साथै शिक्षा क्षेत्रमा पनि ठूलो योगदान रहेको कुरा बताएका

छन् । पाण्डेका देनहरूलाई तीन कोटिमा राखी हेर्ने काम भएको छ । शिक्षा क्षेत्रमा पाण्डेको महफ्वपूर्ण भूमिका रहेको देखाइएको छ । राणाको एकतन्त्रीय व्यवस्था चरम चुलीमा पुगेका समयमा कस्तो प्रकारको शिक्षाको आवश्यकता पर्छ भन्ने समेत कुराको अनुमान गरेको बताइएको छ । तर उप्रेतीले यस लेखमा पाण्डेको उपन्यास र उपन्यासकारिताको चर्चा गरेको पाइँदैन ।

कपिल घिमिरेले **मधुपर्क** (२०४४) नामक मासिक पत्रिकामा 'रुद्रराज पाण्डे' शीर्षकमा पाण्डेलाई नेपाली भाषा, साहित्य एवम् शिक्षाविद् तथा धार्मिक व्यक्तिफ्वका रूपमा चिनाउने काम गरेका छन् । पाण्डे नेपालमा बसी थुप्रै सरकारी पदमा रहेर शिक्षा क्षेत्रमा महफ्वपूर्ण योगदान पुऱ्याएको कुरा पनि प्रस्तुत गर्ने काम गरेका छन् । पाण्डेको अध्ययन क्षेत्र मूलतः इतिहास विषय भए तापनि उनले इतिहासका साथै भाषा साहित्यमा पनि अतुलनीय योगदान दिनुमा उनको आफ्नै कला भएको कुरा यस शीर्षकमा देखाउन खोजिएको छ । पाण्डेले विभिन्न प्रकारका 'ईश्वरप्रति साधन' जस्ता धार्मिक ग्रन्थसँग सम्बन्धित पुस्तक पनि लेख्नु भएको कुरा बताइएको छ । यद्यपि पाण्डेको उपन्यासकारिताका बारेमा चर्चा नगर्नु उनको सीमा रहेको छ ।

राजेन्द्र सुवेदीले **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति** (२०५३) नामक कृतिको 'आदर्शवादी उपन्यास परम्परा र नेपाली उपन्यास' शीर्षकको अध्यायनमा पाण्डेको उपन्यासकारिता उपशीर्षकमा पाण्डेले आफ्ना उपन्यासको वस्तु नेपाली परिवेशका सामाजिक र पारिवारिक जीवनबाट लिएका छन् भन्ने कुरा बताएका छन् । नेपाली समाजमा विद्यमान समस्यालाई देखाउँदै, समवर्ती उपन्यासकारका बीचमा पाण्डे छुट्टै र आदर्शका सेतु अविस्मरणीय र दरो किल्ला भएर उठेका देखाएको छ । पाण्डेले उपन्यासको अस्मिता कायम गर्न समाजलाई वस्तुको स्रोतका रूपमा लिएको देखाइएको छ । नेपाली समाजमा प्रचलित दैनिक जीवनका पक्षहरूलाई स्थापित गरेका छन् । मानव जीवनका सम्भाव्य घटना र चरित्रलाई स्वीकार्नु मान्छेका दैनिक कार्यहरू र दैवी कार्यका लागि अनुकूल रहनु भन्ने प्रकारको धारणालाई राख्नु र बोलीचाली, रहनसहन, काम कारबाही आदिमा सामाजिक ढाँचाको सबलता प्रदान गर्ने दृष्टि प्रस्तुत गरिएको छ । यति भएर पनि सुवेदीले उनको औपन्यासिक यात्रा देखाउने काम गरेका छैनन् ।

कृष्णहरि बराल/नेत्र एटमले **उपन्यासको विश्लेषण** (२०५५) नामक विश्लेषनात्मक कृतिको 'रुद्रराज पाण्डेको औपन्यासिक प्रवृत्ति वा विशेषताहरू' शीर्षकमा आधुनिक उपन्यासका प्रारम्भकर्ता

मानेका छन् । पाण्डेका उपन्यासमा यथार्थको चित्रण पर्याप्त मात्रमा भए तापनि उपन्यासको उद्देश्यका रूपमा आदर्शलाई नै केन्द्रमा राखेको देखाइएको छ । समाजका विद्यमान तथा ज्वलन्त समस्यालाई लिएर उनका उपन्यास रचना गरिएको देखाइएको छ, साथै उपन्यासमा वर्गीय विभेदको कुरा उठाएको देखाइएको छ । पाण्डेको उपन्यास घटना प्रधान भएको साथै नैतिक शिक्षा दिन खोजेको कुरा बताइएको छ ।

स्थिरप्रसाद पराजुलीले **रुद्रराज पाण्डेका उपन्यासमा पाइने दर्शन, धर्म र नैतिक-मूल्यमान्यताको विश्लेषण** (२०६२) शीर्षकको विद्यावारिधि शोध प्रबन्धमा 'उपन्यासकार पाण्डेको जीवनवृत्त' शीर्षकमा पराजुलीले उपन्यास विधाका प्रथम स्रष्टा उपन्यासकार रुद्रराज पाण्डे (१९५७-२०४७) का जीवनसँग सम्बन्धित शैक्षिक पृष्ठभूमि सामाजिक, राजनीतिक, आर्थिक, शैक्षिक, साहित्यक, अध्यात्मिक आदि पक्षको चर्चा गरेका छन् । सादा जीवन उच्च दर्शन विचारका निधि उपन्यासकार पाण्डेले सारा संसारमा सुर्कम र दुष्कर्म जे-जस्ता कार्य हुन्छन् ती सम्पूर्ण कर्ता भगवान् नै हुनुहुन्छ भन्ने मनस्थिति देखाइएका

छन् । अपकार गर्नेले अपकार गऱ्यो भने त्यो पनि भगवान्द्वारा नै भएको भन्ने धारणा पाइन्छ । यहाँ पाण्डेको वंशावली, प्रारम्भिक शिक्षा तत्कालीन सामाजिक, राजनीतिक परिस्थिति र प्रशासनिक गतिविधिबारे पराजुलीले उल्लेख गरेका छन् । तर पनि जीवन वृत्तका यावत कुराको अध्ययन गर्न नसक्नु यसको कमजोरी पक्ष हो ।

### १.५ अध्ययनको औचित्य, महफ्व र उपयोगिता

यस शोधकार्यमा आधुनिक नेपाली उपन्यासका प्रवर्तक रुद्रराज पाण्डेका पाँचवटा उपन्यासको गहन अध्ययन गरी पाण्डेको उपन्यासकारिताका बारेमा निरूपण गरिएको छ । पाण्डेको उपन्यासकारिताका बारेमा जानकारी लिन चाहने, जिज्ञासा राख्ने पाठक, समालोचक, अनुसन्धाता सबैका लागि सहयोगी हुने हुनाले यस शोधकार्य औचित्य, उपयोगिता र महफ्व पनि रहन गएको छ ।

### १.६ अध्ययनको सीमाङ्कन

शोधकार्य आधुनिक नेपाली उपन्यासका हस्ती उपन्यासकार रूद्रराज पाण्डेको उपन्यासकारितामा मात्र सम्बन्धित हुनु यसको पहिलो सीमा हो ।

### १.७ शोधविधि

यस अन्तर्गत सामग्री सङ्कलन विधि र विश्लेषण ढाँचा पर्दछ ।

#### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यलाई पूरा गर्नका लागि आवश्यक पर्ने प्राथमिक सामग्रीका रूपमा उपन्यासकार रुद्रराज पण्डेका सबै औपन्यासिक कृतिहरू रहेका छन् । भने द्वितीयक सामग्रीका रूपमा उपन्यासकार पाण्डेका बारेमा विभिन्न पुस्तक तथा पत्रिकामा  समालोचनात्मक लेख तथा पुस्तकका साथै उपन्यासको सिद्धान्तका बारेमा विभिन्न पुस्तक तथा पत्रिकामा  छापिएका समालोचनात्मक लेख आदि रहेका छन् । यी दुवै प्राथमिक र द्वितीयक सामग्रीको सङ्कलन पुस्तकालयीय कार्यबाट गरिएको छ ।

#### १.७.२ विश्लेषण ढाँचा

यस शोधकार्यमा उपन्यासकार पाण्डेको उपन्यासकारितालाई ठम्याउनका लागि उनका सबै उपन्यासहरूलाई उपन्यास तत्वका आधारमा विश्लेषण गरिएको छ । यसका लागि यहाँ कथानक, पात्र/चरित्र, परिवेश, उद्देश्य, दृष्टिबिन्दु, भाषाशैलीलाई उपन्यासका तत्व निर्धारण गरिएको छ र तिनै तत्वका आधारमा पाण्डेका उपन्यासहरूको विश्लेषण गरिएको छ । त्यसैले यो शोध विश्लेषणात्मक किसिमको छ ।

### १.८ शोधपत्रको रूपरेखा

प्रस्तावित शोधकार्यलाई व्यवस्थित र सन्तुलित बनाउन निम्नलिखित सात परिच्छेदहरूमा र आवश्यकता अनुसार अन्य उप-शीर्षकमा विभाजन गरिएको छ । यस शोधपत्रको स्वरूप वा सङ्गठन यस प्रकार रहेको छ ।

**पहिलो परिच्छेद** : शोध परिचय

**दोस्रो परिच्छेद** : उपन्यासको सैद्धान्तिक परिचय

**तेस्रो परिच्छेद** : रुद्रराज पाण्डेको सङ्क्षिप्त जीवनी र सिर्जनाको पृष्ठभूमि

**चौथो परिच्छेद** : रुद्रराज पाण्डेको औपन्यासिक यात्रा

**पाँचौं परिच्छेद** : रुद्रराज पाण्डेका उपन्यासहरूको विश्लेषण

**छैटौं परिच्छेद :** रुद्रराज पाण्डेको उपन्यासकारिता र योगदान

**सातौं परिच्छेद :** सारांश र निष्कर्ष

# परिच्छेद - दुई

# उपन्यासको सैद्धान्तिक परिचय

## २.१ विषय परिचय

साहित्यका चार विधाहरूमध्ये आख्यानको उपविधा उपन्यास हो । खास गरी जीवन जगत्को विस्तृत एवम् व्यापक चित्रण गर्ने आख्यानात्मक रचनालाई उपन्यास भनिन्छ । विद्वान्हरूले उपन्यासका आ-आफ्नै परिभाषा दिएका छन् । उपन्यासको आफ्नै संरचना हुन्छ । उपन्यासको निर्माण हुनका लागि केही तत्वको आवश्यकता पर्दछ । आख्यानको उपविधाका रूपमा आएको उपन्यास सङ्क्षिप्त सैद्धान्तिक परिचय यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

## २.२ उपन्यासको व्युत्पत्तिगत अर्थ

'उपन्यास' तत्सम शब्द हो । शाब्दिक व्युत्पत्ति केलाउने हो भने 'उपन्यास' शब्द 'अस्' धातुमा 'उप' र 'नि' उपसर्ग तथा 'घञ्' (अ) प्रत्यय लागेर निर्माण भएको पाइन्छ । उप+नि+अस्+घञ् (अ) मिलेर उपन्यास शब्द बन्दछ ।

यहाँ 'अस्' धातुबाट 'राख्नु' भन्ने अर्थबोध हुन्छ भने 'उपन्यास' शब्दबाट 'नजिक राख्नु' भन्ने अर्थ निष्पन्न हुन्छ । संस्कृतमा 'उपन्यास' शब्दको प्रयोग अर्थको युक्तिपूर्ण प्रस्तुतीकरण, 'प्रतिमुख सन्धिको एउटा भेद', 'स्थापना गर्नु', 'प्रदर्शक वाक्य' आनन्द गराउने वाक्यका अर्थमा गरिएको पाइन्छ भने 'आख्यान'का रूपमा पनि गरिएको पाइन्छ । त्यसो भए तापनि यी कुनै अर्थले अंग्रेजी 'नोभल' ले दिने अर्थ प्रदान गर्न सकेको देखिँदैन । त्यसकारण संस्कृतबाट लिइएको भएर पनि आज नेपालीमा 'उपन्यास' शब्दले आफ्ना पुराना अर्थहरूसँग सम्बन्ध विच्छेद गरेर अङ्ग्रेजी 'नोभल'सँग साइनो गाँसिएको पाइन्छ, (बराल र एटम २०६६ : ३) ।

उपन्याससँग नजिकको साइनो जोड्ने किसिमको रचनाविशेषलाई संस्कृतमा 'आख्यान' वा 'आख्यायिका' का रूपमा व्याख्या र विश्लेषण गरिएको पाइन्छ । त्यस्ता रचनाहरू गद्यात्मक हुन्छन् भने

वैदिक सूक्तहरूमा समेत यिनीहरूको स्वरूप भेटिएकोबाट प्राचीनता पनि स्पष्ट हुन्छ । संस्कृत साहित्यका प्रसिद्ध गद्यलेखक वाणभट्टको आख्यायिका ग्रन्थ **कादम्बरी** उपन्यासका नजिक रहेको कुरा मराठी भाषामा उपन्यास बुझाउने शब्दका रूपमा **कादम्बरी** प्रयोग भएबाट प्रष्ट हुन्छ । त्यसो दण्डीको **दशकुमारचरित** पनि अलङकारपूर्ण गद्यको चामत्कारिक आख्यायिका हो । यस्ता आख्यायिकाहरू संस्कृतमा पाइए पनि यस्ता गद्यात्मक रचनाले आज प्रचलित उपन्यासको स्पष्ट विद्यागत स्वरूप र अस्तित्वलाई आत्मसात् गर्न सकेको भने पाइँदैन ।

वर्तमान युगमा लोकप्रिय तथा जीवनलाई सर्वोत्कृष्ट रूपमा आत्मसत् गर्न सक्ने विधाका रूपमा उपन्यास चर्चित रहेको छ । उपन्यासलाई अङ्ग्रेजी शब्द (नोभल) (Novel) को पर्यायवाचीका रूपमा प्रयोग गरिएकाले सर्वप्रथम 'Novel' को पुर्ख्योली खोज्नु आवश्यक हुन्छ । 'novel' शब्द इटालेली भाषाको नोभेला (Novella) बाट बनेको हो । यसको अर्थ अलिकति नयाँ वस्तु वा (a little thing) हुन्छ । यो novella चाहिँ ग्रिसेली भाषाको ‘नयाँ’ अर्थ दिने 'novus' शब्दबाट बनेको हो । सामान्यतया यथार्थ भए पनि धेरै मात्रामा रमाइला छोटा रूपमा लेखिएका गद्य रचनालाई इटालेली भाषामा novella भनिन्थ्यो भने यसकै प्रभाव फ्रान्सेली भाषामा त्यस्तै प्रकारका रचनामा रहेको छ । ड्यानिअल डिफोको **रविन्सन क्रुसो** आएपछि मात्र विश्वसाहित्यको परिप्रेक्ष्यमा प्रथम उपन्यासको अभ्युदय भयो । साथै यसले अङ्ग्रेजी उपन्यासलाई एउटा नयाँ मोड दियो । त्यस्तै नेपालीमा **वीरचरित्र** रोमान्स र उपन्यासको दोसाँधको कृति हो भने **वीरसिक्का**लाई 'novella' को नजिक रहेको रमाइलो प्रस्तुति मान्न सकिन्छ । अझ भन्दा उपन्यास (Novell) यथार्थ अनुभव गराउने गद्यख्यान हो । जसमा सामाजिक जीवनका आधारमा खडा भएका जटिल चरित्र, विकसित सामाजिक संरचना र दैनिक अनुभवको प्रकटीकरण हुन्छ भने रमाइलोमा सामान्यीकृत चरित्र, जीवनको भद्दा र उडन्ते रूपको प्रस्तुति हुन्छ । त्यसैले गर्दा समग्र जीवन जगत्को व्याख्या विश्लेषण चर्चा परिचर्चा गर्ने एउटा साहित्यक विधालाई पाश्चात्य साहित्यमा उपन्यासका रूपमा लिएका छन् ।

### २.३ उपन्यासको परिभाषा

साहित्यमा उपन्यासको लेखन तथा प्रकाशन हुन लागेदेखि नै यसको व्याख्या विश्लेषण तथा समालोचना पनि हुन थाल्यो । यसैमा निहित विशेषताहरूलाई आधार बनाएर परिचय तथा परिभाषा गर्ने प्रक्रियाको विकास भएको छ । विद्वान्हरूले आफूभन्दा अगाडिका र आफ्ना समयावधिमा प्रकाशित

उपन्यासलाई आधार मानी यस विधालाई चिनाउने महफ्वपूर्ण प्रयासहरूगरेका छन् । यसै क्रममा उपन्यासलाई परिभाषित गर्ने पाश्चात्य, पूर्वीय र नेपाली विद्वान्हरूका मतहरूलाई यस प्रकार प्रस्तुत गरिन्छ ।

एम.एच. अब्राहमका अनुसार विस्तारित गद्याख्यानको साझा विशेषता भएका सबैखाले कृतिहरूलाई उपन्यास भनिन्छ । (बराल र एटम, २०६६:६) ।

इन्द्रबहादुर राईले **उपन्यासका आधारहरू** भन्ने समालोचनात्मक कृतिमा उपन्यासको परिभाषा यसरी दिएका छन् - "उपन्यास यथार्थमा भावनाको भाषामा जीवनको उद्गार हो । साँचो उपन्यास जीवनको छाँया नै हुन्छ । औ साँचो उपन्यास नै जीवनको मार्गदर्शक बन्दछ" (२०५२:४०) ।

भरतमुनिले युक्तिपूर्ण ढङ्गले आफ्नो अभिप्रायलाई प्रस्तुत गर्नु उपन्यास हो भनेका छन् (भट्टराई, २०३९:३३६) ।

राल्फ फक्सले उपन्यास कोरा कथात्मक गद्य लेखन होइन, यो त मानवजातिको गद्य हो । उपन्यास कला नै पहिलो कला हो । जसले मानवको सम्पूर्ण जीवन अभिव्यक्त गर्ने प्रयास गर्छ भनेका छन् : (घर्ती, २०६७:६७) ।

हिन्दी साहित्यका विद्वान् डा.गोपाल रायले उपन्यासको कल्पनाका आधारमा एउटा संसार खडा गरिदिन्छ । कहिलेकाहीँ त यसमा यति सवल भ्रम प्राप्त हुन्छ । हामी त्यस भित्रै हराएर सन्तोष प्राप्त गर्न पुग्दछौँ भनेका छन्, (राय, १९७३:३) ।

उपन्यास जीवन र जगत्प्रति नै एक विहंगम दृष्टि हो, जसलाई बुझ्ने, केलाउने र चित्रण गर्ने प्रयत्न अत्यन्त यर्थाथिक हुन्छ, (प्रधान, २०६१)

वासुदेव त्रिपाठी "कुनै शाश्वत मानवीय मर्मको अविस्मरणीय कलात्मकताले नै उपन्यासलाई महान बनाउँछ," (विचरण, २०२८) ।

राजेन्द्र सुवेदीले "पूर्वापर तारतम्यमा सुसम्बद्ध गरेर लेखिएको आख्यानात्मक रचनालाई उपन्यास भनेका छन्, (२०६४:१०) ।

कृष्णहरि बराल र नेत्र एटमले मानव र मानव समाजसँग सम्बन्धित विविध सत्यलाई कलात्मक रूपमा अभिव्यक्त गर्ने आवश्यक लम्बाई भएको गद्य आख्यानलाई उपन्यास भनेका छन् (बराल र एटम्, २०६६:७) ।

यस प्रकार उपन्यासका संरचक तफ्वहरू तथा कला पक्ष र मूल्यनिर्माणका विविध रूप प्राप्त गर्न विभिन्न विद्वान्हरूले दिएका यी माथिका परिभाषा एवम् टिप्पणीहरू सहायक त हुन्छन् तर यी परिभाषाले दिएका सङ्केतहरू भने आधुनिक उपन्यासका सन्दर्भमा सधैं उपयुक्त नै हुन्छन् भन्न भने सकिँदैन । सधैं परम्परागत बाटामा मात्र नहिँडी उपन्यासले यी परिभाषाका बुँदा भन्दा फरक बुँदालाई लिएर अघि बढ्ने कार्य पनि गरिरहेको छ । अहिले उपन्यासलेखन पद्धतिलाई हेर्दा पुराना स्थापित प्रवृत्तिलाई छाडेका छन् र नयाँ प्रवृत्तिलाई लिएर उपन्यासको रचना भएको पाइएको छ । जे भए पनि आज उपलब्ध भएका साहित्यक विधा मध्ये उपन्यासले नै यथार्थ र विस्तृत तरिकाले जीवनको व्याख्या, अन्वेषण, चर्चा, विश्लेषण गर्ने गरेको छ । यस्तै लियो टाल्सटोयको **युद्ध र शान्ति**, मदनमणि दीक्षितको **माधवी** आदि उपन्यासले ऐतिहासिक सङ्घर्ष, मानवीय जिजीविषा र अस्तित्वको प्रदर्शक गरेको पाइन्छ ।

उपन्यासको परिभाषा गर्दा प्राचीनदेखि अहिलेसम्मको औपन्यासिक विकासलाई सन्दर्भ बनाई हेर्नु राम्रो हुन्छ । यसरी यी परिभाषालाई आधार बनाई उपन्यासको परिभाषा यसरी गर्न सकिन्छ ।

ब्राह्माण्डमा पाइने सम्पूर्ण प्राणीजन्य जीवका जीवनमा घटेका घटनाको सेरोफेरोमा रहेर जीवन जगत्को विस्तृत र व्यापक रूपमा व्याख्या, विश्लेषण एवम् अन्वेषण गरी रचिएको आख्यानात्मक रचना नै उपन्यास हो ।

## २.४ उपन्यासको स्वरूप

उपन्यास आफ्नो संरचनामा निर्माण भएको हुन्छ । जीवन र जगत्का महफ्वपूर्ण पक्षलाई अँगालेको हुन्छ । उपन्यास एकछिनको रमाइलो अवस्थामा मात्र होइन, घटना र जीवनका सूक्ष्म तफ्वहरूको मिलानमा नै उपन्यासको स्वरूप अडेको पाइन्छ । स्रष्टाका अनुभूतिको निरन्तर स्रोतको

प्रस्तुतीकरणका अनेकौं सम्भावनाहरू हुन्छन् । जसले उपन्यासको स्वरूप किटान गर्छन् (बराल र एटम २०६६:८) । यसका केही पक्षहरूको जानकारी तल दिइएको छ ।

### २.४.१ उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति

यद्यपि उपन्यास आफ्नै संसारमा रमेको देखिए पनि यसको सम्बन्ध सत्य वा वास्तविक घटना वा चरित्रसँग गम्भीर रूपमा रहेको पाइन्छ । तथ्यले सत्य वा यथार्थलाई सङ्केत गर्दछ तर सत्य र तथ्य फरक पनि छ । तथ्य एउटै हुन्छ । सत्य चाहिँ दृष्टिअनुसार फरक हुन्छ । तथ्य प्रमाणमा र सत्य विश्वासमा अडेको हुन्छ । तथ्यलाई (fact) र सत्यलाई (truth) भनिन्छ । इतिहासले घटिसकेका घटनालाई क्रमबद्ध रूपमा प्रस्तुत गर्दछ । उपन्यासमा सत्य, तथ्य र इतिहासको प्रस्तुति कल्पनामा मिसिएर आउँछ ।

### २.४.२ जीवनको प्रक्षेपण

मानिसले आफ्नो जीवनलाई पूर्ण रूपमा वा अनुभव गर्न सक्दैन । उसले आफ्ना जीवनका सार्वजनिक पाटाहरूमा समेत दृष्टि दिन सकेको पाइँदैन । यसरी उसले जीवनमा भोग्न र अनुभव गर्न नसकेका जीवनका पक्षहरू पनि उपन्यासका क्षेत्रमा प्रक्षेपण गरिएका हुन्छन् । उपन्यासमा जीवनको प्रक्षेपणलाई बुझ्नका लागि प्रकाश, प्रिज्म र रङहरूको सन्दर्भ मार्फत देखाउने काम गरिएको छ (बराल र एटम, २०६६:९) ।

### २.४.३ समाजको प्रस्तुतीकरण

उपन्यास एउटा बृहत् साहित्यक गद्य विधा हो । यसले समाजमा घटेका यथार्थलाई टिपेर तिनको सूक्ष्म निरीक्षण र विश्लेषण गर्दछ । यसमा एकातिर मानवका प्रवल वैयक्तिक इच्छा आकाङ्क्षाहरू हुन्छन् भने अर्को तर्फ राम्रा-नराम्रा सामाजिक रीतिरिवाजका चुडाई नसकिने बन्धन पनि रहेकै हुन्छ । यस्ता बन्धनहरूलाई मान्छेले स्वेच्छापूर्वक वा जर्बजस्ती स्वीकार्नु पर्ने हुन्छ । संसारमा समाज र व्यक्तिबीच जे जस्ता घटना घटित हुन्छन् ती सबै अथवा तिनै मध्ये केही प्रस्तुत गरिने भएकाले उपन्यासलाई समाजको ऐना पनि भनिन्छ ।

### २.४.४ साहित्यिक विधा

विषयवस्तुको भावपूर्ण तथा घतलाग्दो प्रस्तुति साहित्यका लागि आवश्यक मानिन्छ भने भाषाको आलङ्कारिक तथा प्रतीकात्मक प्रयोग पनि यसका लागि महफ्वपूर्ण हुन्छ ।

पूर्वीय काव्यशास्त्रमा भावका बारेमा प्रशस्त चर्चा गरिएको पाइन्छ । भरतले आफ्नो **नाट्यशास्त्र**को सातौं अध्यायमा 'जो हुन्छ त्यो भाव हो अथवा जसले भावित गर्छ त्यो भाव हो भन्दै वर्णात्मक, वाचिक सन्निवेश, गीतादि, अङ्गहस्त, पाद, मुख, नेत्रादिको अभिनय, सत्व चित्तको एकाग्रताबाट हुने सात्विक अभिनयले युक्त काव्यको रसात्मक अर्थको आस्वादन गराउने चित्तवृत्तिविशेष नै भाव हुन् भनेका छन् (भट्टराई (अनु. २०३९ ९९-१००) । यस्तै विश्वनाथले पनि चर्चा गरेका छन् । एरिस्टोटलले आफ्नो **काव्याशास्त्र**मा दुःखान्तका तफ्वहरूको वर्णन गर्दा **भाषणशास्त्र** विचार प्रसङ्गमा मनोवेगको उल्लेख गर्दै बताएका छन् ।

### २.४.५ आख्यान विद्या

आख्यानको अर्थ 'बनाइएको कथा' भन्ने हुन्छ । व्यापक अर्थमा भन्दा यसले कल्पना प्रयोग गरी लेखिने सबै विधालाई बुझाउँछ तर विशिष्ट अर्थमा चाहिँ यसले आख्यान प्रयुक्त कविता र नाटकलाई बुझाउँदैन । आख्यानात्मक विधामा कथाको श्रृङ्खला अर्थात् किस्साहरूको प्रयोग हुन्छ । आख्यानका लागि कुनै कथन र त्यस कथनलाई वाचन गर्ने मान्छेको वा कथयिताको उपस्थिति अनिवार्य ठानिन्छ । एफ.के. स्टेनजल (१९४८:४) । पात्र, स्थान, घटना अवस्था संयोजन गरिएको रचना नै आख्यान हो ।

### २.४.६ उपन्यास गद्य विधा

साहित्यको रचना दुई-दुई प्रकारले गरिन्छ, जुन गद्य र पद्य हो । यस अन्तर्गत साहित्यक पद्य विधामा कविता (फुटकर, खण्डकाव्य, महाकाव्य) र गद्य विधामा निबन्ध, उपन्यास, कथा आदि लेखिन्छ । त्यसकारण छन्द वा लयको औपचारिक बन्धन नभएको भाषाको रूपलाई गद्य भनिन्छ । गद्यको भाषा स्वाभाविक, सरल, लयमुक्त, खुकुलो, तार्किक, सार्वजनिक हुन्छ । उपन्यास यथार्थसँग प्रत्यक्ष रूपमा सम्बन्ध राख्ने साहित्यक विधा हो ।

साहित्यका सबै विधा भन्दा उपन्यासले मानवीय सत्यलाई कलात्मक रूपमा पाठक सामु प्रस्तुत गर्ने सामर्थ्य राख्छ । उपन्यासले जीवनका विविध पक्षसँग सम्बन्धित विषयवस्तुलाई प्रस्तुत गर्ने भएकाले यसको भाषा सरल र स्वाभाविक तथा यथार्थसम्मत हुनु अनिवार्य ठानिन्छ । मानिसले आफ्ना विचारको आदान प्रदान गर्ने काम गद्यमा गर्ने भएकोले उपन्यासको रचना पनि गद्यमा नै गरेको पाइन्छ । उपन्यास लेखनको यो एउटा महफ्वपूर्ण विधा हो ।

## २.५ उपन्यासका तफ्वहरू

उपन्यास आफ्नै संरचना मार्फत निर्माण भएको हुन्छ । उपन्यासले आफ्नो संरचना पूरा गर्नका लागि जुन कुराको आवश्यकता पर्दछ ती नै उपन्यासका तफ्व हुन् । जसको समुचित प्रयोग र अन्तर्मिश्रणमा नै उपन्यासले स्पष्ट स्वरूप प्राप्त गर्दछ । आधुनिक समालोचनामा तफ्व नभनेर यिनलाई उपकरणका रूपमा व्याख्या तथा विश्लेषण गरिएको पाइन्छ । उपन्यासको तफ्वका रूपमा पहिलेदेखि कथानक चरित्र, संवाद, देशकाल र वातावरण, भाषाशैली र उद्देश्यलाई लिए पनि हिजोआज नयाँ पद्धतिको पनि प्रयोग गरिएको पाइन्छ । जे भए पनि विद्वान्हरूबीच मत-मतान्तरण रहे पनि उपन्यासका मूल तफ्व कथानक, पात्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु र भाषाशैली ठहर्दछन् । यहाँ तफ्वहरूको सङ्क्षिप्त रूपमा चर्चा गरिएको छ ।

### २.५.१ कथानक

आख्यानात्मक रचनामा हुने घटना, घटनावली वा त्यसको श्रृङ्खलालाई कथानक भनिन्छ । कथानक उपन्यासको एक प्रमुख तफ्व हो । कथानक भनेको उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । कथानक उपन्यासको महफ्वपूर्ण अङ्ग हो । सबै उपन्यासमा कथानकको अपरिहार्यता देखिन्छ । कथानक उपन्यासमा घट्ने घटनाहरूको योजनाबद्ध ढाँचा हो । “यसमा आउने घटनाहरू कार्यकारण (cause and effect) सम्बन्धद्वारा कसिएका र व्यवस्थित गरिएका हुन्छन्” । यस अवस्थामा घटनाहरू वा क्रियात्मक समूह (action) श्रृङ्खलायुक्त भई प्रामाणिक सन्तुष्टि दिन सक्ने भएमा त्यो कार्यकारण सम्बन्धमा नियोजित मानिन्छ (बराल र एटम २०६६:२०) । कथानकमा चरित्र, विचार, बुद्धि कल्पनाजस्ता कुरा राखिएको हुन्छन् । उपन्यासको मूल ढाँचा कथानकले नै निर्माण गर्ने प्रमुख तफ्व हो । उपन्यासको निर्माण गर्ने मुख्य आधार कथा हो र कथा भन्नासाथ समयको रखाइमा (श्रृङ्खलामा)

व्यवस्थित गरिएका घटनाहरूको कथन भन्ने बुझिन्छ । कथानक चाहिँ कारणसमेत भएको घटनाक्रमको वर्णन हो । कथानक भनेको कथा भन्दा ठूलो संरचना हो कसरी भन्दा थुप्रै कथाहरूको मिलानबाट यो निर्माण भएको हुन्छ ।

यस्तै कथानकमा स्रोत, आवश्यक उपकरणहरू: द्वन्द्व र क्रिया, आङ्गिक विकास, ढाँचा, प्रकार पर्दछन् । उपन्यासमा कथानकको महफ्वपूर्ण आवश्यकता पर्दछ । उपन्यासमा बढी मात्रामा कथानककै अपेक्षा रहेको हुन्छ । कथानक हुनलाई घटनावस्तु र क्रियाकलापको आवश्यकता पर्दछ, अनि परिवेश, पात्रको विन्यास हुनुपर्छ (सुवेदी, २०६४:१८) ।

उपन्यासमा आवश्यक पर्ने सम्पूर्ण परिस्थितिको उचित संयोजन भएन भने कथाहीनताको अवस्था हुन सक्छ । यस्तो अवस्थामा उपन्यासबाट कुनै खास अर्थ र उद्देश्य बुझ्न गाह्रो हुन्छ । कथानकलाई अगाडि बढाउनका लागि उपन्यासका तफ्वहरू श्रृङ्खलाबद्ध रूपमा रहनु पर्दछ । कथानकले उपन्यासको अस्तिफ्व राख्ने काम गर्दछ ।

### २.५.२ पात्र/चरित्र

उपन्यासभित्र कुनै विशेषता बुझाउन व्यवस्थित रूपले प्रयोग गरिने मानव वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । उपन्यासको एक महफ्वपूर्ण तफ्व पात्र हो । उपन्यासमा भएको घटनाक्रमलाई हिँडाउने काम पात्रको हुनाले यसमा पात्र/चरित्रको महफ्वपूर्ण भूमिका रहेको हुन्छ । “मानव जीवनको व्यापक भाष्य उतार्न तफ्व नै पात्र/चरित्र हो” (सुवेदी, २०६४:२३) ।

उपन्यासलाई सजीव बनाएर कथानकलाई गति दिने महफ्वपूर्ण जिम्मेवारी पात्रको हुन्छ । पात्र उपर नै स्रष्टा सबैभन्दा बढी निर्भर रहेको हुन्छ । उपन्यासमा प्रयोग गरिने पात्रहरू जीवनका प्रत्येक सन्दर्भबाट लिइने हुँदा तिनमा पनि विभिन्नताको आरोपण गरिएको पाइन्छ । कथानक र वातावरणको फरकपनले गर्दा पात्रका गुणहरू बदल्ने गर्दछ । उपन्यासको प्राणका रूपमा पनि पात्र नै मानिन्छ । त्यसैले उपन्यासमा प्राण भर्ने काम पनि चरित्रले नै गर्दछ (बराल र एटम २०६६:३१) । उपन्यासमा चरित्रहरू कथानकसँग सम्बन्ध भएर आउने भएकाले यिनको ठूलो महफ्व देखिन्छ । पात्र/चरित्रकै माध्यमबाट मानव सभ्यता र समाज, संस्कृति तत्कालीन राजनैतिक अवस्थाको चित्रण गर्ने काम गरिन्छ । उपन्यासमा प्रयोग गरिने पात्र/चरित्रका केही प्रकारहरू निम्न प्रकार छन् : (शर्मा २०५९) ।

१. गतिशील र गतिहीन,

२. यथार्थ र आदर्श,

३. अन्तर्मुखी र बहिर्मुखी,

४. गोला र च्याप्टा

५. सार्वभौम र आञ्चलिक

६. पारम्परिक र मौलिक

पात्र/चरित्र चित्रणलाई अन्य आधारबाट पनि निर्धारण गर्न सकिन्छ ।

१. लिङ्गका आधारमा

२. स्वभावका आधारमा

३. जीवन चेतनाका आधारमा

४. आसन्नताका आधारमा

५. आबद्धताका आधारमा

उपन्यासमा पात्रको महफ्वपूर्ण भूमिका रहेको हुन्छ । पात्रलाई चरित्र पनि भन्ने गरिन्छ । उपन्यासमा पात्रका माध्यमबाट घटनालाई अगाडि बढाउँदै जीवन्तता दिने काम भएको पाइन्छ । यी माथि प्रस्तुत गरिएका बाहेक अन्य आधारमा पनि उपन्यासलाई वर्गीकरण गर्न सकिन्छ ।

**२.५.३ परिवेश**

कुनै पनि व्यक्ति, वस्तु र विषयका वरिपरिको पर्यावरणलाई परिवेश भनिन्छ । उपन्यासमा पात्रहरूको कार्यकलाप हुने वा घटनाहरू घट्ने स्थान, समय र त्यसको मानसिक प्रभावलाई पर्यावरण

वा परिवेश भनिन्छ । पर्यावरण एउटा परिस्थिति पनि हो जसले पाठकलाई बाँध्ने काम गर्दछ यसमा देश काल पर्दछन् ।

उपन्यासमा देशकाल भन्नाले कुनै देशको सन्दर्भमा मिल्ने कुनै निश्चित समयवृत्तको जीवनगाथा प्रकट गरिएको हुन्छ । यसलाई उपन्यासको सिर्जना मानिन्छ, किनभने देशकालले उपन्यासका घटना चरित्रलाई उपयुक्त किसिमको पृष्ठभूमि प्रदान गर्दछ । देशकालको खास अर्थ कार्य व्यापार, त्यसको स्थान र समय हो ।

उपन्यासमा हुने कार्यव्यापारले पाठकमा छोड्ने प्रभावलाई वातावरण भनिन्छ । उपन्यासमा कथानक अगाडि बढ्दै जाँदा पाठकमा उत्पन्न हुने दुःखसुख, घृणा, क्रोध आदि भावनाको उद्बोध र तिनको परितृप्ति नै वातावरण हो । यसको निर्माण देशकालमा घट्ने घटना-दृश्य वा चरित्रहरूको कार्यबाट हुन्छ । वातावरण देशकाल भन्दा सूक्ष्म हुने हुँदा यसको सोझो सम्बन्ध पात्रहरूको भावनाको क्रियाकलापसँग रहन्छ । वातावरणलाई भाव पनि भनिन्छ । यसका साथै आञ्चलिक र स्थानीय रङ्ग लिएर पनि उपन्यास निर्माण भएका पाइन्छन् ।

### २.५.४ उद्देश्य


उपन्यासमा उद्देश्यलाई पनि एक औपन्यासिक तत्वका रूपमा स्वीकारिएको छ । उपन्यासकारले उपन्यासको रचना गर्दा उसले जे जति दृष्टिकोणको प्रयोग गरी उपन्यास लेखेको हुन्छ, त्यो नै उपन्यासको उद्देश्य हो । उपन्यास लेख्नका लागि कुनै पनि उद्देश्यलाई आत्मसात गरेर मात्र उपन्यास लेखिन्छ, विना उद्देश्य उपन्यास लेखिँदैन त्यसकारण यसमा रहेको केन्द्रीय भाव वा आधारभूत विचारलाई नै उद्देश्यका रूपमा स्वीकार्य गर्नुपर्छ । उपन्यासले पाठक वर्गमा कुनै पनि प्रकारको सन्देश दिनु पर्दछ । पाठकलाई शिक्षा वा सन्देश दिनु, धार्मिक सन्देश दिनु, मनोरञ्जन दिनु, पुण्य कमाउनु, आर्थिक लाभ गर्नु यसको उद्देश्य हो । समाजलाई चेतनाशील बनाई परिवर्तनको बाटो लगाउनु उपन्यासको प्रमुख उद्देश्य हो । समाजलाई चेतनशील, परिवर्तनशील बनाउँदै सामाजिक समस्या विकृति र विसङ्गतिको यथार्थ चिरफार गर्नु, सामाजिक, आर्थिक, राजनैतिक सांस्कृतिक पक्षको सुधार गर्ने र ऐतिहासिक घटनाका बारेमा प्रकाश पार्नु उपन्यासकारको उद्देश्य हुनुपर्दछ । विषयलाई गहनता र विस्तृति दिएर कुनै सामाजिक समस्या वा सैद्धान्तिक सत्यको प्रतिपादन वा जीवन दर्शनकै रूपमा

मूल्याङ्कित गर्ने काम उद्देश्यले गर्दछ” (प्रधान, २०६१:११) । उपन्यासकारले यथा तथ्य वर्णन मात्र नभई जीवनप्रति कुनै विशिष्ट दृष्टिकोणलाई नै प्रकट गरिरहेका हुन्छन् ।

### २.५.५ दृष्टिविन्दु

दृष्टिविन्दु पनि उपन्यासका तफ्वहरूमध्येको एक हो । उपन्यासमा उपन्यासकार स्वयम् वा पात्रका माध्यमबाट हिँड्नलाई निर्माण गरिएको बाटो नै दृष्टिविन्दु हो । “उपन्यासमा कथयिताले कथा कथावाचनका लागि उभिन वा बस्नलाई रोजेको ठाउँ नै दृष्टिविन्दु हो, (बराल र एटम २०६६:३५) । यसैका माध्यमबाट कथयिताले कसरी घटना एवम् चरित्रहरूको वर्णन तथा उपस्थापन गर्छ भन्ने कुराको निर्धारण हुन्छ । कथा कसले र कसरी भनिएको छ भन्ने कुरा अवगत हुन्छ । कहीँ कथयिताले आफू नै औपन्यासिक कथानकमा पसेर बोल्ने अनुमति पाएको हुन्छ भने कतै सानो ढोकाबाट देखिएका कुराहरू र कतै पूर्णतः ओकल्ने छुट पाएको हुन्छ ।

यसै आधारमा दृष्टिविन्दु आन्तरिक वा प्रथम वा बाह्य वा तृतीय पुरुष गरी दुई प्रकारका हुन्छ । तर बराल र एटमले तीन प्रकारका दृष्टिविन्दुको चर्चा गरेका छन् । आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु अन्तर्गत केन्द्रीय र परिधीय दृष्टिविन्दु पर्दछन् भने बाह्य वा तृतीय पुरुष अन्तर्गत सर्वदर्शी, सीमित र वस्तुपरक पर्दछन् । यसलाई आरेखमा यसरी देखाइन्छ (२०६६:३५) ।




(१) आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु : यो दृष्टिविन्दुमा कथयिताले घटना र पात्रको वर्णन आफूलाई पनि उपन्यासभित्र उपस्थित गराएको हुन्छ । यसमा भनिएका कुराहरू आत्मकथा जस्तै गरी आएका

हुन्छन् । कथयिताले चाहेका जुनसुकै कुरा 'म' का रूपमा व्यक्त गर्दछ । यसमा कथयिता नै उपन्यासको प्रमुख पात्र हुन्छ र उसले आफ्ना कुराहरू निजी तवरले भनिरहेको हुन्छ । यस अन्तर्गत केन्द्रीय र परिधीय भनी कार्यका आधारमा छुट्याउन सकिन्छ ।

(२) बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु : यो दृष्टिविन्दु भएको उपन्यासमा कथयिता नै सम्पूर्ण कुराको ज्ञाता हुन्छ र उसले घटनास्थलभन्दा बाहिर रहेर अरुका बारेमा पनि टिप्पणी गर्दछ । कथयिताको अधिकारका आधारमा यसलाई सर्वज्ञ र सीमित गरी दुई भागमा विभाजन गर्न सकिन्छ । कथयिताले आफ्ना पात्र र घटनाका कुराहरू सर्वज्ञझैँ भई वर्णन एवम् टिप्पणी गर्दै सबै कुरा आफ्नै नियन्त्रणमा लिएको छ भने त्यसलाई सर्वज्ञ भनिन्छ । त्यस्तै सीमित दृष्टिविन्दु भएको उपन्यासको कथयिताले कथा वाचन गर्दा आफूलाई कुनै पात्र वा वर्गको अनुभव वा विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा वा वर्गको अनुभव वा विचारमा लुप्त गराउँछ र सीमित पक्षबाट मात्र कुनै कुराको चर्चा गर्दछ । बाह्य दृष्टिविन्दु अन्तर्गत सर्वदर्शी, सीमित, वस्तुपरक रहेका छन् ।

### २.५.६ भाषाशैली

'भाषा' र 'शैली' दुई शब्दको समस्त रूप नै भाषाशैली हो । भाषाशैली पनि उपन्यासको तफ्व हो । उपन्यासमा सामान्य र बौद्धिक भाषाभन्दा आलङ्कारिक, कलात्मक र कोमल भाषाको प्रयोग हुन्छ । उपन्यास भाषाद्वारा मूर्त रूपमा प्रकट हुने साहित्यिक कला हो र यो भाषाकै रूपमा शक्तिशाली बन्दछ । उपन्यास गद्यात्मक शैलीमा लेखिन्छ । भाषाशैली पनि उपन्यासको महफ्वपूर्ण बाह्य तफ्व हो । उपन्यासको भाषा, पात्र र कथानक अनुसार यसको प्रयोग गरिएको हुन्छ । पात्र अनुसारको भाषाको प्रयोग गरिन्छ । भाषा भाव अभिव्यक्तिको प्रमुख माध्यम हो । "उपन्यासमा कथ्य र लेख्य दुवै भाषाको प्रयोग आवश्यकता अनुरूप हुने गर्दछ । अन्य साहित्यक विधाभन्दा जीवनको विस्तृत आयामलाई समेट्ने हुँदा यसमा भाषाको सम्पूर्ण शक्तिको प्रयोग गरिन्छ" (बराल र एटम २०६६:३९) ।

साहित्यिक भाषामा सामान्य नियमहरूको अतिक्रमण गरी विशिष्टताको निर्माण गरिन्छ । उपन्यासमा भाषाको प्रयोग दुई प्रकारले भएको हुँदा उपन्यासकार स्वयम्ले प्रयोग गरेको भाषा पहिलो किसिमको भाषा हो भने, दोस्रो प्रकारको भाषा उपन्यासका पात्रहरूको संमवादका माध्यमबाट गरिन्छ ।

उपन्यास विभिन्न तफ्वहरूको समावेशद्वारा निर्माण हुन्छ । उपन्यासमा सामान्यतया सौन्दर्यका साथै मूर्तता दिने काममा भाषा शैलीको महफ्वपूर्ण रहेको हुन्छ ।

## २.६ निष्कर्ष

साहित्यका चार विधामध्ये आख्यान विधाको उपविधा उपन्यास हो । उपन्यास जीवन र जगत्का विविध पक्षलाई नजिकबाट नियाल्ने गद्य आख्यात्मक विधा हो । उपन्यास जीवन जगतको बृहत् पक्षको अध्ययन गर्ने गद्यात्मक विधा हो । संस्कृत साहित्यका भरतमुनि, अङ्ग्रेजी साहित्यक ड्यनिअल डिफो, रिचर्डसन, इ. एम. फोस्टर, राल्फ फक्स, हिन्दी साहित्यका डा. गोपाल राय, नेपाली वाङ्मयका कृष्णचन्द्र सिंह प्रधान, राजेन्द्र सुवेदी, इन्द्रबहादुर राई, कृष्णहरि बराल र नेत्र एटम जस्ता साहित्यका विद्वान्हरूको महफ्वपूर्ण योगदान रहेको छ । उपन्यास आफ्नै संरचनामा निर्माण भएको पाइन्छ । उपन्यासको घटनाक्रमलाई अगाडि बढाउनका लागि पात्रको अति महफ्वपूर्ण भूमिका रहेको हुन्छ ।

# परिच्छेद - तेस्रो

# रुद्रराज पाण्डेको सङ्क्षिप्त जीवनी र सिर्जनाको पृष्ठभूमि

## ३.१ विषय परिचय

रुद्रराज पाण्डे (१९५७-२०४४) नेपाली उपन्यास परम्पराका आधुनिक कालका प्रारम्भकर्ता मानिन्छन् । उनी काठमाडौंमा जन्मेका थिए । अक्षर चिन्ने काम, उनले चार वर्षकै उमेरमा आफ्नै घरमा गरिसकेका थिए । रुद्रराज पाण्डेय सानै उमेरदेखि तीखो बुद्धि भएका व्यक्ति थिए । हुने विरुवाको चिल्लो पात भने झैं पाण्डेका राम्रो गुण सानै उमेरदेखि नै देखिँदै आएको थियो । अध्ययनको प्रेरणाका प्रथम स्रोतका रूपमा उनले भानुभक्तीय रामायणलाई स्वीकारेका छन् ।  पाण्डे उच्च शिक्षाको लागि इलाहाबाद गएका थिए । पाण्डेले तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरबाट छात्रवृत्ति प्राप्त गरी इलाहावाद विश्वविद्यालयबाट आई.ए. र बी.ए. पास गर्न सफल भए अनि त्यही इलाहावाद विश्वविद्यालयबाट इतिहास विषयमा एम.ए. पास पनि गरे । यतिबेला साहित्यिक संघ संस्थामा भाग लिने अग्रसर हुँदै काम गर्न पछि परेनन् । इलाहावादमा अध्ययन गर्न बस्दा हिन्दी साहित्यमा मूर्धन्य साहित्यकार प्रेमचन्द्र, सुमित्रानन्द पन्त र परशुराम चतुर्वेदी आदिसँग उनको चिनजान भएको पाइन्छ । पाण्डेले १५ वर्षको उमेरदेखि नै साहित्य लेखनमा प्रवेश गरेका छन् । 'सन्ध्या' र 'जागृति' दुई कविता ( वि.सं. १९७२) बाट उनको लेखनको सुरुआत भएको हो । साहित्यका विविध विधामा कलम चलाएका पाण्डेको विशेष योगदान उपन्यासमा नै रहेको छ । त्यसैले यस परिच्छेदमा पनि पाण्डेको उपन्यास सिर्जनाको पृष्ठभूमि केलाउने प्रयास गरिएको छ ।

## ३.२ जन्म र जन्म स्थान

रुद्रराज पाण्डेको जन्म वि.सं. १९५७ चैत्र कृष्ण चौथी तिथिका दिन काठमाडौंको प्युँखा टोलमा भएको हो । पिता पदमराज पाण्डे र माता टीकालक्ष्मीदेवीका छ भाइ छोराहरूमध्ये रुद्रराज पाण्डे जेठा हुन् । पाण्डेको पुख्यौली ठाउँ नेपालको पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत पाल्पा जिल्लाको सदरमुकाम तानसेन नजिकैको धरमपानी रहे तापनि आफ्ना पिताकै समयमा काठमाडौँमा बसोबास गर्न थालेका हुन्, (गिरी २०२६:१) । पाण्डेको जन्म निम्न मध्यम परिवारमा भएको थियो ।

### ३.३ शिक्षादीक्षा, विवाह तथा सन्तान

रुद्रराज पाण्डे सानै उमेरदेखि तीखो बुद्धि भएका व्यक्ति थिए । अक्षर चिन्ने काम पाण्डेले चार वर्षकै उमेरमा आफ्नै घरमा गरेका थिए । पाँच वर्षकै उमेरमा भानुभक्तीय रामायणको सर्सर्ती अध्ययन गर्न सकेको कुराबाट यो स्पष्ट थाहा हुन्छ । उक्त कुराको पुष्टि उहाँको भनाइबाट हुन्छ,-"मैले पाँच वर्षको उमेरमा भानुभक्तको रामायणबाट वाचक चलाएको हुँ, (कुँवर २०२७ : १८७) । कुराबाट पाण्डे सानै उमेर देखि नै शिक्षाप्रति लगनशील रहेको कुरा थाहा पाइन्छ ।

'हुने बिरुवाको चिल्लो पात' भने झैं पाण्डेमा यी गुण विद्यमान थिए । प्रारम्भिक शिक्षा घरमै थालेका पाण्डे भानुभक्तीय रामायणलाई अध्ययन प्रेरणाको प्रथम स्रोतका रुपमा स्वीकारेका हुन् । पाण्डेको बाल्यकाल घरमा आमाबाबुको निर्देशनमा बितेको पाइन्छ । तत्कालीन समयमा ब्राम्हण परिवारमा संस्कृतकै अध्ययन गर्ने प्रचलन रहेको हुँदा सुरुमा उनले घरमै अध्ययन गरेका थिए । पछि रानीपोखरी संस्कृत पाठशालामा भर्ना भई हितोपदेश, लघु कौमुदी, चण्डी आदिको अध्ययन पनि एघार वर्षको उमेरमा गरिसकेका थिए । पाण्डेको विवाह बाह्र वर्षको उमेरमा चेतकुमारीसित भएको हो । दरबार स्कुलमा अध्ययन गर्दाको समयमा बालकृष्ण समसँगको साथ पाएपछि त्यसै समयदेखि कविता लेखन सुरुआत भएको हो । पन्ध्र वर्षको उमेमा नै पाण्डेका दुई कविताहरू 'सन्ध्या' र 'जागृति' बनारसबाट छापि पत्रिकामा प्रकाशित भएका थिए (उत्तम कुँवर २०२७ : १८७) । सन् १९१९ मा पाण्डेले हिन्दी विषय लिएर प्रथम श्रेणीमा कलकत्ताबाट म्याट्रिक पास गरे । उच्च शिक्षा हासिल गर्ने ठूलो अभिलाषा हुँदा बडा गुरुज्यूमार्फत तत्कालीन प्रधानमन्त्री चन्द्र शमशेरबाट छात्रवृत्ति प्राप्त भई पाण्डे इलाहावाद गएका थिए । उनी त्यहाँबाट आइ.ए. र बी.ए. पास गर्न सफल अनि त्यही इलाहावाद विश्वविद्यालयबाट इतिहास विषयमा सन् १९२५ मा एम.ए. गरे । विद्यार्थी जीवनमा उनी विभिन्न संघ संस्थामा भाग लिन अग्रसर भए । इलाहावादमा रहेकै समयमा हिन्दी साहित्यका मूर्धन्य साहित्यकारहरूसँग भेटघाट भएको थियो । उक्त भेटघाटले पाण्डेको सिर्जनशील प्रतिभालाई झन् तिखारेको पाइन्छ ।

आफ्ना शिक्षित पिताको कुशल रेखदेखमा रुद्रराज पाण्डेको बालेकाल बितेको हो । पाण्डेको परिवारको आर्थिक अवस्था कमजोर भएकाले तत्कालीन राणा सरकारले मासिक भा.रु. ६०/- सहयोग प्रदान गरेको थियो । अध्ययनका लागि तत्कालीन राणा सरकारले मासिक भा.रु. ६०।- सहयोग प्रदान

गऱ्यो । इलाहाबादबाट एम.ए. गर्ने बित्तिकै उनलाई त्रि-चन्द्र कलेजमा प्राध्यापक पदमा श्री ३ चन्द्र शमशेरले नियुक्ति गरेका थिए । पाण्डे इलाहावादमा रहेकै बेला उनकी आमाको दु:खद निधन भएकाले त्यस घटनाले उनको हृदयमा गहिरो चोट पुऱ्यायो । यसै गरी सम्बत् १९८८ सालमा भएको पिताको निधनले पाण्डेको जीवनमा गहिरो चोट पुऱ्यायो । मातापिताको निधनपछि घरको सम्पूर्ण व्यवहारको जिम्मेवारी पाण्डेकै काँधमा पर्न आयो । यस्ता दैवी दुर्घटना र आर्थिक अवस्थाका विभिन्न समस्याहरूसित सङ्घर्ष गर्दै अध्ययनका क्षेत्रमा उनी डटिरहेका थिए । पाण्का तीन छोराहरू(क्रमशः प्रा. डा. माधवराज पाण्डे, कृष्णराज पाण्डे, डा. बद्रीराज पाण्डे छन्), भने छोरीहरू श्रीमती रमादेवी पाण्डे र श्रीमती श्रीभण्डारी छन् । पाण्डेको पछिल्लो अवस्थाको दाम्पत्यजीवन र आर्थिक अवस्था सन्तोषजनक रूपमा बितेको पाइएको थियो । पछिल्लो समयमा पाण्डे हरिभजन र आध्यात्मिक चिन्तनमा पनि लागेका थिए ।

## ३.४ लेखनका निम्ति प्रेरणा र प्रभाव

रुद्रराज पाण्डेलाई विद्यालयमा अध्ययन गर्दा नेपाली साहित्यका तत्कालीन साहित्यकार लेखनाथ, शम्भुप्रसाद, चक्रपाणि चालिसे, मणिदत्त र सुब्बा होमनाथ केदारनाथका कृतिका साथै हिन्दी साहित्यका सुप्रसिद्ध साहित्यकार प्रेमचन्दका कृतिले रुद्रराज पाण्डेलाई निकै प्रभाव पार्दछन् । पाण्डेले यिनै साहित्यिक प्रतिभा र यिनैका कृतिहरूलाई साहित्य सिर्जनाको प्रेरणास्रोतका रूपमा अङ्गीकार गरेका छन् (भट्टराई, २०३३:४०) ।

रुद्रराज पाण्डेले दरबार स्कुलमा पढ्दा त्यतिबेलाका स्थापित स्रष्टाहरू लेखनाथ, चक्रपाणि चालिसे, शम्भु प्रसाद, मणिदत्त पुष्पनाथ, भोजराज पाण्डे आदि मच्छिन्द्र बहालमा जोगवीर सिंहको कपडा पसलमा जम्मा भई साहित्यक चर्चा गर्ने गर्दथे । उनीहरू त्यहाँ कहिलेकाहीँ आफ्ना रचना सुनाउने गर्दथे । पाण्डे स्कुल छुट्टी हुने बित्तिकै भोटाहिटीमा खोलेको **गेर्खा एजेन्सी** स्टक पसलमा जाने र त्यतिबेला प्रकाशित भएका पुस्तक पत्रिका पढ्ने गर्दथे । पाण्डे बालकृष्ण समकहाँ गइरहने गर्दथे । त्यसैले त्यहाँ जाँदा उनी उर्दू र हिन्दीका नाटक हेर्ने मौका पनि पाउँथे । नेपालीमा नाटक किन लेख्न सकिन्न भन्ने विषयमा पाण्डेले समसँग छलफल गरेपछि पाण्डेमा  नाटक लेख्ने आन्तरिक इच्छा पलाउँछ भने, त्यो समयसम्म नाटक नलेखेका समलाई पनि नाटक लेख्ने प्रेरणा प्राप्त हुन जान्छ ।

त्यसैले स्वयम् बालकृष्ण समले नाटक लेख्न प्रेरणा दिने रुद्रराज पाण्डेप्रति ऋणी छु भनेका छन्, ( बालकृष्ण सम, २०२३) ।

इलाहावाद विश्वविद्यालयको छात्र हुँदा पाण्डेले हिन्दी साहित्यका प्रसिद्ध साहित्यकार प्रेमचन्द्रसँग परिचय गर्ने मौका पाएका थिए । हिन्दु बोर्डिङ्ग हाउस इलाहावाद, छात्राबासमा बस्दा सहपाठी कवि सुमित्रानन्दन पन्तसित **'शाहजहाँ'** नाटकमा सफल अभिनय गरेर बीच बीचमा प्रहसनात्मक अभिनय समेत गरेर दर्शकमा पाण्डेले गहिरो छाप पारेका छन् । यसरी भारतीय भूमिमा दर्शकलाई प्रभाव पार्न सक्ने पाण्डेले पछि काठमाडौंमा आई मोती मण्डली र पशुपति छापाखानामा प्रवेश गरेपछि त्यहाँको वातावरणबाट पाण्डे अझ प्रभावित भए । पाण्डेमा अङ्ग्रेजी साहित्यका विद्वानहरू टमस, हार्डि, डिकेन्स, जर्ज इलियट, मेटेडिथ, गार्ल्स वर्दी आदिबाट परेको प्रभावलाई स्वयम् पाण्डेको भनाइले यसरी पुष्टि गर्छ ।

“मलाई टमस हार्डि खुबै मन परेका लेखक हुन् र मेरा कृति रूपमती, प्रायश्चित र प्रेममा टमस हार्डिकै प्रभाव परेको जस्तो मलाई लागेको छ ?

त्रि-चन्द्र कलेजको अध्यापन कालमा साहित्यिक व्यक्तिहरू शुक्रबार जम्मा भई शुक्रबारे गोष्ठी गर्ने गर्दथे । प्रत्येक शुक्रबार केही न केही लेखेर ल्याउने क्रममा पाण्डेले आफ्नो '**रूपमती'** उपन्यासको जन्म गराएका थिए । यस समयमा जुन शुक्रबारे गोष्ठी थियो त्यो गोष्ठीले पनि लेखन कार्यमा दिएको प्रेरणालाई बिर्सन सकिन्न ।

### ३.५ सम्मान र पुरस्कार

नेपाली साहित्यमा उपन्यास विधाका प्रारम्भकर्ता मानिने रुद्रराज पाण्डे 'सादा जीवन उच्च विचार' को आदर्शलाई अनुसरण गर्ने तथा धर्म, गीता र कर्मवादमा आधारित देखिन्छ । पाण्डेले शैक्षिक क्षेत्रमा आफ्नो जीवन बिताए पनि साहित्यिक उत्थान र सामाजिक कार्यमा पनि उत्तिकै योगदान रहेको छ । पाण्डेले समय समयमा सम्मान र पुरस्कार पाउनु स्वभाविक र उपयुक्त पनि हो । पाण्डेले सानैमा भानुभक्तीय रामायण वाचन गरी पुरस्कार पाएका थिए । त्रि-चन्द्र कलेजको प्राध्यापक पदमा नियुक्ति भएदेखि दरबार स्कुलको प्रधानाध्यापक भएको समयसम्मका उनका क्रियाकलापबाट कर्मठ शिक्षा सेवीका रूपमा परिचित साथै पटना विश्वविद्यालयको बोर्ड बैठकमा भाग लिएर नेपाली भाषालाई स्थान

दिलाउनु जस्ता महफ्वपूर्ण काम गरेका पाण्डेलाई नेपाली भाषालाई छिमेकी राष्ट्रसँग परिचित गराएको तथा कुशलतापूर्वक शैक्षिक कार्य र सामाजिक कार्यको सञ्चालन गरे वापत चन्द्रशमशेर र भीम शमशेर दुवै प्रधानमन्त्रीबाट दोसल्ला ओढाएर सम्मानित गरिएको थियो । भूकम्प स्वयं सेवक संस्थाको सचिव भई सामाजिक सेवा गरेको हुनाले तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेरले संवत् १९९० सालमा 'गोर्खा दक्षिण बाहु' उपाधिद्वारा पाण्डे सम्मानित भएका थिए । जुद्ध शमशेरको पालामा रुद्रराज पाण्डेले सामाजिक उपन्यास 'रूपमती' लेखेर रु ३००।- पुरस्कार पाएका थिए । २००१ सालमा जुद्ध शमशेरले पाण्डेलाई सरदार पदवीले विभूषित गरेका थिए । पदम शमशेरले पनि २००२ र २००४ सालका बिचमा सम्मानित गरेका थिए । 'रूपमती' उपन्यास लेखेकोमा पनि पाण्डे पुरस्कृत भएका थिए । यस्तै चप्पाकाजी, प्रायश्चित्त, प्रेम उपन्यास लेखेर साहित्यको बृदि गराए बापत समय समयमा पुरस्कृत भएका थिए । राजा श्री ५ त्रिभुवनबाट पनि उनी प्रशंसित भएका थिए । यसका अतिरिक्त नेपाली साहित्यका अन्य विधामा पनि कलम चलाएर सामाजिक परिवेशको यथार्थ चित्रण गर्ने रुद्रराज पाण्डे थुप्रै पुरस्कार मार्फत सम्मानित भएका थिए ।

**३.६ संस्थागत संलग्नता**

श्रावण महिनामा त्रिभुवन विश्वविद्यालयको उपकुलपतिको पदमा नियुक्ति भएका पाण्डेले शिक्षा क्षेत्रको अनुभव मार्फत त्रिभुवन विश्वविद्यालयको शैक्षिक गतिविधिमा व्यवस्थितता ल्याउन अथक प्रयास गरे । पाण्डेले पठन पाठनमा नयाँ वातावरण सिर्जना गर्नुका साथै विश्वविद्यालयमा वि.सं. २०२४ सालमा विज्ञान विभाग खोली एम.एस्सी कक्षा तथा अनुसन्धानको काम सुरु गराएका हुन् । पाण्डेको अध्यक्षतामा राष्ट्रिय सल्लाहकार परिषद्को गठनका साथै आफ्नो कार्यकालमा भारतको नैनीताल लखनउमा भएको उपकुलपतिको सम्मेलनमा उनले भाग लिएका थिए, (त्रि.वि.वि बुलेटिन २०२४) । पाण्डे उपकुलपति भएका बेला त्रिपुरेश्वरमा भएको क्याम्पस कीर्तिपुरमा सारियो । क्याम्पसमा आवश्यक पर्ने सडक, बिजुली, पानी, टेलिफोन, भवन छात्राबास आदि व्यवस्था पनि यसै समयमा गरियो ।

हाल बन्द भएको नेपाली लेखक संघको प्रथम अध्यक्ष भएका पाण्डेको जीवन शैक्षिक क्षेत्रमा र सामाजिक क्षेत्रका विभिन्न संघ संस्थाहरूमा सक्रिय रूपले बितेको जानकारी पाइन्छ । श्री ५ महेन्द्रको राज्यभिषेकमा डा. राधाकृष्णले दिने दार्शनिक प्रवचनमा प्रस्तावित सभापति नै गायब भएपछि उनी नै सभापति भएका थिए । त्यही राज्यभिषेकमा अतिथि मनोरञ्जनको लागि

आयोजित लोकनाच गीतको प्रदर्शन सफल गराउनमा यिनैको ठूलो योगदान रहेको थियो (कुँवर २०२७:१८९) । वि.सं. २००३ मा उनी राष्ट्रिय शिक्षा सल्लाहकार परिषद्का अध्यक्ष भएका थिए । शिक्षा मन्त्रालयका शिक्षा सचिवका साथै वि.सं. २०१० सालमा पुरातत्त्व विभागको प्रथम निर्देशक भई त्यसको प्राथमिक व्यवस्था मिलाउने काम गरे । वि.सं. २०११ सालमा राष्ट्रिय शिक्षा योजना आयोगको अध्यक्ष भई नेपालको राष्ट्रिय शिक्षा पद्धतिको तर्जुमा र कार्यान्वयन गरेका हुन्, (बाबुराम शर्मा पाखरेलबाट प्राप्त जानकारी) त्यस्तै भूकम्प स्वयं सेवक संस्थाको सचिव, एशियाली कामकाज सम्बन्धी नेपाल परिषद्को सदस्य, नेपालका लागि युनेस्कोको राष्ट्रिय आयोगको सदस्य, भाषानुवाद परिषद्को संस्थापक, आम चुनावमा निर्वाचन आयुक्त, शिक्षा समितिको अध्यक्ष लगायतका विभिन्न पदको काम कुशलतापूर्वक समाल्दै सरकारी सेवाबाट वि.सं. २०१७ सालमा अवकाश पाएका थिए ।

### ३.७ उपन्यासकार व्यक्तित्त्व

उपन्यासकार रुद्रराज पाण्डेले आफ्ना उपन्यासको विषयवस्तु नेपाली परिवेशका सामाजिक, पारिवारिक, राजनैतिक आदि पक्षबाट लिएका छन् । नेपालका विभिन्न जातजातिका आचरण, अनुष्ठान, व्यवसाय र मर्यादाका घरेलु व्यवहारहरू, तीनै व्यवहारमा सञ्चालन प्रक्रियामा पर्न आउने परिवारभित्रका र समाजभित्रका समस्याहरू, लेनदेन, उठबस, मनोरञ्जन, विधि-विधान, गफगाफ, चाडपर्व, तीर्थव्रत-उद्यापन, उपासना, पुरश्चरण, विवाह, उत्सव, क्षौर व्रतबन्ध आदिका सन्दर्भहरूउनका उपन्यासका कथा सामाग्री बनेर आएका छन् (सुवेदी २०५३:५६) । आफ्ना समवर्ती उपन्यासकारका सामु पाण्डे छुट्टै र आदर्शका सेतु, अविस्मरणीय र दरो किल्ला भएर उठेका छन् ।

यसरी पाण्डेले आफ्ना उपन्यासमा नेपाली समाजमा प्रचलित दैनिक जीवनपक्षलाई स्थापित गरेका छन् । मान्छेलाई सकारात्मक र नकारात्मक पारामा प्रस्तुत गर्ने साधन मान्छेको चरित्र नै हो भन्ने ठान्नु, बोलीचाली, रहनसहन, काम कारबाही आदिमा सामाजिक ढाँचाको स्वरूपलाई सबलता प्रदान गर्ने दृष्टि राखिनु आदि पाण्डेले आफ्ना उपन्यासको अस्मिता कायम गर्न समाजलाई वस्तुको स्रोत स्वीकारेका छन् ।

रुद्रराज पाण्डेले काठमाडौंको सम्पन्न परिवारमा जन्मेर दरबार हाइ स्कूलमा माध्यमिक शिक्षा प्राप्त गरी बनारस हिन्दु विश्वविद्यालयबाट इतिहासमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका थिए ।

त्रि-चन्द्र कलेजमा प्राध्यापक गर्नका साथै त्रि-चन्द्र कलेजको प्राचार्य र त्रिभुवन विश्वविद्यालयका उपकुलपतिसमेत भएका पाण्डे आदर्शोन्मुख यथार्थवादी उपन्यासकार हुन् । पाण्डेले 'रूपमती' १९९१, 'चप्पाकाजी' १९९३, प्रायश्चित १९९५, 'प्रेम' २००५, हेरफेर २०४९, जस्ता उपन्यास प्रकाशित हुनुका साथै थुप्रै अन्य कृति पनि प्रकाशित / अप्रकाशित छन् । पाण्डेको 'रूपमती' उपन्यासमा एउटा आदर्श छोरीको परिकल्पना गरेका छन् । एउटा आदर्श बाबु, एउटी आदर्श आमाको अपेक्षा गरेका छन् । एउटा आदर्श दम्पत्ति, एउटा आदर्श सासू सबै मिलाएर एउटी आदर्श समाजको परिकल्पना गरेका छन् (सुवेदी २०५३:५२) । पाण्डेको 'चप्पाकाजी' उपन्यासमा चप्पाकाजी वा (चक्रबहादुर) काजी, खड्का यस उपन्यास केन्द्रीय पात्र हो । परस्त्री लम्पट, जुवातासको दुर्व्यसन जस्ता दुराचारमा डुबेको काजी आफ्ना बाबुबाजेले आर्जन गरेको सम्पत्तिको दुरूपयोग गर्नेमा खप्पिस देखिन्छ । यसरी ऊ विकृतिमा लागेको कुरा यस उपन्यासमा उल्लेख गरिएको छ । पाण्डेको 'प्रायश्चित' उपन्यास रम्भा र शिवरामको प्रणय प्रसङ्गको मूल रोमान्समा समेटिएको छ । नेपाली समाजको विकृतिपूर्ण अर्थव्यवस्था, कृषकहरूको शोषण, चक्रवृद्धि दरको व्याजमा पैसा खेलाउने सामान्तहरूको आचरणमा यो उपन्यास आधारित छ । पाण्डेकै 'प्रेम' उपन्यासको धरातल राणाकालीन नेपाली सामाजिक परिवेश रहेको छ । घरायसी झै-झगडा र परिवारमा सदस्यहरूको आपसी मन मुटावदेखि लिएर सामाजिक परिवेशलाई प्रस्तुत गर्ने जमर्को यस उपन्यासमा गरिएको छ । पाण्डेकै पछिल्लो उपन्यास 'हेरफेर' मा नेपालको राजनैतिक परिवेशको चित्रण गर्ने काम गरिएको छ । देशमा राणाशासनको दमन भई रहेको अवस्थामा जुन प्रकारको क्रान्ति परिवर्तन ल्याएको थियो त्यो परिवेशको चित्रण पाइन्छ । तत्कालीन समयमा मान्छेहरूको आन्दोलन जेल जीवनको प्रसङ्ग शिक्षाको अवस्था आदि परिवेश पाइन्छ । साथै नारीहरूको वीरताको प्रसङ्ग पनि जलीका माध्यमबाट प्रस्तुत भएको छ ।

पाण्डेले 'रूपमती' (१९९१) सालदेखि आदर्शोन्मुख यथार्थवादी उपन्यास लेखन थाले देखि नै 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५), 'हेरफेर' (२०४९) उपन्यासका माध्यमबाट नेपाली परिवेशमा घटेका घटनालाई टिपेर एउटा घरको परिवार देखि लिएर सिङ्गै समाजको चित्रण गर्ने जमर्को गरेको पाइन्छ । तत्कालीन समयमा जासुसी तिलस्मी उपन्यास लेख्दै गरेको समयमा 'रूपमती' उपन्यास लेखेर अर्कै नयाँ मोडको सुरुआत गर्न सफल भएका थिए ।

## ३.८ निष्कर्ष

नेपाली उपन्यासको जगतमा आधुनिकताको प्रारम्भकर्ताको श्रेय पाण्डेलाई नै जान्छ । पाण्डेले आदर्शोन्मुख यथार्थवादी धाराको अवलम्बन गरी उपन्यास जगतमा आफ्नो नाम अग्रपंक्तिमा राखेका छन् । साथै पाण्डेको जन्म पारिवारिक शिक्षा, साहित्यिक, आर्थिक, सामाजिक, आदि अवस्थाको बारे यस परिच्छेदमा चर्चा भएको छ । नेपाली साहित्यमा उपन्यास विधाका धरोहर पाण्डेले नेपालको परिवेशलाई लिएर उपन्यासको सिर्जना गरेका छन् । पाण्डेले सानै उमेरमा साहित्य सिर्जना गरेर नेपाली साहित्यका अन्य विधामा पनि योगदान दिएका छन् । भारतमा उच्च शिक्षा हासिल गर्ने क्रममा उन हिन्दी साहित्यकालाई प्रेमचन्दका कृतिले निकै प्रभाव पारेको थियो साथै इलाहावादमा प्रेमचन्द्रसँग परिचय गर्ने मौका पनि पाएका थिए । यस्तै पाण्डेलाई विद्यालय शिक्षा आर्जन गर्ने क्रममा नेपाली साहित्यमा तत्कालीन साहित्यकार लेखनाथ पौड्याल, शम्भुप्रसाद ढुङ्गेल, चक्रपाणि चालिसे, मणिदत्त र सुब्बा होमनाथ केदारनाथका कृतिले प्रभावित पारेको थियो । आफ्ना उपन्यासमा उनले समाजका ज्वलन्त घटनालाई विषयवस्तु बनाएका छन् ।

# चौथो परिच्छेद

# रुद्रराज पाण्डेको औपन्यासिक यात्रा

## ४.१ विषय परिचय

नेपाली उपन्यास विधामा आधुनिकताका प्रारम्भकर्ता पाण्डेलाई नै मानिन्छ । सर्वप्रथम पाण्डेले सानै उमेरमा रामायणको वाचन गरेर साहित्यको दियो बालेका थिए । पछि पाण्डेले १५ वर्षको उमेरदेखि नै साहित्यिक लेखनमा प्रवेश गरेका हुन् । उनले दरबार स्कुलको अध्ययनका क्रममा साहित्यिक जीवनको प्रारम्भ गरेका हुन् । वि.सं. १९७२ सालमा **'सन्ध्या' र 'जागृति'** दुई कविता क्रमशः चन्द्रिका (बनारस) र चन्द्र दार्जिलिङ पत्रिकामा प्रकाशित भएका थिए । त्यस्तै उनको अर्को कविता **'अनुनापावली'** पनि 'सुलि-सिन्धु' मा प्रकाशित भयो । यसै फुटकर कविताको माध्यमबाट नै पाण्डेको साहित्यिक जीवनको प्रारम्भ हुन्छ । तत्कालीन समयमा राणा शासनको शिक्षा विरोधी नीतिले कृति प्रकाशन गर्न अत्यन्तै कठिन थियो । कविताबाट नेपाली साहित्यका क्षेत्रमा प्रवेश गरेका पाण्डे 'रूपमती' १९९१ सामाजिक उपन्यास लिएर उपन्यास जगतमा देखिए । उनले तत्कालीन समयमा रचना भएका उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादी धाराको विजारोपण गरि दिएका थिए ।

रुद्रराज पाण्डेका पुस्तकारका कृतिको सङ्ख्या थुप्रै रहेता पनि उपन्यास भने हालसम्म ५ वटा देखिएका छन् । पाण्डेको सबैभन्दा पहिलो उपन्यास 'रूपमती' (१९९१) हो । यसपछि उनका 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५), 'हेरफेर' (२०४९), जस्ता औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यी माथिका उपन्यासको आधारमा पाण्डेको औपन्यासिक यात्राको विश्लेषण गर्न खोजिएको छ ।

## ४.२ चरण विभाजन

पाण्डे नेपाली उपन्यास परम्पराका आधुनिक कालका प्रारम्भकर्ता मानिन्छन् । सर्वप्रथम नेपाली उपन्यासलाई आदर्शोन्मुख यथार्थवादी जीवनदृष्टि दिई नयाँ मोड प्रदान गर्ने काम गरेका छन् । पाण्डेको 'रूपमती' १९९१ मा प्रकाशन भएपछि उनले नेपाली उपन्यास परम्परामा आधुनिक कालको प्रारम्भ गरेको मानिन्छ । जे-जसो भए पनि साहित्यकारले आफ्नो सुरुआतकालदेखि अन्त्यसम्म एकै प्रकारका

प्रवृत्तिलाई निरन्तरता दिएर विधाको सिर्जना गरिरहन सक्दैन । समाज र समयको परिवर्तनबाट स्रष्टा पनि अछुतो रहन कठिन हुन्छ । स्रष्टा, समाज र समयमा आएका यस्तै परिवर्तनहरूका कारण साहित्यिक यात्रामा विभिन्न मोड तथा उप-मोडहरू सिर्जना भएका हुन्छन् । तर कुनै पनि सर्जकको एक प्रकारको लेखन प्रवृत्ति कुनै निश्चित ठाउँमा पूर्ण रूपमा अडिकन फेरि नयाँ विषयवस्तु वा प्रवृत्तिहरूको सुरुआत भइहाल्छ भन्ने पनि होइन । त्यसकारण कुनै पनि लेखकको साहित्यिक यात्राको मोड पहिचान गर्न अर्थात् चरण  विभाजन गर्नु, पहिला उसका कृतिको अध्ययन र विश्लेषणको आवश्यकता अनिवार्य रूपमा गर्नु पर्दछ ।

कुनै पनि लेखकको लेखनगत वैशिष्ट्यहरूलाई बिना उद्देश्य पूर्ण तरिकाले परिवर्तन गरिँदैन । लेखकले आफ्नो जीवनमा देखेभोगेका कुरालाई अनवरत यात्राका क्रममा उसमा पलाउने थुप्रै घटनालाई श्रृङ्खलाबद्ध रूपमा प्रस्तुत गर्न कुनै विधाको माध्यम प्रयोग गर्दछ । त्यसै क्रममा उसका मनमस्तिष्कमा आउने क्रमिक परिवर्तन एवम् लेखन परिपक्वतासँगै क्रमशः परिवर्तन हुँदै जाने गर्दछ । परिवर्तनका सिलसिलामा एउटा चरणमा रहेका प्रवृत्तिगत विशेषताहरू अर्को चरणमा गौण रूपमा रहने गर्दछन् । यसरी परिवर्तन ल्याउने कुरा साहित्यकारको नवीन चिन्तन, परिपक्वता, उमेरको प्रौढता, ज्ञानको फराकिलोपना आदि परिवर्तनले उसको लेखन प्रवृत्तिमा फरक ल्याउँछ । यसका साथै देश विदेशमा भएका परिवर्तन, शैली शिल्पगत विविधता, विषयगत विविधता सिद्धान्त र वैचारिक आग्रहमा हुने परिवर्तन तथा जीवन जगत्प्रतिको दृष्टिकोण आदि कारणले पनि सर्जकका रचनाका प्रवृत्तिमा फरकपना ल्याइरहेको पाइन्छ । यस प्रकार विभिन्न साहित्यकारका साहित्यिक यात्रामा फरक फरक मोड र चरणहरूको विभाजन भएको पाउन सकिन्छ । त्यसकारण यी घटना परिवेशका आधारमा उपन्यासकार रुद्रराज पाण्डेको औपन्यासिक यात्राको चरण विभाजन गरिएको देखाइन्छ ।

रुद्रराज पाण्डेको साहित्यिक व्यक्तित्वको कुरा गर्दा स्वदेशी विदेशी साहित्यकारहरूको यथेष्ट प्रभाव परेको पाइन्छ । तथापि उनी पूर्वीय अध्यात्मवादी भावनाबाट मूलतः अनुप्राणित रहेका देखिन्छ ।

सुरुमा विदेशी पत्रिका 'चन्द्र' र 'चन्द्रिका' मा प्रकाशित कविताले र स्वदेशी पत्रिका 'सूक्ति-सिन्धु' मा प्रकाशित कविताले उनलाई साहित्यक क्षेत्रमा प्रवेश गराएको थियो । पाण्डेका उपन्यासकार, नाटककार, एकाङ्कीकार, कथाकार, इतिहासकार आदि व्यक्तित्व रहेका छन् । विद्यार्थी कालको कविता लेखनबाट सुरु भएको उनको साहित्यिक प्रतिभा उत्तरोत्तर प्रौढ र परिपक्व हुँदै, उपन्यास सिर्जनातर्फ

प्रवृत्त हुन पुगेको देखिन्छ । नेपाली उपन्यास परम्परामा सामाजिक यथार्थको स्वाभाविक चित्रण गरेर पूर्ण परिचित पाण्डेका पाँच वटा उपन्यासमा नैतिक औपदेशिकता, समाज सुधार र राजनैतिक अवस्थाको चित्रण गरिएको छ । कथाहरूको लेखन र वाचनका क्रममा अलि लामो भई 'रूपमती' १९९१ प्रसिद्ध उपन्यासको जन्म भएको हो । मौलिक र सामाजिक उपन्यासका रूपमा 'रूपमती' (१९९१) उपन्यासमा भाषिक परिमार्जनलाई सचेत रूपमा निर्वाह गरिएको छ । वि.सं. (१९९१) सालमा 'रूपमती' शीर्षकको मौलिक र सामाजिक उपन्यास प्रकाशनमा आएपछि पाण्डेको औपन्यासिक यात्राले औपचारिक यात्रा प्रारम्भ गरेको देखिन्छ । यसपछि 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित्त' (१९९५), 'प्रेम' (२००५) प्रकाशनमा आएका देखिन्छन् । यी उपन्यास सामाजिक मौलिक उपन्यासको प्रकाशनले पाण्डेको साहित्यिक जीवनमा आदर्शोन्मुख यथार्थवादी धाराको सुरुआत गरि दिएको छ । यी उपन्यासका माध्यमबाट पाण्डेका उपन्यास यात्राको प्रथम मोड निरूपण हुन्छ ।

औपन्यासिक कृतिहरूको रचना गरेर महफ्वपूर्ण स्थान प्राप्त गरेका पाण्डेको साहित्यिक यात्राको द्वितीय चरण वा अन्तिम चरण सामान्य अवस्थामा ओर्लिन आएको अनुभव भए तापनि २००७ सालको राजनैतिक परिवर्तन पछि 'हेरफेर' (२०४९) उपन्यास प्रकाशनमा आएको पाइन्छ । यस उपन्यासमा देश भक्तिको भावना जगाउने सफल प्रयास गरिएको छ । ऐतिहासिक वीर वीरङ्गनाको देश भक्तिको भावनाले ओतप्रोत भएको आदर्शपूर्ण जीवन गाथालाई विषयवस्तु बनाएर यो उपन्यास रचना गरिएको हुनाले यस चरणको उपन्यासमा ऐतिहासिकता बढी मात्रामा देखा पर्न गएको छ । तर पनि आदर्शवादी नै यत्रतत्र देखा पर्दै आएको छ । पाण्डेका उपन्यासमा देखा परेका यिनै प्रवृत्तिगत वैशिष्ट्यहरूका आधारमा यहाँ सिङ्गो औपन्यासिक यात्रालाई दुई चरणमा राखेर चरणगत अध्ययन गरिएको छ ।

(१) पहिलो चरण (आरम्भदेखि २००५)

(२) दोस्रो चरण (२००६-२०४४ सम्म)

### ४.२.१ पहिलो चरण (आरम्भदेखि २००५ साल सम्म)

आरम्भ वि.सं. १९९१ देखि २००५ साल सम्मको अवधि उपन्यासकार पाण्डेको औपन्यासिक यात्राको पहिला चरण हो । २००७ सालको परिवर्तन भन्दा पहिलाको समयलाई पाण्डेको औपन्यासिक यात्राको पहिलो चरणका रूपमा राख्न सकिन्छ । पाण्डेका जम्मा पाँच वटा उपन्यासहरू प्रकाशनमा आए तापनि उनका 'रूपमती' (१९९१), 'चप्पाकाजी' (१९९३) 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५) जस्ता चार वटा उपन्यासलाई मात्र यस चरणमा राख्न सकिन्छ । यी उपन्यासमा मूलतः सामाजिक क्रियाकलापलाई विषयवस्तु बनाइएको पाइन्छ । समाजमा घट्ने सासु बुहारीको क्रियाकलाप धनी गरिबका बीचको सम्बन्ध सामान्य घरमा घट्ने घटना झै-झगडा आदि विषयवस्तु बनाएर उपन्यासको सिर्जना गरिएको पाइन्छ ।

'रूपमती' नायिका रूपमती को चरित्रमा टिकेको उपन्यास हो । यस उपन्यासमा पाण्डेले एउटा आदर्श छोरो परिकल्पना गरेका छन् । एउटा आदर्श बाबु आमाको अपेक्षा गरेका छन् । एउटा आदर्श दम्पत्ति, एउटा आदर्श सासू सबै मिलाएर एउटा आदर्श समाजको परिकल्पना गरेको पाइन्छ । 'चप्पाकाजी' उपन्यासमा उपन्यासको नायक चप्पाकाजीका माध्यमबाट परस्त्रीलम्पट, मद्यव्यसनी, जूवातासको दुर्व्यसनजस्ता दुराचारमा डुबेको काजी आफ्ना बाबुबाजेले आर्जन गरेको सम्पत्तिको दुरूपयोग गर्ने काममा खप्पिस बनेको देखाइएको छ । अर्को 'प्रायश्चित' उपन्यासमा उपन्यासका नायक नायिका रम्भा र शिवरामको प्रणयप्रसङ्गको मूल रोमान्स समेटिएको छ । नेपाली समाजको विकृतिपूर्ण अर्थव्यवस्था, कृषकहरूको शोषण चक्रवृद्धि दरको व्याजमा पैसा लेखाउने सामन्तीको आचरणमा आधारित छ । त्यस्तै 'प्रेम' उपन्यासमा नेपालका पहाड, तराई र उपत्यकासम्मको परिवेशलाई, ग्रामीण सहरिया दरबारीया र सहरियाहरूका खानदानी र तीनको नोकरचाकरण्का अवस्था श्रमिक, पल्टने र गरिब किसानहरूका दैनिक अवस्थालाई यस उपन्यासमा स्थान दिइएको छ ।

पाण्डेका उपन्यासमा वस्तुको कसिलो संगठन र कथ्यको धारिलोपन पाइँदैन । पाण्डेका उपन्यासमा कथोपकथनको गथासो स्वभाविक हदसम्म तन्केको छ । उनका उपन्यास बहिर्मुखी शिल्पमा मात्र अडेका छन् । उनको उपन्यास लेख्न नेपाली उपन्यासको परम्परामा आधुनिक कालको प्रारम्भ कर्ताका रूपमा देखा परेका अन्य उपन्यासकारका तुलनामा भने सबल, सक्षम उपन्यासकार बनेका छन् ।

### ४.२.२ दोस्रो चरण (२००६ देखि २०४४ सम्म)

२००६ साल देखि वि.सं. २०४४ सम्मको अवधिमा उनको साहित्यक यात्रा खास गरेर उपन्यास विधाको तुलनामा अन्य विधामा अग्रसर देखिन्छ । यस अवधिमा पाण्डेले एउटा मात्र उपन्यास सिर्जना गरेका छन् । यही उनको उपन्यासलाई नै दोस्रो चरण वा अन्तिम चरणका रूपमा राख्न सकिन्छ । २००७ सालको राजनैतिक परिवर्तन पछि प्रहसनात्मक एकाङ्कीको रचना गर्ने दिशातिर लागेका पाण्डेले एउटा मात्र उपन्यासको रचना गरेका छन् । उनको 'हेरफेर' (२०४९) उपन्यास पहिलेका उपन्यासको तुलनामा अलिकति फरक दृष्टिकोणबाट रचना गरेका छन् । पाण्डेले देशको परिवर्तनसँगै आफ्नो विचारमा पनि परिवर्तन गरी यस बेला उपन्यासको रचना गरिएको छ । मूलतः प्रथम चरणकै प्रवृत्तिहरूको पुनरावृत्ति पाइन्छ । यस उपन्यासका सामाजिक पक्षलाई भन्दा राजनैतिक पक्षको विस्तृत चर्चा पाइन्छ । मूलत : यस समयमा रचना गरिएको उपन्यासको विषयवस्तुमा देशको परिर्वतनलाई देखाउन खोजिएको छ ।

यस चरणको उपन्यासमा पाण्डेले देशको परिवर्तनलाई आत्मसात् गरी अगाडि बढाएका छन् । 'हेरफेर' उपन्यासमा देशका ठूला बडाले शोषण दमन गरेको दृश्य प्रस्ट रूपमा देखिन्छ । त्यसका विरुद्धमा वीरमान, जली, प्रताप, सानुलाल, झपट, ज्योति जस्ता देशभक्ति वीरहरूमार्फत सञ्चालित आन्दोलनमा अन्याय अत्याचारका विरुद्धमा लड्ने काम भएको थियो ।

प्रस्तुत उपन्यास पहिलो चरणको भन्दा केही सामाजिक धरातलबाट माथि उठेर राजनैतिक पृष्ठभूमिका निर्माण भएको छ । तत्कालीन समयमा भएका राजनैतिक घटनाक्रमलाई पृष्ठभूमि बनाई यो उपन्यास रचना गरिएको छ । यस समयमा जनताहरू जागरुक भएको दृश्य देखिन्छ । राणा शासनबाट दमनमा परेका नेपाली जनताले यस समयमा आफ्नो मुक्तिको लागि बुलुन्द आवाज उठाउने काम भएको छ ।

## ४.३ निष्कर्ष

रुद्रराज पाण्डेले नेपाली साहित्यका विविध पक्षमा कलम चलाए पनि मूलतः उपन्यासकार हुन उपन्यास लेखनको लामो समयावधिमा उनले पाँच वटा उपन्यासको रचना गरी चार वटा प्रकाशनमा ल्याएका थिए, भने एउटा अप्रकाशित छोडेका थिए । पाण्डेका चार वटा उपन्यासले सामाजिक विषय

वस्तुलाई आधार बनाएका छन् । भने एउटा उपन्यासले सामजिक र राजनैतिक दुवै विषयवस्तुलाई आधार बनाई रचना गरेका छन् । पाण्डेले पहिलो चरणका उपन्यासमा समाजमा घट्ने घरायसी घटनाक्रमलाई आधार बनाई उपन्यासको रचना गरेका थिए । यी उपन्यासमा सासु बुहारीको जुहारी, धनी गरिबका बीचको असमानता, प्रेम प्रणय, नेपालका भौगोलिक अवस्था आदि कथावस्तु बनेका छन् । भने 'हेरफेर' वा दोस्रो चरणको उपन्यासमा सामाजिक र राजनैतिक दुवै विषयवस्तुलाई आधार बनाई उपन्यासको रचना गरिएको छ ।

# परिच्छेद-पाँचौं

# रुद्रराज पाण्डेका उपन्यासहरूको विश्लेषण

## ५.१ विषय परिचय

रुद्रराज पाण्डे नेपाली साहित्यका क्षेत्रमा विशेष गरी उपन्यासकारका रूपमा नै सु-परिचित छन् । वास्तवमा पाण्डे 'रूपमती' १९९१ सालमा प्रकाशित भएपछि उनी नेपाली साहित्यका अन्तर्गत आख्यान विधा उपविधा उपन्यासका आधुनिकताका प्रारम्भकर्ता मानिन्छन् । पाण्डेका 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५), 'हेरफेर' (२०४९) शीर्षकका गरी जम्मा पाँच वटा उपन्यास प्रकाशित भएका छन् । उनका प्रकाशित यिनै पाँचवटा उपन्यासलाई उपन्यास तफ्वकै आधारमा विश्लेषण गरी उनको समग्र उपन्यासकारिता ठम्याउने प्रयास यस परिच्छेदमा गरिएको छ ।

## ५.२ रूपमती उपन्यासको विश्लेषण

'रूपमती' रुद्रराज पाण्डेको प्रथम प्रकाशित उपन्यास हो । यस उपन्यासको प्रकाशन १९९१ सालमा भएको हो । यसमा नेपाली समाजका विविध पक्षको आदर्शोन्मुख यथार्थवादी ढङ्गले चित्रण गरिएको छ । यसमा मुख्यतः नेपाली जन-जीवनका विभिन्न परिवारमा घट्न सक्ने तत्कालीन समाजका तीता मीठा घटनाहरूलाई सँगालेर रोचक ढङ्गले प्रस्तुत गरिएको छ । रुद्रराज पाण्डेको यस उपन्यासलाई यहाँ उपन्यास तफ्वका आधारमा विश्लेषण गरिएको छ ।

### ५.२.१ कथानक

कथानकको आधारमा पनि पाण्डेको 'रूपमती' उपन्यासको विश्लेषण गर्न सकिन्छ । यसमा एउटी आदर्श नेपाली नारीको जीवनका विविध पक्षलाई बडो रोचक ढङ्गले प्रस्तुत गरिएको छ । बालककालमै रूपमतीको विवाह र बुहार्तनका रूपमा रहनु परेको छ ।  रूपमतीको पुर्ख्यौलीको परिचय, सासुमण्डलीबाट आ-आफ्ना बुहारीको बारेमा गरेका चर्चा, हविलालको अङ्ग्रेजी शिक्षाको अध्ययन, रूपमतीलाई गरेको अपहेलना, आफ्ना बाबुको निधनले उसको शिक्षादीक्षामा असहयोग अनि गृहस्थी

जीवनमा प्रवेश गरेर रूपमतीको आदर्श चरित्र र सहनशीलतालाई जान्नु, त्यसपछि उनले रूपमतीप्रति माया जाग्नु, हविलालका भाइ रविलालको विवाह बरालपुत्रीसँग हुन्छ । सासुले रूपमतीलाई सास्ती दिइरहेको समयमा बरालपुत्री भित्रीनु झनै रूपमतीका लागि चुनौति थियो । बरालपुत्रीले आफ्ना माइतबाट प्रशस्त सम्पत्ति ल्याउनु र पतिलाई उल्म्याउनु र निरङ्कुश बन्दै जानु, रविलालका दिन चर्या पनि कुसङ्गत र दुर्व्यसनको महाजालमा बल्झिँदै जान्छ । उसको गाँजा खाने, जुवा-तास खेल्ने र दुष्टहरूको सङ्गत गर्ने देखेर दाजु, भाउजु निकै चिन्तित हुन्छन् । सासुले आफ्नो कान्छो छोरो बुहारी यसरी छाडा र पिराहा काममा लागेको देखेर रूपमतीलाई मन पराउनु थाल्छन् ।

लामो समयपछि रूपमतीले एउटा छोरो पाउँछे । यसबाट सबैमा खुशीयाली हुन्छ तर बरालपुत्री भने डाहाले भुतुक्क हुन्छे । यस्तो अवस्थामा बरालपुत्रीले सुत्केरीका खानेकुरा पनि चोरेर खाई दिने सम्मका कार्य गर्दछे । यही स्वास्नीका पछि लागि रविलाल दाजुभाउजुबाट छुट्टिन्छ । यसपछि बरालपुत्रीले तीन वर्षमा चारवटी छोरीछोरीलाई जन्म दिन्छे । यसपछि झन् रविलाल कुलत र कुसङ्गतले गाडिन्छन् । रविलालको आर्थिक अवस्था पनि ओरालो लागी दयनीय बन्दछ । आफ्नी आमाको मृत्युपछि माइतबाट धन सम्पत्ती ल्याउने बाटो पनि बन्द हुन्छ । अब स्वास्नीबाट पनि पैसा नपाइने भएदेखि उसले स्वास्नीलाई पिट्न थाल्दछ । आफूले लिएको ऋण तिर्न नसकेको हुँदा साहुहरूले बेइज्जती गर्दछन् । कसैले उनलाई सास्ती दिन्छन् । रूपमतीले ऋण तिरिदिएर उसलाई त्यस दुर्दशाबाट जोगाउँछे र छिंडीको नरकबाट मुक्त गराउने काम भाउजुबाट हुन्छ । यस समयमा रूपमतीका परिवारको जीवन चाहिँनिकै खुसी, सुखी र सम्पन्न हुँदै जान्छ ।

रविलालको चुटाइ र पिर खप्न नसकेर बरालपुत्री छोरीहरू लिएर माइतमा जान्छे, तर माइतमा उसलाई कसैले पनि मन पराउँदैनन् । त्यसपछि ऊ त्यहाँबाट आफ्नी मितिनीकहाँ बालजु आई बस्छे । यस्तै समय बितिरहेको समयमा रविलाल रोगले नराम्रोसँग थलिन्छ । मरणासन्न भई पसारो परेको रविलाललाई रूपमतीले आफ्नो घरमा ल्याएर औषधीपचार गराएर निको पार्छे । रविलाल निको भएपछि रूपमतीले बरालपुत्रीलाई पनि मितिनीकहाँबाट फिर्ता ल्याउँछे । बल्ल रूपमतीको स्नेहालु र दयालु रूपलाई बरालपुत्री चिन्छे । त्यसपछि रूपमतीको पाउ पक्रेर क्षमा माग्छे । त्यसपछि छोरीहरूको बिहे पनि रूपमतीले गराइदिन्छे । देवर देवरानीको जीविकाका लागि माइतीले दिएको मधेशको खेत

दिन्छे । त्यसपछि एउटा भत्केको परिवारमा एकता, सुख, शान्ति, समृद्धि मेलमिलापको वातावरण फेरि पलाएर लहलह हुन थाल्दछ, (शर्मा र लुइँटेल २०५५:२५६) ।

यसरी उपन्यास आदि, मध्य र अन्त्य श्रृङ्खला बद्ध भई रचना भएको छ । यस कथानकको आदि भाग कथानकको थालनीदेखि बरालपुत्रीको आगमन नहुँदासम्मको घटना क्रमलाई लिइन्छ भने मध्य भाग बरालपुत्रीको अगमन र परिवारमा देखिएको कलह र रविलालको गिर्दो अवस्थासम्म रहेको छ । बाँकी भाग अन्त्य अन्तर्गत पर्दछ ।

### ५.२.२ पात्र/चरित्र

'रूपमती' उपन्यासका उपस्थित पात्रहरू यी हुन् रूपमती, बरालपुत्री, हविलाल शर्मा, रविलाल शर्मा, पण्डितनी बज्यै, पं. छविलाल, पं. मोहनप्रसाद लुइँटेल, लुइँटेल्नी मधुवन बराल र बराल्नी, त्रिलोचन बराल, रासविहारी, प्रेममान, नन्दुकी आमा, हरिवदन आदि रहेका छन् । रूपमती बहुपात्रीय उपन्यास हो । समाजमा पाइने विभिन्न खालका व्यक्तिहरू यसमा पात्रका रूपमा उपस्थिति रहेका छन् । यस उपन्यासका प्रमुख नारी पात्र रूपमती र बरालपुत्री हुन् भने प्रमुख पुरुष पात्र हविलाल र रविलाल हुन् । हविलाल र रूपमतीले प्रमुख अनुकूल पात्रको भूमिका निर्वाह गरेका छन् । रविलाल र बरालपुत्रीले प्रतिकूल पात्रको भूमिका निर्वाह गरेका छन् । सहायक पात्रका रूपमा पण्डितीनी बज्यैको भूमिका छ, भने अरु सबै गौण पात्र हुन् । यहाँ यस परिच्छेदमा प्रमुख र सहायक पात्रको मात्र चरित्रचित्रण गरिएको छ ।

#### (क) रूपमती

रूपमती 'रूपमती' उपन्यासकी प्रमुख पात्र हो । उपन्यासको आरम्भदेखि अन्त्यसम्म मुख्य भूमिकामा रहेको तथा उपन्यासको नामकरण समेत रूपमती नै भएकाले ऊ यस उपन्यासकी प्रमुख पात्र हो भन्न सकिन्छ । पण्डित मोहन प्रसाद लुइँटेलकी छोरी र हविलालकी पत्नीका रूपमा उपस्थित रूपमतीले जस्तोसुकै अवस्थामा पनि पारिवारिक मर्यदामा रहेर बुहार्तन सहनुले ऊ आदर्श नारी पात्रका रूपमा देखिन्छे । प्रवृत्तिका आधारमा ऊ अनुकूल र स्वभावका आधारमा गतिहीन, आबद्धताका आधारमा बद्ध पात्र हो ।

यस उपन्यासमा रूपमतीलाई आदर्श बुहारी, आर्दश पत्नी, आदर्श भाउजू, आदर्श गृहिणीका रूपमा देखाइएको छ । सासू, देवर, देवरानी तथा पति स्वयम्ले पनि उसमाथि दुर्व्यवहार गर्दा उसले विद्रोह नगरेर सहेर बसेकी छ अर्थात् ऊ आदर्शमा विश्वास गर्दछे । उसमा बैगुनीलाई गुनले मार्नु पर्छ भन्ने प्रवृत्ति देखिन्छ । घरमा उपद्रव मच्चाउने र दोष जति सबै उस माथि थोपार्ने देवर देवरानीको व्यवहारप्रति कुनै प्रतिक्रिया जनाउँदिन, बरु उल्टै छुट्टिएर बस्दा बिग्रिएको देवरको घरपरिवारलाई मिलाएर रूपमतीले राखेकी छ । यसबाट अर्काको कुभलो नचिताउने आदर्श नारी पात्रका रूपमा उपस्थित भएकी छ । उसको स्वभाव ठूलालाई आदर र सानालाई माया गर्ने तथा दुःखमा नआत्तिने र सुखमा नमात्तिने खालको छ ।

**(ख) बरालपुत्री**

बरालपुत्री रूपमती उपन्यासकी असत् पात्र हो । उपन्यासको प्रारम्भमा धन र घमण्डले मात्तिएर परिवारमा किचलो मच्चाउने बरालपुत्री जीवनमा अनेक हन्डर र ठक्कर खाएर अन्त्यमा रूपमती समक्ष माफी माग्न पुगेकी छ । ऊ यस उपन्यासकी गतिशील पात्र हो । भूमिकाका आधारमा सहायक, प्रवृत्तिका आधारमा प्रतिकूल, आबद्धताका आधारमा बद्ध पात्र हो ।

बरालपुत्री मधुवन बरालकी छोरी र रविलालकी पत्नी हो । ऊ सिंगारपटार गर्ने, नक्कलझक्कल गर्ने, माइतीको धाक लगाउने तथा परिवारको मर्यादा र अनुशासनको पालना नगर्ने व्यक्तिका रूपमा देखिन्छे । परिवारमा अशान्ति र कलह उत्पन्न गर्ने मात्र होइन ऊ ठूलासँग मुख छोड्न पनि पछि पर्दिन । घरबाट छुट्टिएर बस्ने लोग्ने कुलतमा फँस्दा समेत ख्याल नगर्ने मोजमस्तीमा रमाउन खोज्ने बरालपुत्री यस उपन्यासकी खल नायिका नै हो ।

**ग) हविलाल शर्मा**

हविलाल यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ पं. छविलाल शर्माको जेठो छोरो र रूपमतीको लोग्ने हो । ऊ सानै देखि मेधावी र पढाइमा तेजिलो देखिन्छ । हविलाल आदर्श, अनुकूल, शिक्षित, सभ्य, उत्तरदायी, मध्यमवर्गीय, उदार चरित्रको पात्रका रूपमा यस उपन्यासमा आएको छ । पहिला रूपमतीलाई उपेक्षा गरे तापनि पछिल्लो समयमा सुखद् दाम्पत्य जीवन बिताउने पात्र हो ।

हविलाल शर्मा यस उपन्यासको प्रमुख पुरुष पात्र हो । ऊ आदर्श छोरो, आदर्श लोग्ने, आदर्श दाजु, आदर्श गृहस्थी आदर्श जागिरेका रूपमा देखा पर्दछ । पिताको मृत्युपछि पढाइ छाडी घरायसी जिम्मेवारी सम्हालेको, सामान्य जागिरे भई घरको गुजारा चलाएको एउटा मध्यमवर्गीय उत्तरदायित्व बहन गर्ने असल पात्र हो । ऊ, आमा, भाइ र बुहारीलाई माया गर्ने तथा भाइ कुसङ्गतमा फँसेको देखेर चिन्तित हुने व्यक्ति हो । अङ्ग्रेजी शिक्षा र पश्चिमी संकृतिको प्रभाव परेको र हविलालले रूपमतीलाई आरम्भमा नरुचाए पनि पछि रुचाउन थालेको देखिन्छ । अर्को बिहेको कुरा चल्दा अस्वीकार गरेर रूपमतीसँग सुखी जीवन बिताएको छ । ऊ अनुकुल पात्रका रूपमा देखा पर्दछ ।

### (घ) रविलाल शर्मा

रविलाल यस उपन्यासको प्रतिकूल र भ्रष्ट पात्र हो । ऊ पं. छविलालको कान्छो छोरो र बरालपुत्रीको पति हो । रविलाल यस उपन्यासको गतिशील पात्र हो । ऊ अनावश्यक फूर्ति देखाउने खलनायक हो । ऊ प्रतिकूल, दुष्ट, असत्, कमजोर, सुकुलगुण्डो र उच्छृङ्खल पात्र हो ।

रविलाल नपढ्ने, गुण्डाहरूको सङ्गत गर्ने, आफ्नो परिवारको जिम्मेवार बोध नगर्ने, पैसा सिध्याउने, स्वास्नीका लहै लहैमा लाग्ने, दाजु भाउजूलाई नराम्रो व्यवहार गर्ने, आफूले तेल पोखी दोष भाउजुलाई लगाउने, भाउजुले कुटी भन्दै रुने, पैसा नदिँदा स्वास्नीलाई पिट्ने दुष्ट प्रतिकूल पात्र हो । कुसङ्गतमा लाग्ने, पैत्रिक सम्पत्ति मास्ने, ऋण नतिर्ने, चोर्ने, काम नगर्ने तर मीठो खान चाहने असत् पात्र हो । पहिला बरालिएको तर पछि सुध्रिएकोले ऊ गतिशील पात्र हो । रविलाल नेपाली समाजमा भएका दुष्ट र पथभ्रष्ट युवावर्गको प्रतिनिधित्व गर्ने पात्र हो ।

### (ङ) पण्डित्नी बज्यै

**पण्डित्नी** बज्यै यस उपन्यासकी सहायक नारी पात्र हो । ऊ पं. छविलालकी पत्नी, हविलाल र रविलालकी आमा तथा रूपमती र बरालपुत्रीकी सासु हो । **पण्डित्नी** सासु मण्डलीकी नाइके हो । ऊ निरङ्कुश, असमान दृष्टि भएकी, मानवीय भावना भएकी गतिशील पात्रका रूपमा यस उपन्यासमा आएकी छ ।

पण्डित्नी बज्यै परम्परागत सोचाई भएकी बुहारीलाई कचकच गरी सास्ती दिने र कडा हैकम चलाउने सासु हो । उसले जेठो छोरालाई भन्दा कान्छो छोरालाई बढी माया गर्ने जेठी बुहारीको घमण्ड तोड्न भनी कान्छी बुहारी भिœयाउने काम गरेकी छ । असल पत्नी आमा र सासु हुन नसक्नु उसको कमजोरी हो । ऊ पहिला बुहारीलाई सताउने दुष्ट पात्र भए पनि पछि बरालपुत्रीबाट अपमानित भए पछि सुध्रिएकी छे । सासुले बुहारीमा गर्ने व्यवहारको बारेमा सासुका माध्यमबाट प्रस्तुत गरिएको छ । यस उपन्यासमा सामाजिक तथा पारिवारिक घटना क्रमलाई प्रस्तुत गरिएको छ ।

### ५.२.३ परिवेश

रूपमती उपन्यासलाई परिवेश वा देश, काल र वातावरणका दृष्टिले पनि विश्लेषण गर्न सकिन्छ । यस उपन्यासका कथानकको मुख्य स्थानीय परिवेशका रूपमा काठमाडौं सहर नै रहेको छ । यस उपन्यासका सबैजसो घटनाहरू यसै सहरका छेउछाउमा घटेका छन् । तराईका विभिन्न ठाउँ तथा भारतको बनारस लगायतका विभिन्न ठाउँहरू आएका छन् ।

यस उपन्यासको कथानक कालगत परिवेशका रूपमा नेपालको तत्कालीन राणाशासन काल नै रहेको छ । यस उपन्यासको लेखन तथा प्रकाशन १९९१ सालमा भएको र त्यसबेला नेपालमा राणाहरूको शासन रहेकोले पनि यसमा त्यसै बेला/युगको चित्रण भएको पाइन्छ ।

यस उपन्यासको परिवेश अन्तर्गत नेपाली समाजका विविध पक्षको चित्रण गरिएको छ । सामाजिक विकृति, विसङ्गति, तास, जुवा खेल्ने, रण्डीबाजी गर्ने गलत प्रवृत्ति रहेका छन् । साथै आर्थिक असमानता रहेको पाइन्छ । धार्मिक तथा सांस्कृतिक अन्तर्गत ६ वर्षमा छोरीको विवाह गरे पुण्य हुने हिन्दू संस्कार, संस्कृति रहेको छ । मान्छे मर्दा काजक्रिया गर्ने, दानदक्षिणा दिने र भोजभतेर ख्याउने जस्ता नेपाली समाजका धार्मिक तथा सांस्कृतिक परिवेशहरू रहेका छन् ।

### ५.२.४ उद्देश्य

'रूपमती' उपन्यासको मुख्य उद्देश्य नैतिक सुधार हो । यो उपन्यास शिक्षाप्रद वा उपदेशमूलक हुन पुगेको छ । आदर्शको स्थापना यसको नैतिक सुधारवादको लक्षण हो । नेपाली समाजका हिन्दूनारी आदर्श गुणहरूले भरिएकी हुन्छन् । घर परिवार सपार्ने वा बिगार्ने जिम्मेवारी भनेको नारीहरूमा नै

रहेको हुन्छ । समाज वा घरपरिवारमा घट्ने सामान्य घरायसी घटनाहरूको समाधान गर्नु यस उपन्यासको मुख्य उद्देश्य हो । रूपमती र पण्डित्नी बज्यैका माध्यमबाट सासू बुहारीको झगडा देखाउनु यस उपन्यास उद्देश्य हो ।

### ५.२.५ दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन रोजेको ठाउँ नै दृष्टिविन्दु हो । उपन्यासमा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु र आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिन्छ । यस उपन्यासमा वर्णित पात्रहरूको क्रियाकलापलाई नजिकै बसेर अवलोकन गरेर प्रस्तुत गरेकाले यस उपन्यासमा बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु प्रयोग गरिएको छ । उपन्यासकार सर्वज्ञ भएर देखा परेका छन् । यो उपन्यास रूपमतीका दृष्टिविन्दुबाट लेखिएको छ, त्यसैले यो उपन्यास मुख्यतः **रुपमती**कै कथा हो ।

### ५.२.६ भाषाशैली

'रूपमती' उपन्यास सहज र सरल भाषाको प्रयोग भएको छ । यसमा तत्सम र तद्भव शब्दका साथै ठेट नेपाली शब्दको पनि पर्याप्त उपभोग गरिएको छ । वाक्य गठन कसिलो तर सरल प्रकारको छ । ठाउँ-ठाउँमा प्रयोग गरिएका उक्ति, सूक्ति र उखानले भाषाको सौन्दर्य झन् बढाएको छ । यो उपन्यास वर्णनात्मक शैलीमा रचना गरिएको छ । यसमा संवादात्मक शैलीको पनि उचित प्रयोग पाइन्छ ।

## ५.३ चप्पाकाजी उपन्यासको विश्लेषण

रुद्रराज पाण्डेको दोस्रो प्रकाशित उपन्यास हो । यसको प्रकाशन वि.सं. १९९३ सालमा भएको हो । राणाकालीन समाजमा वर्गीय स्वभावको व्यक्तिमा दुष्परिणिति व्यक्त गरिएको छ । यस उपन्यासमा राणाकालिन समयमा गरिब र धनी बीचको अन्तर सम्बन्धलाई पनि देखाउने काम गरिएको छ । बलियाले निर्बलियालाई शोषण, दमण, अन्याय अत्याचार गरेका पाइन्छ । बलिया वा धनीले जुवातास दुर्व्यसनी, यौन अत्याचार गरेको पाइन्छ । तत्कालिन युवापिँढीको प्रतिनिधित्व एउटा पात्रको माध्यमबाट गराई बाबुबाजेले आर्जन गरेको सम्पत्तिको दुरूपयोग गर्ने गरेको पाइन्छ । समग्रमा युवापिँढीहरूकुलत विकृतिमा फसेको भविष्यको कल्पना नगरेको यस उपन्यासमा देखाउनु खोजिएको छ ।

### ५.३.१ कथानक

**चप्पाकाजी** उपन्यासको थालनी त्यो विशाल जगत्मा भएको परिवर्तन र अझ भनौं वैज्ञानिकहरूले खोज गर्दा गर्दै बाँकी रहेका कुराहरूबाट थालनी गरिएको छ । यत्रो यो भू-मण्डलमा अनगिन्ती प्राणीहरूको सृष्टि भएको छ । सबै प्राणीले आ-आफ्नै स्थान पाएका छन् । यस्तो यो संसारमा 'मै हुँ', "म बराबर ठूलो त को छ खोई ?" (चप्पाकाजी २०५२:१:१ भन्न सक्नु कम साहसको कुरा होइन तर चक्करबहादुर काजीलाई ठूलो घमण्ड थियो । उसले अरुलाई मानिसै मान्दैन्थे । कसैले उनलाई ठूलो भनिदिए नाक फुलाउँथे, पुर्खौली धनको घमण्ड थियो । एकदिन काजी साहेबकहाँ यारदोस्तहरू सबै जम्मा भएका थिए ।

उपन्यासको नायक 'चप्पाकाजी' (चक्करबहादुर काजी) यस उपन्यासको प्रमुख पात्र हो । विकृति, विसङ्गति, दुराचार, यौन धन्दा आदिमा फसेको काजीले आफ्ना बाबुबाजेले कमाएको धन सम्पत्तिको दुरूपयोग गरेको छ । पढे लेखेका मानिस काम नपाई हिँडेको देखेर आफूले नपढ्ने निधो गरेको बताउँछ । काजीको दुश्चरित्र नै यस उपन्यासको मुख्य भाव बनेको छ । समाजमा नराम्रा काम गर्न सहयोग गर्ने सहयोगी श्यामे, दिले, लीले, मदने, चनखजस्ता चम्चा-दलालहरूका आडमा परस्त्री उपभोग गर्ने काम गरेको छ । समाजमा वा काठमाडौंमा जात्रा, पर्व, विवाह, उत्सव, बजार, हाट जतातत्तै घुमफिर गर्दा जति मान्छेहरू भेटिन्छन्, ती मध्ये काजीका आँखा आईमाईमा ठोकिने गर्दथे । उसले घर्तीकी छोरी रूपलता, चम्पाकली जस्ता आइमाईलाई सम्पर्कमा राख्दछन् । उनको यो काम सफल बनाउन उनका चम्चा सक्रिय भएर काम गर्दथे । काजी पनि यस्तो कामको लागि जति पनि पैसा खर्च गर्दथे । यसबाट काजीको सम्पत्ति दिन प्रतिदिन उड्दै जान्छ । यस्तो नराम्रो काममा लागेका काजी पछि उनको सबै सम्पत्ति सकिएपछि गाउँमा उनलाई पछि सानो रकम तीन, चार, रूपैयाँ पनि सापट लिने अवस्थामा पुग्दछन् । काजीले आफ्नो सबै सम्पत्ति सिध्याएपछि उनलाई पश्चाताप हुने गर्दछ । लोग्नेले सबै सम्पत्ति सिध्याएको थाहा पाएपछि कजिनी काजीलाई गोर्खा घर फर्कन अनुरोध गर्छिन् । यसपछि काजी अत्यन्तै भावुक बन्दछन् अनि कथा समाप्त हुन्छ ।

प्रस्तुत उपन्यासको कथानक विभिन्न उपकथा र विविध स-साना सन्दर्भ, उखान, टुक्का आदि मिलेर उनिएको छ । यो उपन्यास **रूपमती** को तुलनामा निकै फितलो र अव्यवस्थित जोरजामबाट निर्मित छ । यस उपन्यासमा मान्छेका मूल्यलाई वस्तुका रूपमा विनिमय गर्न चाहने दुराचारको

पराकाष्ठा प्रदर्शन गर्ने प्रवृत्तिबाट मुक्त भएको हुन नसकेको कुरा देखाउनु यस उपन्यासको अभीष्ट हो । यस उपन्यासको कथानक अति कल्पना र अति आदर्शका समष्टिमा निर्माण भएको छ ।

### ५.३.२ पात्र/चरित्र

रुद्रराज पाण्डेको **चप्पाकाजी** उपन्यासका पात्रहरूमा चप्पाकाजी (चक्करबहादुर काजी), दिले, लीले, मदन, श्याम, चनख, रूपलता, चम्पाकली, कर्णेल जब्बरध्वज खड्का, बिजुलीप्रसाद खत्री, काजी गाण्डिबध्वज, बल्लबभध्वज, काजिनी आदि रहेका छन् । चक्करबहादुर यस उपन्यासको केन्द्रीय पात्र हो । दिले, लीले, श्याम, मदनवीर आदि यारमण्डलीका साथीहरू सहायक पात्र हुन्, भने चम्पाकली र रूपलता नारी पात्र हुन् । अन्य बाँकी गौण पात्र हुन् । यी मध्ये यहाँ प्रमुख र सहायक मा कुनै मुख्य पात्रहरूको मात्र चरित्र चित्रण गरिएको छ ।

#### (क) चक्करबहादुर काजी

चक्करबहादुर काजी चप्पाकाजी उपन्यासको प्रमुख पात्र हो । काजी घमण्डी स्वभावका पात्र हो । काजीले कुनै पनि व्यक्तिलाई आफ्नो सामु सानो वा निर्जीव देख्ने गर्छ । आफ्ना बाबु बाजेले कमाएको सम्पत्तिको आडमा उसले आफूलाई महान सम्झन्छ । बाबुबाजेले कमाएको वा आर्जन गरेको सम्पत्तिको दुरूपयोग गर्न खप्पिस बनेका छन् । ऊ सम्पत्तिको प्रयोग गरी धेरै आइमाइलाई आफ्ना भोग्य वस्तुको रूपमा हेर्ने गर्दछ । चक्करबहादुरले आफ्ना दलाली चम्चाको प्रयोग गरी गाउँका वा सहरका धेरै नारीको अस्मीता लुट्ने गर्दछ । आइमाईलाई पाउनका लागि काजीले आफ्ना चम्चा कहाँ जति पनि पैसा खर्च गर्न तयार रहेका छ । पढ्न लेख्न काम नगर्ने निधो गरेका काजी परस्त्री लम्पट, मद्यव्यसनी, जुवा तास जस्ता दुराचारमा फसेको काजीले बाबुबाजेले कमाएको सम्पत्ति अनावश्यक रूपमा खर्च गरेको छ । यसरी आफ्ना बाबु बाजेले कमाएको सम्पत्ति सिद्धिएपछि काजी आफैं तीन, चार रूपैयाँ सापट लिने अवस्थामा पुग्दछ । जब काजीले पैसा सापट माग्न थाल्दछ अनि पश्चाताप हुन्छ । समाजमा काजीको नकारात्मक भूमिका रहेको छ । तत्कालीन युवाहरूको प्रतिनिधित्व गर्दै काजी जस्तै अन्य युवाहरूपनि नराम्रो काममा लागेर जीवन उर्वरा शक्ति खेर फालेका यस उपन्यासमा देखाउन खोजिएको छ ।

#### (ख) मदनवीर

मदनवीर **चप्पाकाजी** उपन्यासका विविध पात्र मध्येको एक हो । चप्पाकाजी उपन्यासको यारमण्डलीमा रहेको यारमण्डलीको एउटा सदस्य हो । नेपाली नारीलाई देखाएर ती नारीको रूपको वर्णन गरी चक्करबहादुरलाई उत्साहित गराई चक्करबहादुरको पैसा खर्च गर्न लगाउने काम गरेको छ । मदनवीरले आफ्नो जीवन धान्नका लागि चक्करबहादुरलाई अनेक बहाना बनाई काजीका पैसा असुल्ने काम गरेको छ । यारमण्डलीहरू विभिन्न ठाउँमा यात्रा गर्ने क्रममा देखेका आइमाईलाई काजीकै लागि उपयुक्त भएको भनी काजीलाई प्रशन्न बनाई काजीको सम्पत्तिमा आफ्नो मुहाली गरेका छन् । मदनवीरले काजीबाट पैसा, धन सम्पत्ति निकालेर आफ्नो गुजारा चलाउँदै आएको देखिन्छ । मदनवीरले काजीकै धन सम्पत्तिमा मोजमस्ती गर्दै रमाउने काम गरेका छ । मदनवीरले पनि यस उपन्यासमा नराम्रो बानी लिएर आफ्नो दिनचर्या चलाएको पाइन्छ । मदनवीर लगायतका उसका यारमण्डली साथीहरूमिलेर काजीको सम्पत्तिमा आफ्नो दिनचर्या चलाएको पाइन्छ । साथीको संगतमा लागेर राणाकाली नेपाली युवाहरूले आफ्नो भविष्यलाई अन्धकारतिर डोऱ्याएको सन्देश यस उपन्यासले दिन खोजको छ ।

**(ग) श्यामलाल**

**चप्पाकाजी** उपन्यासमा आएका यारमण्डलीहरूमध्येकै एक सदस्य वा उपन्यासको सहायक पात्र श्यामलाल हो । चप्पाकाजी उपन्यासमा रहेका विविध पात्र मध्येको श्यामलाल चक्करबहादुरको एउटा प्रमुख चम्चा दलालीको रूपमा उपन्यासमा आएको छ । श्यामलालले काजीलाई गर्नुपर्ने सबै कुराको व्यवस्था गर्ने काम यसले गर्दछ । श्यामलालले काजीको सम्पत्तिमा आफूले लगायत यारमण्डलीका दोस्तहरूले मोज गर्ने सम्मको व्यवस्था पनि मिलाउने काम गरेको छ । काजीका पैसाको प्रयोग गरी काजीका लागि आइमाई उपलब्ध गराउने काम पनि यसै मार्फत भएको छ । काजीलाई आइमाईहरूको सतीत्व हरण गर्न लगाउने जिम्मेवारी पनि श्यामलालले लिएको पाइन्छ । श्यामलालले काजीको सम्पत्तिमा आफूले मोज गर्दै, काजीलाई कमजोर बनाउन यसको प्रमुख भूमिका रहेको छ । श्यामलालको प्रयासले रूपलता, चम्पाकली जस्ता नारीको इज्जत लुट्न काजी सक्रिय देखिएका छ । उपन्यासमा सक्रिय भएर काजीलाई सहयोग गर्ने काम श्यामलालबाट भएको छ । श्यामलालको उपस्थिति उपन्यासमा सुरुदेखि अन्त्यसम्म नै भएको छ । श्यामलाल साहसी र दायित्व प्रति सचेत व्यक्तिको रूपमा देखिएका छन् ।

(घ) **रूपलता**

**चप्पाकाजी** उपन्यासमा आएका नारी पात्र मध्येकी एक सशक्त पात्रका रूपमा रूपलता आएकी छ । बिजुली प्रसादले रूपलतालाई काजीको घरमा ल्याइ राखिदिएको छ । चक्करबहादुर काजीको घरमा जेठी मुखीनी हुँदाहुँदै पनि सौताको रूपमा रूपताल देखा परेकी छ । रूपलता निम्न मध्यम परिवारमा जन्मेर पनि रूप र सीपकी धनी भएकाले बिजुली प्रसादको सहयोगले काजीको घरमा भित्रिएकी छ । काजीले उनलाई देख्दा बेहोस नै भएकाले रूपलता सौन्दर्यकी प्रतिमूर्ति नै बनेकी छ । काजीले उनलाई उपभोग गर्न आफूले विरामीको बहाना पनि गरेको थियो । रूपलतामा सुन्दरताको घमण्ड पनि पाउन सकिन्छ । रूपलताको बानी मदिरापान जस्ता अशोभनीय कार्य गर्ने रहेको छ । घरमा जेठी मुखिनी हुँदाहुँदै पनि काजीको स्वास्नीको रूपमा आउनु एउटा अस्वभनीय अवस्था देखिन्छ । साथै राणाकालीन नेपाली समाजमा बहुविवाहको कुरालाई उनको प्रसङ्ग मार्फत देखाएको छ । घरमा एउटी श्रीमती हुँदाहुँदै रूपलता सौता बन्न आएकी छ ।

**५.३.३ परिवेश**

**चप्पाकाजी** उपन्यासको परिवेश नेपाली भूमिमा रहेको छ । तर पनि सुरुमा इङ्गल्याण्ड, जर्मन, अमेरिकाको कुरालाई पनि समावेश गरिएको पाइन्छ । जे-जस्तो भएता पनि वास्तवमा नेपालको बागमती अञ्चलको काठमाडौं, ललितपुर जस्ता जिल्लाको विभिन्न ठाउँमा घटेका घटनालाई श्रृङ्खलाबद्ध रूपमा राखिएको छ । जाउलाखेल, टुँडिखेल, गोरखा जस्ता ठाउँमा भएका मेलापर्वको चित्रण यस उपन्यासमा पाइन्छ । चक्करबहादुर जस्ता बाबुबाजेले आर्जन गरेको धन सम्पत्तिमा वाला व्यक्तिलाई यस उपन्यासको प्रमुख पात्र बनाई दिएको छ । भने त्यसैमा निम्न वर्गका अन्य व्यक्तिलाई पनि उपन्यासमा स्थान दिई उपन्यासको घटना अगाडि बढेको पाइन्छ । चक्करबहादुरले आफ्नो बुबाबाजेको धन सम्पत्तिको आडमा विभिन्न स्त्रीहरूलाई उपभोग गर्दै हिँडेको र पछि आफैं टाट उल्टने प्रकारको परवेश यस उपन्यासमा आएको छ । रूपलता चप्पाकली जस्ता निम्न वर्गका तर सीप र रूपले पूर्ण स्त्रीहरूको चित्रण पनि पाइन्छ । यस्ता रूप र सीपले पूर्ण रहेका स्त्रीलाई काजीले पैसाको प्रयोग गरी उपभोग गर्दै गएको कुरा देखाई तत्कालीन राणाकालीन समाजको चित्रण गर्न खोजिएको छ ।

### ५.३.४ उद्देश्य

**चप्पाकाजी** उपन्यासले राणाकालीन समयमा बाबुबाजेले आर्जन गरेको धनसम्पत्तिको दुरूपयोग गरी परस्त्रीहरूको उपभोग गर्दै, जुवा, तास, मध्यपान, दुराचार गरी पछि आफ्नै नै टाट पल्टेको अवस्था देखाएको छ । नचाहिँने मात्रामा घमण्ड गरेमा खाल्डोमा परिन्छ भन्ने सन्देश यस उपन्यासले दिएको छ । राणाकालीन समयमा ठगी, जुवा, तास, दुराचार, परस्त्री लम्पट जस्ता अवैद्य क्रियाकलापले निम्न वर्गका स्त्रीहरूले भोग्नु परेका अपमान देखाइएको छ । धनीले आफ्नो इच्छाएको काम पूरा गर्न जति पनि पैसा खर्च गर्न तयार हुने कुरा यस उपन्यासका देखाएको छ । धनीले गरिबलाई दमन गरेको देखाइएको छ । राणाकालीन समयमा स्त्रीलाई हेर्ने प्रवृत्ति यस उपन्यासमा प्रस्ट रूपमा देखिएको छ । वास्तवमा राणाकालीन समयमा हुने गरेका अन्याय, अत्याचार, दुराचार, परस्त्री लम्पट, जुवा, तास, मध्यपान, खानपान, मेला, पर्व र जात्रा आदि ठाउँमा घट्ने घटनालाई आधार बनाई तत्कालीन समयको चित्रण गर्नु यस उपन्यासको मुख्य उद्देश्य हो ।

### ५.३.५ दृष्टिविन्दु

**चप्पाकाजी** उपन्यासमा रहेका पात्रहरूका बारेमा उपन्यासकार स्वयम् नै सर्वज्ञ भएर भनेका छन् । परन्तु हाम्रा चक्करबहादुर काजीलाई ठूलो घमण्ड थियो - आफ्नो सामुन्ने कसैलाई मानिसै गन्दैनथे, (चप्पाकाजी १:१) । यसबाट उपन्यासकारले नै बोलेकाले वा आफूले भोगेझैं भनेकाले यस उपन्यासमा तृतीय पुरुष वा बाह्य अन्तर्गत पनि सर्वज्ञ दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.३.६ भाषाशैली

**चप्पाकाजी** उपन्यासमा राणाकालीन समयको विषयवस्तुलाई लिएर बनाइएको उपन्यास हो । विशेषतः यस उपन्यासमा सहरीय भाषाको प्रयोग छ । तर पनि ग्रामीण भाषा पनि प्रयोग कतै कतै पाइन्छ । यस उपन्यासमा सुक्ति, उखान टुक्काको प्रशस्तै मात्रामा प्रयोग गरिएको छ । हिन्दी, संस्कृत भाषाको पनि प्रयोग गरिएको छ । धार्मिक कुराहरूपनि आएका छन् । जस्तै :- चाँगुनारायणको जल, भगवतीको प्रसाद लिने पुजारीहरूपनि त्यही डटेका हुन्थे (चप्पाकाजी १०:५६) । रूपमतीको तुलनामा यो उपन्यास अलि फितलो र अव्यवस्थित कथाको जोरजामबाट मिलाएको छ । संस्कृत, हिन्दी भाषाको साथै अन्य भाषाको पनि प्रयोग गरिएकोले भाषा शैली अलि बुझ्न कठिन छ । व्यक्तिगत भाषाको

प्रयोगले उपन्यासको कथावस्तुमा अर्कै तुल्याएको छ । अलङ्कारको प्रयोगले भाषामा सौन्दर्यता थपेको पाइन्छ । वास्तवमा उपन्यासमा सहरीय आदर्शलाई देखाउने प्रयास भएको छ ।

### ५.४ प्रायश्चित्त उपन्यासको विश्लेषण

**प्रायश्चित्त** रुद्रराज पाण्डेको तेस्रो उपन्यास हो । यसको प्रकाशन वि.सं. १९९५ सालमा भएको हो । वि.सं. २००० सालभन्दा पूर्वको नेपाली समाजमा विद्यमान छुवाछुत, जातिपाति आदिको ढोङी र आडम्बरीको आवरणभित्र तथाकथित मर्यादा बचाउने स्वाङ प्रस्तुत उपन्यासमा प्रशस्त पाइन्छ । राणाकालीन नेपाली समाजमा विकृतिपूर्ण अर्थव्यवस्था, कृषकहरूको शोषण, चक्रवृद्धि दरको व्याजमा पैसा खेलाउने सामान्तहरूको आचरणमा आधारित छ । एकातिर आदर्शका नाममा निर्मित भएका पण्डित र अर्कातिर खाएको ऋण तिर्न नसक्ने आसामीकी तरुणी छोरीको सतीत्वहरण गर्ने धारण भएको पण्डितको कुचरित्र उपन्यासको मूल कथ्य बनेको छ ।

#### ५.४.१ कथानक

उपन्यासको प्रमुख पात्र श्रीराम शर्मा गाउँमा सल्लाह दिने काम गर्दथे । जे परि आए पनि सबै जसो शर्माकहाँ नै पुग्थे । पण्डितजी मालोमाल थिए, मस्त थिए । उनको घरमा असामीहरूले थुप्रै खानपानका मालसमान लिएर आउँथे । तर आफ्ना जहान, बालबच्चाको भने प्रवाह नै थिएन । पण्डित नगद नारायणका परम भक्त थिए, सच्चा सेवक थिए । ‘गाँठ गुमाऊँ त मैं परिजाउँ’ भन्ने उनको सिद्धान्त थियो । कसैलाई सितैमा केही नदिने उनको सिद्धान्त थियो । चक्रवृद्धि व्याजले चाँडै नै असामीका खेतहरू पण्डित बाजेका नै हुन्थे । असामीले पैसाको व्याजका सट्टा कसैले नुन, कसैले तेल, कसैले दाउराको ठेक्का, कसैले तरकारी पुऱ्याउनु पर्दथ्यो । यसरी जीवनमा रडाको मच्चाएका पण्डित एक दिन घरैमा दिक्क भए ।

कहिले घर नछाड्ने मानिस एकदिन चौतारा पुगेछन् । त्यहाँ उनको एकजना लम्बोदर भन्ने असामी रहेछन् । लम्बोदरले शर्मालाई देख्ने बित्तिकै सबै बन्दोवस्तो मिलाई सकेको थियो । पण्डित घरमा पुगेपछि उनको गोडा सम्म धुने काम हुन्छ । यसरी घटनाक्रम अगाडि बढ्दै जाँदा लम्बोदरकी छोरीको तिर्से नजरले पण्डितजीको कलेजा छिया-छिया पार्दछ । पूजा सिद्धिएपछि रम्भा भित्र गइन् । लम्बोदरले ‘नानी ! तमाखु भरेर ल्याऊ बा’ भनेको आवाजले बल्ल पण्डितजी होसमा आउँछन् । रम्भाले

तमाखु ल्याएर पण्डितलाई टक्र्याएपछि पण्डित २/३ सर्को तमाखु खाएर 'अहा ! क्या मीठो रहेछ (प्रा १:७) लम्बोदार र पण्डितको कुराकानी चलिरहेको हुन्छ । रम्भा र आमाले खानेकुरा बनाउँछन् र लम्बोदर पनि गाउँघरतिर कतै केही खानेकुरा खोज्न हिँडछन् । पण्डितजी भने रम्भाको यादमा तड्पी रहेका हुन्छन् । त्यसपछि खानपान भयो खानपान भइसकेपछि पण्डितजी लम्बोदरको घरबाट विदावारी भए । पण्डितजीलाई रैरकम चल्लनुभन्दा ब्याज बट्टा गरेर पैसा सँगाल्न नै असल लाग्यो । बाबुबाट पाएको धन एक चुनदाम पनि घट्न दिएका थिएन । पण्डितजी घरमा आए पनि उनको जीवनमा अर्कै मोड लिइ सकेको थियो । यसपछि काजी, भक्कड, वृन्दा, खग्गु आदिसँग कुराकानी चल्छ । फागुनको महिना थियो पण्डित शर्मा काजीका साथ चौतारा तर्फ बढेका थिए । त्यसपछि पण्डितजी र काजीसँग आगन्तुकको भेट हुन्छ । त्यसपछि रम्भा अपहरणको खबर सुन्दछन् । रम्भालाई अपहरण गरी एउटा अँध्यारो कोठामा यातना दिइएको हुन्छ । उनको सतीत्व हरण गर्ने प्रयासमा विरूपाक्ष निरौलाको हुन्छ । भने उत्ता रम्भाको आमा बितिसकेकी हुन्छे । शर्माको सहयोगमा पछि रम्भाको उद्धार हुन्छ । पछि रम्भालाई श्रीराम शर्माकहाँ ल्याउँने बाचा हुन्छ तर बीचैमा रम्भालाई ज्वरो आउँछ । त्यसपछि त्यहाँ नै उपचार गर्न लगाइन्छ । यताबाट श्रीराम शर्मा पैसाको भोला बोकी त्यसतर्फ लाग्दछन् ।

**प्रायश्चित्त** उपन्यासमा सुरुदेखि दुःखतका कुरा रहेर आए पनि पछि उपन्यास सुखान्त नै देखिन्छ । यस उपन्यासमा रम्भाको माध्यमबाट आदर्शको प्रयोग गरिएको छ । तर 'रूपमती' उपन्यास जस्तो पूर्ण आदर्श नभए पनि एउटा आदर्श छोरीको रूपमा रम्भालाई प्रयोग गरिएको छ । पण्डितहरूले आदर्शलाई भुलेर समाजमा अत्याचार गरेको वा आसामीका घरबास र नारीको सतीत्व हरण गर्ने सम्मका कार्य यस उपन्यासमा भएका छन् । रैखिक र परम्परित ढाँचामा लेखिएको छ । उपन्यास आदि, मध्य र अन्त्यको श्रृङ्खलामा निर्माण भई राणाकालीन नेपाली समाजको चित्रण गरेको छ ।

### ५.४.२ पात्र/चरित्र

रुद्रराज पाण्डेको **प्रायश्चित्त** उपन्यासमा जम्मा एक्कासी जति पात्रको प्रयोग भएको पाइन्छ । यस उपन्यासको प्रमुख पात्र श्रीराम शर्मा हो भने प्रमुख नारी पात्र रम्भा हुन् । यस उपन्यासको प्रमुख खल पात्र विरूपाक्ष निरौला हो । भने रसिक मोहन, भक्कडबहादुर काजी, सनकसिंह नगरकोटी, खग्गु गजुरेल, वृन्दा लगायत केही सहायक र अन्य गौण पात्र रहेका छन् । यी मध्ये प्रमुख पात्र र प्रमुख

खलनायक पात्रको यहाँ क्रमशः चर्चा गरिएको छ ।

**(क) पण्डित श्रीराम शर्मा**

**प्रायश्चित्त** उपन्यासको प्रमुख पुरुष पात्र श्रीराम शर्मा हो । उपन्यासमा कथावस्तु सुरु हुँदा देखि अन्त्य नहुँदासम्म उसको भूमिका रहेको छ । श्रीराम यस उपन्यासको गतिशील पात्रका रूपमा रहेको छ । शर्मा कर्तव्य बोधको विवेकले गति छाडेको मानसिक भावनामा खटपट परेको व्यक्तिका रूपमा देखिन्छ । शर्माको जीवन यत्रतत्र सलबलाउन पुगेको छ । मानव जीवनको श्रृङ्खलाहीन परिस्थितिमा बहेको उनको जीवन चरित्र देखापर्दछ । शर्माले आफ्नो पारिवारिक परिस्थितिलाई नियन्त्रणमा राख्ने प्रयास गर्दथे । ऊ चक्रवृद्धि व्याजद्वारा चाँडै नै आसामीका घरखेतहरू आफ्ना कब्जामा पार्ने काम उनी गर्दथ्यो । उनको अर्नकरी प्रवृत्ति स्पष्ट देखिएको छ । तत्कालीन राणाकालीन नेपाली समाजमा श्रीराम शर्मा गरिबहरूलाई पैसा सापटी दिएर उनीहरूको घरखेत समेत हात पार्ने प्रवृत्ति भएको एउटा दुष्ट पात्र हो । गरिबका छोरीहरूको सतीत्व लुट्न खोज्ने, गरिबका घरखेत कब्जामा लिने पात्रका रूपमा रहेको छ । "यो क्या हो, के गरेको, भो, भो यो स्वाङ पर्दैन । मलाई मेरो रुपियाँ देऊ म जान्छु" (पृ. ६) भन्दै गरिबहरूलाई धम्की दिने प्रवृत्ति उनमा पाइन्छ ।

**(ख) रम्भा**

**प्रायश्चित्त** उपन्यासकी प्रमुख नारी पात्रका रूपमा रम्भा आएकी छ । शीलस्वभाव र सौन्दर्यले सजिएर प्राकृतिक छटालाई समेत परास्त गर्ने शक्ति भएकी चौतारा लम्बोदार लम्सालकी छोरी रम्भा होइन । "बा ! ज्यूनारलाई के तयार पार्ने भनेर आमा सोध्नु हुन्छ' (पृ. ८) । रम्भाका यस्ता कथनले अतिथिको रूपमा उपस्थिति भएकाको मनलाई समेत फिका पारिदिन स्वभाव छ । व्यवहारिक चातुर्यले गर्दा उनको कार्यकुशलता स्पष्ट रूपमा झल्कीएको छ । दुष्ट ! नराद्यम ! कुकर्मी ! एउटी दुर्वल अबलालाई निस्सहाय अवस्थामा पाएर हरेर ल्याउने पापी ! पर जा मेरा सामुन्ने न आ ! " (पृ. ११३) भनेर आदर्श छोरीको परिचय दिएकी छ । निरौलालाई तेरो मुठीको माखो बनेर त केही गरे पनि बस्ने होइन भन्ने जस्ता सहासी विचार अभिव्यक्त गर्नु । खबरदार ! यहाँ मलाई हात नहाल । दुष्ट ! नराद्यम !!

के तँलाई थाहा छैन ? स्त्रीको सतीत्व नै उत्तम रत्न हो । नरकबाट बच्ने कवच हो । जीवन समुद्र पार गर्ने डुङ्गा हो । खान्दानको उचनीचता जाँच्ने ढुङ्गा हो (पृ. १३१) । जस्ता रम्भाका कथनले उनको आदर्शतालाई प्रस्तुत गरेको छ । रम्भाले आफ्नो गाउँ, घर प्रतिको माया पनि यस उपन्यासमा देखाएकी छ ।

### (ग) विरूपाक्ष निरौला

प्रायश्चित उपन्यासको प्रमुख खलनायकका रूपमा विरूपाक्ष निरौला आएको छ । धनतेज र बलतेजका प्रतीकको रूपमा निरौलालाई उपन्यासकारले लिएका छन् । निरौला धन र बलका शक्तिले हात उठाए जे पनि सफल पार्न सकिन्छ भन्ने अहम्वादी मानसिक भावना पाइन्छ । ऊ निम्न वर्गीय नारीहरूको सतीत्व हरण गर्दै हिँड्ने व्यक्ति हो । उसको जीवन दर्शन सुरा र सुन्दरीमा लठिने तथा कामवासनामा अनुरागी मुग्ध हुने खालको देखिन्छ । आफ्नो स्वार्थ पूरा गर्न साम, दाम, दण्ड, भेद जस्ता सबै नीति अपनाउने र अवस्था अनुसार शक्तिशाली र निरीह दुवै प्रकारको पनि हुन सक्ने व्यक्तिका रूपमा विरूपाक्ष निरौलालाई लिन सकिन्छ ।

## ५.४.३ परिवेश

प्रायश्चित उपन्यासमा राणाकालीन नेपाली परिवेश रहेको छ । तत्कालीन समयमा प्रचलित विविध चालचलन र धारणालाई उपन्यासमा प्रयुक्त पात्रहरूले सजीव रूपमा प्रस्तुत गरेका छन् । यस उपन्यासमा अभिजात वर्गमा पाइने मोजमस्तीको अमानवीय व्यवहार निरौलाको चरित्रबाट स्पष्टिन्छ, भने त्यस्तै सुन्दर स्त्रीको लोभ लालसमा धनजनको अनुचित प्रयोग गरेको श्रीराम शर्माको भ्रष्ट सामान्ती चरित्रलाई उदाङगो देखाइएको छ । धनसम्पत्तिको छाडा रूपमा खर्च गरी सामाजिक प्रतिष्ठा जस्तो महफ्वपूर्ण पक्षलाई वास्ता नगर्ने तथा क्षणिक सुख भोगका निम्ति सुन्दरीको पछि हिँड्ने श्रीराम शर्मा "गाठ गुमाऊँ त मै मरिजाऊ' भन्ने सिद्धान्त थियो । कञ्जुस शर्मा स्त्रीको पछि लागेर धनको बेवास्ता गर्न पुगेको छ । श्रीराम शर्मा र विरूपाक्ष निरौलाका अतृप्त यौन कामनाले समाजमा अनैतिकता देखाइएको छ भने अर्को तर्फ निम्न वर्गीय गरिब जनताहरू सामन्त र स्वार्थतातीर निरन्तर आफूलाई समर्पित गराउन बाध्य भएका छन् । नेपाली समाजको व्याप्त धार्मिक भावनालाई पनि प्रस्तुत गर्ने काम भएको छ । यसरी अभिजात वर्ग र निम्न वर्गका पात्रहरूले नेपाली परिवेशलाई प्रस्तुत गरेका

छन् । यहाँ काठमाडौं, मकवानपुर, बालाजु, नक्साल, बनेपा, नगरकोट, धुलिखेल, सुनकोशी नदी, बूढानिलकण्ठ आदि ठाउँको परिवेश पनि टड्कारो रूपमा आएका छन् ।

### ५.४.४ उद्देश्य

राणाकालीन नेपाली समाजमा व्याप्त दुर्नीतिलाई प्रस्तुत गर्ने प्रायश्चित उपन्यासको मूल उद्देश्य हो । प्रस्तुत उपन्यास नेपाली समाजमा व्याप्त विकृतिपूर्ण अर्थव्यवस्था, कृषकहरूको शोषण, यौन अत्याचार, धार्मिक अन्धविश्वास, चक्रवृद्धि दरको व्याजमा पैसा खेलाउने जस्ता उद्देश्य रहेका छन् । आदर्शका नाममा निर्माण भएको पण्डित्य र अर्कातिर खाएको ऋण तिर्न नसक्ने आसामिकी छोरीको सतीत्व हरण गर्ने विकृत आचरणमा पण्डितको दुश्चरित्र उपन्यासको मूल कथ्य बनाइएको छ । समाजको विकृतिलाई प्रस्तुत गर्ने क्रममा नै यहाँ श्रीराम र रम्भाको प्रणय प्रसङ्ग उर्बर बनेको छ । मूलतः राणकालीन नेपाली समाजमा भएका विकृति, विसङ्गती, अन्याय, अत्याचार उत्पीडन शोषण, दमन आदि प्रस्तुत गर्नु यस उपन्यासको मूल उद्देश्य रहेको छ ।

### ५.४.५ दृष्टिविन्दु

**प्रायश्चित्त** उपन्यासमा उपन्यासकारले स्वयम् देखेको जस्तै गरी उपन्यासको वर्णन गरेको पाइन्छ । 'उनमा दिनलाई रात, रातलाई दिन तुल्याउने शक्ति थियो', (प्रा, १) । यस भनाईबाट यो उपन्यास बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु भएको पुष्टि हुन्छ । "यो क्या हो, के गरेको, भो, भो, यो स्वाङ पर्दैन । मलाई मेरो देऊ, म जान्छु" भन्दै पण्डितजी चिच्याउँथे, (प्रा ६) जस्ता वाक्यको प्रयोग भए पनि बाह्य वा तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग गरिएको छ ।

### ५.४.६ भाषा शैली

**प्रायश्चित्त** उपन्यासमा मूलतः राणाकालीन नेपाली समाजमा अभिजात वर्गका र निम्न वर्गका मानिसले बोल्ने भाषा प्रयोगमा छ । संस्कृत भाषाको प्रयोग गरिएको छ । ठेट नेपाली, थेगो, आफ्नै भाषा र कतै हिन्दी भाषाको पनि प्रयोग गरिएको छ । तत्सम एवम् आगन्तुक शब्दहरूको संयोजन पर्याप्त मात्रामा प्रयोग गरी उपन्यासलाई गति दिने काम भएको छ । लामा लामा वाक्य गठन गरिएका छन् । उपन्यास रैखिक र परम्परित शैली निजात्मक ढङ्गले लेखिएको छ । उपन्यासमा विषयवस्तुसँग मिल्दा पात्र र पात्रानुकूल भाषा र प्रस्तुतीकरण रहेको छ । “हाम्रो हुक्का कहाँ चल्छ र, नानी ! न टक्रयाऊ बा” (प्रा, ७) । जस्ता भाषाको प्रयोगले अभिजात वर्ग र निम्न वर्गको कुरा दर्शाएको छ । उपन्यासको भाषाशैलीमा विम्ब, अलङ्कारको उपर्युक्त संयोजन गरिएको छ ।

## ५.५ 'प्रेम' उपन्यासको विश्लेषण

'प्रेम' रुद्रराज पाण्डेको चौथो प्रकाशित उपन्यास हो । यस उपन्यासको प्रकाशन वि.सं. २००५ सालमा भएको हो । यस उपन्यासमा नेपालका पहाड, तराई र उपत्यकासम्मको परिवेशलाई ग्रामीण र सहरीया, दरबारियाहरूका खानदानी र तिनका नोकरचाकरका अवस्था र गाउँघरका श्रमिक, पल्टने गरिब किसानहरूका दैनिक अवस्थालाई उपन्यासमा स्थान दिइएको छ । यस उपन्यासले मुख्यतः समाज सुधार र अपेक्षित नारी शिक्षा उत्थान र चेतलाई आफ्नो कथ्य बनाएको छ । यो उपन्यासमा विश्रृङ्खलीत रूपमा निर्माण भएको छ । जम्मा सताइस परिच्छेदमा निर्माण भएको छ । कथान्यासका रूपमा पनि लिइन्छ ।

### ५.५.१ कथानक

उपन्यासको थालनी बेनबेलीले आफ्नो छोराले धारामा गएर पानी खेलाएको प्रसङ्ग मार्फत सुरु हुन्छ । यी बच्चाका बारेमा टोलका सबै महिला जम्मा भई कुरा गर्दछन् । बनबेलीको छोरा चुच्चे टोलका सबै केटाकेटीको प्रमुख थियो । उसैको मातहतमा सबै टोलका केटाकेटी खेल्ने गर्दथे । चुच्चे घरमा पनि विखण्डयाई नभिकेको दिनै थिएन । एकदिन डल्लीको छोरा पुड्केलाई चुच्चले निचेरेको थियो र आफू त्यो दिन पत्तासाप थियो । डल्लीले थुप्रै गाली गर्दा बनबेली अस्वभाविक भएकी थिइ । चुच्चे हराएकोले बनबेली निद्रामा पनि परेकी थिइन । एकजना मानिस चुच्चेको खबर ल्याएर आयो ।

चुच्चे मोटरले किचेर अस्पतालमा रहेछ । उपचार पाएपछि चुच्चे ठीक भयो अनि भुवनले मोटरमा घर ल्याइदियो । त्यसपछि भुवन प्रेममा पर्दछ उसको मनमा थुप्रै प्रश्न उठ्छन् । चुच्चेमा पनि पढ्ने मानसिकता आउँछ र पढ्न भुवन कहाँ जान्छ । भुवनका बारेमा रजहाँस चुच्चे मार्फत कुरा बुझिरहेकी हुन्छे । एकदिन रजहाँस भुवनलाई लिएर भुवन कहाँ पुग्छे । केही कुरा हुन्छन् त्यहाँ भुवनकी बहिनी राजेश्वरी पनि हुन्छे । केही समय पछि भुवन पढ्न भारत जान्छ । उता चुच्चेलाई स्कुलमा भर्ना गराइन्छ त्यहाँ उसले नराम्रा काम गर्दछ । घरको सम्पत्ति पनि चोरेको हुन्छ । तर भुवन चाहिँ आफ्नो पढाइमा मस्त हुन्छ । साथीहरूले उसलाई रातदिन किताब पढेकोमा रिस गर्दै गिज्याउने गर्दछ । आफूहरू परीक्षामा असफल भइने भनी चिन्ता गर्दछन् । तर चुच्चेको बुद्धि केही गरे पनि सप्रेन । भुवनले छोडेपछि उसले नपढेर हाकुचाको पसलमा किताब राखेर दिनभरि खेलेर बिताउँछ, केही समय पछि चोर्ने ठग्ने काम गर्दछ । यसैको पिरले आमा बनबेलीको पनि निधन भयो । त्यसपछि झनै चोर्ने काममा र ठग्ने काममा सक्रिय भयो र चित्तु साहुको औंठी पनि जाल गरेर लियो । त्यसपछि ऊ नेपाल नबसी भारतमा गएर दिन काट्न लागेको थियो । अनि भुवन भने नेपाल फर्किएको थियो । एक दिन काठमाडौंको शिक्षित समाजमा भुवनको ठूलो चर्चा चल्छ । उसले एम.ए. मा प्रथम श्रेणी र पुरस्कार पनि पाएको हुनाले सम्मान थियो । बज्रयोगीनी माईको जात्रामा उनलाई कुकुरले अलमलाई दिएर लोटाई दियो अनि उनलाई निधारमा चोट लागेर बेहोस भए । त्यसैबेला एक युवतीले उनको उपचार गरिन पछि मदनले सहरतिर ल्यायो । यता भारतमा भर्ती चलेको थियो त्यसै समयमा चुच्चेकी साथी चमेली भर्ती भई चुच्चे एक्लै भयो त्यसपछि ऊ पनि त्यही भर्ती भयो । त्यही चुच्चे (चक्रबहादुर)ले अपूर्व वीरता प्राप्त गऱ्यो, यसमा संसारले नै जिब्रो टोक्यो ।

सेतुले नेपालमा सबैलाई रिझाएको थियो । त्यसैले ऊ पुगेको ठाउँमा कहाँ के कमी हुन्थ्यो । सेतुको मगज पनि तारिफ लगाएको थियो । सबैले स्याबासी नदिई सुखै थिएन । जाँगरिलो फुर्तिलो थियो । समयमै सबै काम इमानादारीका साथ गर्दथ्यो । सेतुलाई बन जाँचको लप्टन साहेब भनेर दुनियाँ रैतीले टाढैबाट बराबर सलाम गर्दथे, (पे ५३) । उनले पनि हाँसेरै फकाउँथे । सहर छाडेर आएपछि सेतुकी मुखिनी लप्टनी साहेब एक विता टेकेर हिँड्थिन । उनले सेतुले कमाएको सबै आफैँ थन्क्याउँथिन । सेतु मुखिनीको सबै क्रियाकलाप देखि थकित थिए । सेतुको आम्दानी बढ्दै गएको थियो । सेतुकी काकीलाई मुखिनीले गरेको कुव्यवहारले पनि दिक्क भएका थिए । सेतुका दिन साह्रै नराम्रो रूपमा बित्दै गएका थिए । उता छोरीको पनि उमेर १५ भई सकेको थियो । आमा छोरीको पनि सम्बन्धमा केही

नराम्रो नै हुँदै गएको सेतुलाई थाहा थियो । त्यसपछि छोरी प्रेम र सेतुका बीचमा वार्तालाप भयो । छोरीलाई पढाउने विचार गर्छ । छोरी म्याट्रिकुलेशन दिई पास भएपछि विश्वविद्यालयमा भर्ना गराई अंग्रेजी पढ्न लगाउँछ । प्रेमले त्यस विश्वविद्यालयमा पहिले केही दुःख भोग्न पुगे पनि पछि त्यस छात्रावासमा राम्रो काम गरेर सम्मान पाउँछे । उनको पढाई पनि राम्रो नै हुन्छ । उता सेतु कटहरवनबाट सरुवा हुने हल्ला चल्छ । त्यसपछि सेतु ५१ दिनको विदा लिएर सहर पुग्छ । त्यसपछि सेतुले आफ्नै पुरानै ठाउँका सबै घटेका घटनाहरू बुझ्दै जान्छ ।

प्रस्तुत उपन्यास विश्रृङखलीत रूपमा लेखिएको छ । उपन्यासका चरित्रको निर्माण स्वभाविक तवरबाट हुन पाएको छैन । परिच्छेद अनुसार कथावस्तु पनि फरक देख्न सकिन्छ । उपन्यासमा कथोपकथको गथासो अस्वाभाविक हदसम्म तन्केको छ । यस उपन्यासलाई कथान्यासीक उपन्यास पनि भनिन्छ । यस उपन्यासका सत्ताइस परिच्छेदलाई कथनका आधारमा दुई परिच्छेदमा प्रस्तुत गर्ने काम गरिएको छ ।

### ५.५.२ पात्र/चरित्र चित्रण

रुद्रराज पाण्डेले रचेको 'प्रेम' उपन्यासमा जम्मा पचासी जति पात्रहरूको भूमिका रहेको छ । उपन्यासमा पुरुष र स्त्री दुवै पात्र रहे पनि स्त्री पात्रको माध्यमबाट पारिवारिक अवस्थालाई प्रस्ट्याउन खोजिएको छ । यस उपन्यासमा चक्रबहादुर (चुच्चे) को चरित्रमा नायकीय चरित्र रुमालिन सक्ने भए पनि लेखकले आदर्शको शिक्षा दिने क्रममा प्रेमलाई उपन्यासको नामाकरण गरी प्रमुख पात्र पनि प्रेम नै रहेको देखाएका छन् । उपन्यासले देखाउन खोजेको मूल सन्देश आदर्शको पाठ हो । त्यसैले भुवन, प्रेम, बनवेली जस्ता पात्र प्रमुख र उत्कृष्ट छन् भने ठोटरी, रजहाँस, लप्टनी र चुच्चे जस्ता निकृष्ट पात्रद्वारा उपन्यास निर्माण भएको छ । यहाँ यी थुप्रै पात्र मध्ये प्रेम, भुवन, सेतु, बनबेली, चुच्चेको चर्चा यहाँ गरिएको छ ।

(क) **प्रेम**

**प्रेम** उपन्यासको प्रेम केन्द्रीय पात्र हो । यस उपन्यासमा जीवनदर्शनलाई स्पष्ट रूपमा पुष्टि गर्नका लागि **प्रेम** आएकी छ । ऊ धैर्यवान, निच्छल कर्मवादमा विश्वास गर्ने पात्र हो । उनी आपतविपतमा सहयोगी भावना भएकी पात्र हो । समाज परिवर्तन गर्नुपर्छ भन्ने दृढता यिनमा पाइन्छ । प्रेम सहयोगी भएको कुरा उनले विरामीलाई आफ्नो कोठामा राखेकी थिइ त्यसबाट बुझ्न सकिन्छ । उसको भनाइ यसरी आउँछ । "यहाँले आत्तिनु पर्ने कुरै छैन; तकलीफ उठाउनु पर्ने जरुरत पनि छैन ।" बिरामीको आमालाई यस्तो वाक्य बोली आश्वस्त पार्न प्रस्तुत गरिएकाले उनको सामाजिक जीवन कहानी उर्वर बन्दै गएको छ । यस्तै प्रेमका बानी व्यवहारले गर्दा उपन्यसाले आदर्शको शिक्षा दिएको छ । समाजमा परिवर्तन गराउनु खोज्नु उनको मुख्य लक्ष्य देखिन्छ । महिलाले अङ्ग्रेजी पढ्नु पनि परिवर्तन गर्नुपर्छ भन्ने भावना प्रेमबाट पाइन्छ ।

(ख) **भुवन**

**प्रेम** उपन्यासको प्रमुख पुरुष पात्र भुवन हो । प्रेम उपन्यासमा उपन्यासलाई गति दिने क्रममा भुवनको महफ्वपूर्ण भूमिका रहेको छ । राणाकालीन समय प्रतिनिधित्व गर्ने परिश्रमी ध्यानी, ज्ञानी, कर्मठ, योग्य, सहयोगी, परिवर्तनशील पुरुष पात्र भुवन हो । समाजको परिवर्तनको लागि समाजमा शिक्षाको आवश्यकता पर्दछ भनी गाउँका साना बालबालिकालाई शिक्षादिक्षा दिने एउटा सहयोगी पात्र हो । समाज परिवर्तनका लागि गाउँका युवा पिँढीलाई शिक्षा दिएर यिनीहरूलाई समाज निर्माणमा लगाउनु पर्छ भन्ने र आफू पनि पढेर देश निमार्णमा लाग्ने उद्देश्य लिएको पात्रका रूपमा यस उपन्यासमा आएको छ । पढाइमा पनि सक्रिय रूपमा लागि आफ्नो एम.ए. सम्मको अध्ययन पुरा गरी फेरि आफ्नै गाउँमा आई देश र जनताको निम्ति सक्रिय रूपमा लाग्ने काम गरेको पात्र हो । अरुलाई पनि जानेको कुरा सिकाउनु पर्छ भन्ने भावना भएको भुवन एउटा सहयोग र कर्तव्यवादी पात्र हो । मानिसले आफ्ना व्यक्तिगत जीवन केही न केही निश्चित प्रकारका धारणाहरू सिर्जना गर्न सक्नुपर्छ भन्ने व्यक्ति भुवन हो । समाजमा समाज सेवाका काममा लागि परेकोले भुवन एउटा समाजमा सम्मानीत व्यक्तिका रूपमा देखिएको छ ।

**(ग) बनबेली**

**प्रेम** उपन्यासमा भएका विविध नारी पात्र मध्येकी बनबेली पनि हो । बनबली यस उपन्यासमा चुच्चेकी आमाको रूपमा देखा परेकी छ भने झलकबहादुरको जेठी स्वास्नीको रूपमा आएकी छ । धैर्यवान, संयम र सहिष्णुताको भावना भएकी नारी पात्र हो । आफ्ना लोग्नेले अर्की स्वास्नी ल्याउँदा पनि छोरो चुच्चेलाई साथमा लिएर सबै मेरो यही हो भनी बसेकी छ । साथै चुच्चेले गाउँमा नराम्रा काम गर्दा गाउँका सबै महिलालले उनलाई गाली गर्दा पनि सहेर बसेकी छ । त्यसैले बनबेलीलाई धैर्यवान नारीका रूपमा उपन्यासमा पाउन सकिन्छ । छोराको नराम्रो क्रियाकलापलाई आत्मसाथ गर्दै, छोरो सुधार्न थुप्रै प्रयत्न गरे पनि अन्तिममा उनी असफल भएको पाइन्छ । तर पनि बनबेलीमा भने सहनशीलता देखिन्छ । यिनको जीवनमा आध्यात्मिक भावना प्रवल रूपमा छाएको छ । संयम र सहिष्णुताको भावना जागरित भएको पाइन्छ ।

**(घ) सेतु (लप्टन)**

**प्रेम** उपन्यासमा सेतु उल्लेखनीय पात्र हो । सेतु प्रेमको बावु हो । सेतु सम्मानीत व्यक्तिका रूपमा यस उपन्यासमा आएको छ । आफ्नो कर्तव्यलाई सहजै रूपमा पालना गर्ने व्यक्तिका रूपमा पनि सेतुको स्थान रहेको छ । आफ्नो पूर्व अवस्थाको परिवेशमा आफूलाई पुऱ्याएर नैतिक कर्तव्य पथको बोधलाई स्मरण गर्दै आफ्नो आदर्शलाई देखाउने काम सेतुले गरेको छ । सामाजिक संरचनाको समीक्षा गर्दै नारी जातिहरू नै हिन्दु परिवारका स्तम्भ हुन भनेको छ । छोरीलाई उच्च शिक्षा पढाउन प्रेरणा दिने कुशल आदर्श व्यक्तिका रूपमा सेतुको आएको छ । नारीले पनि अंग्रजी शिक्षा अध्ययन गर्न सक्छन भनि छोरी प्रेमलाई भारतमा लिई क्याम्पसमा भर्ना गराई दिएको छ । समाज परिवर्तनमा सेतुको महफ्वपूर्ण भूमिका रहेको छ ।

**(ङ) चुच्चे (चक्रबहादुर)**

**प्रेम** उपन्यासमा प्रयोग भएका विविध पुरुष पात्र मध्येका एक प्रमुख खल नायकका रूपमा चुच्चे आएको छ । चुच्चे आफ्नो उमेरसँगै समाजमा कुटपिट, चोरी ढाँट, लुट जस्ता नराम्रा क्रियाकलापले आफ्नो परिवारमा दुःख दिएको छ । यसले भौतिकवादी नास्तिक जीवनदर्शन नै उसले जिजीविषाको मूलमार्ग लिएको छ । चुच्चे आफ्नो छुट्टै किसिमको जीवन दर्शन भएका व्यक्तित्व रूपमा

यस उपन्यासमा देखा परेका छन् । चुच्चेको भूमिका यस उपन्यासमा मुख्य भए पनि यसको जीवन दर्शनले उपन्यासकारले प्रमुख पात्रका रूपमा स्वीकार्न सकेका छैनन् । समाजमा विखण्ड मचाएर आफ्नो इजत र मर्यादा गुमाएको चुच्चे पछि नेपालबाट भागेर भारतमा जान्छ । आफ्नो प्रेमीका साथी सेनामा देश सेवाको लागि भर्ना भए पछि एक्कलै भयो । उसमा पनि देश सेवाको लागि सेनामा भर्ना भई देश जनताको तथा सत्यको पक्षमा विजय प्राप्त गरी समाजलाई आश्चार्य गराउनु चुच्चेको विशेषता रहेको छ ।

### ५.५.३ परिवेश

**प्रेम** उपन्यासको धरातल राणाकालीन नेपाली सामाजिक परिवेश रहेको छ । घरायसी झैं झगडा र परिवारका सदस्यहरूको आपसी मन मुटाव देखि लिएर सामाजिक परिवेशलाई चित्रण गर्ने जमर्को यस उपन्यासमा गरिएको छ । सबै पात्रहरू तत्कालीन समाजबाट लिइएका प्रतिनिधि पात्र हुन् । सबै पात्रहरूमा वर्गीय चरित्र त्यति सशक्त रूपमा नप्रष्टिए पनि वर्ग निरपेक्ष चाहिँ यहाँका पात्रहरू होइनन् । विशेष गरेर मध्यम वर्गीय पात्रहरूको क्रियाकलापले त्यस समयको परिवेशलाई बढी मात्रामा देखाइएको छ । उपन्यासमा नेपालको तराई प्रदेश, बागमती नदी, वीरगञ्ज, खिचापोखरी, बुढानीलकण्ठ, भारतका विभिन्न ठाउँ, विश्वविद्यालय, त्रिपुरेश्वर आदि बाह्य परिवेशका रूपमा आएका छन् । साथै पात्रका खुशी, रोदन, दुःख, पीडा, जस्ता मानसिक संवेगहरू आन्तरिक परिवेशका रूपमा आएका छन् । यसरी राणाकालीन सामाजिक परिवेशलाई चित्रण गर्ने काम यस उपन्यासमा भएको छ । यसरी देश, काल र परिस्थितिको उचित संयोजन उपन्यासमा देखिन्छ । उपन्यासले राणाकालीन नेपाली सामाजिक परिवेशलाई प्रस्तुत गरेको छ ।

### ५.५.४ उद्देश्य

**प्रेम** आदर्शवादी उपन्यास हो । राणाकालीन नेपाली समाजको मानसिकतामा परिवर्तन आउनु पर्ने कुरा यस उपन्यासले दिन खोजेको छ । यस उपन्यासमा छोरीलाई पनि पढाएर समाजमा परिवर्तनमा नयाँ वातावरण सिर्जना गर्न सेतुले छोरी प्रेमलाई विश्वविद्यालयमा पढाउन लगाएको छ । भुवनको पढाइले पनि आजका दिनमा पढ्लेख नगर्नु नराम्रो भएको परिस्थिति देखाउँछ । जसरी अशिक्षाको कारणले समाजमा बहुविवाह, बाल विवाह र अनमेल विवाह जस्ता कुरा प्रशस्तै मात्रामा

समाजमा थिए । परिवारमा मनमुटाव र झै झगडा थिए आदि विकृति अशिक्षाका कारणले भएको देखाउँछ । प्रस्तुत उपन्यासले समाज सुधार र अपेक्षित नारी शिक्षा र उत्थान चेतलाई आफ्नो कथ्य बनाएको छ, (रा.सु. २०५३ः पृ. ५७) । समाजका आकृतिलाई आदर्शको जडी भनेर सजाउन स्थानीय सुधार गर्नु, समाजमा नारीलाई पनि शिक्षा दिनुपर्छ भन्ने कुरा यस उपन्यासमा प्रस्तुत गरिएको छ । आफू बाँचेको समाज र जीवनपद्धतिलाई धर्म, जाति र संस्कारलाई आदर्शको कसीमा घोटेर परिमार्जन गर्ने अभियान यो उपन्यास सबल रूपमा भूमिका निभाएको पाइन्छ ।

### ५.५.५ दृष्टिविन्दु

उपन्यासमा कथयिताले कथा वाचनका लागि उभिन रोजेको ठाउँ नै दृष्टिविन्दु हो । यस उपन्यासमा आन्तरिक वा बाह्य दुवै दृष्टिविन्दुको प्रयोग गरेको पाइन्छ । उपन्यासको संक्षिप्त आलोचनामा भाषानुवाद परिषद्का भनाइमा "उही पात्रका मुखबाट कहीं ज्यादै गम्भीर विषय र कहीं भने डोके कुरा बोलाउनु अमिल्दो हो, अझ कहीं त स्वयं लेखक नै पात्र बनेका छन् । फेरि लेखकले दर्शाउन खोजेको कुरा धेरै जसो ठाउँमा मुखैले प्याचप्याच्ती पारेको देखिन्छ । एकवचन नबोलीकन खाली परिस्थितिबाट दर्शाउन सकेको भए लेखकलाई पूरा सफल भन्न हुन्थ्यो ।" भन्ने कुराले त प्रष्ट रूपमा नै मिश्रित दृष्टिविन्दु भएको झल्कन्छ । तर उपन्यासमा सुरु देखि नै तृतीय पुरुष दृष्टिविन्दु सबल रूपमा प्रयोग भएको छ । यस उपन्यासलाई पनि तृतीय पुरुष वा बाह्य्य दृष्टिन्दिुमा लेखिएको मान्न सकिन्छ ।

### ५.५.६ भाषाशैली

यस उपन्यासमा सरल, सुबोध र सरलताले युक्त भाषा शैलीको प्रयोग लेखकले प्रेम उपन्यासमा गरेका छन् । यसै कुरालाई भाषानुवाद-परिषद् यसरी लेख्छ - "यसको शैली ज्यादै सरल तथा रसिलो र मीठो छ । भाषा पनि बागमतीकै जल जस्तै सलल बगेको र ठेट पनि छ । अझ आइमाईको चरित्रचित्रणमा लेखकलाई धन्यवदा नदिई चित्त बुझ्दैन, (प्रेम २००५) । यसरी नेपाली भाषाको आफ्नोपनलाई ध्यान दिइएको कुरा पात्रहरूको बोलीबाट थाहा हुन्छ । यसरी उपन्यासमा ठेट नेपाली, अंग्रेजी, संस्कृत, फारसी, नेवारी, हिन्दी भाषाको प्रयोग पनि पाइन्छ । "हाम्रो छोरा ट यटि सानै उमेरमा यस्टा दुस्त छन् के भनौं ? भने जस्ता ठेट गाउँले भाषाको प्रयोग पनि छ ।

आकर्षक भाषाशैली र उखान, टुक्का सुक्तिको प्रयोगले उपन्यास अझ सम्प्रेषणीय बनेको पाइन्छ । पाण्डेले सामाजिक धरातलमा उपन्यासको निर्माण गरेकाले भाषाशैलीमा उनले कोमल पद र पदावलीको प्रयोग उपन्यास अझ सशक्त बनेको पाइन्छ । यसरी सामाजिक धरातलमा निर्माण भएकोले पाठकलाई पढ्न र बुझ्नका लागि पनि उपयुक्त मानिन्छ ।

## ५.६ 'हेरफेर' उपन्यासको विश्लेषण

'हेरफेर' पाण्डेको अन्तिम प्रकाशित उपन्यास हो । प्रस्तुत उपन्यास वि.सं. २००७ सालको परिवर्तनलाई आधार बनाई लेखिएको उपन्यास हो । तर यस उपन्यासको प्रकाशन भने २०४९ सालमा भएको हो । मूलतः राजनैतिक विषयलाई लिएता पनि विविध पक्षको चित्रण यस उपन्यासमा गरिएकोले यो सामाजिक उपन्यास हो । यसमा दुई पक्ष एउटा यथास्थितिवादी अर्को परिवर्तनकारी शक्तिका बीचमा भएको कुरालाई नाटकीय ढङ्गले प्रस्तुत गरिएको छ । गरिब निमुखाहरूलाई राणाहरूले दबाई राखेको यस अवस्थामा शिक्षित युवायुवतीको संलग्न रहेर राणाहरूका विरुद्धमा गरिएको आन्दोलन मुख्य कथावस्तु भएको छ ।

### ५.६.१ कथानक

जुठे धर्ती आँगनमा बसेर हुक्का गुडगुडाइरहेको थियो । भन्ने बाट उपन्यासको थालनी हुन्छ । सेतेको जहान घरमा बिरामी परेको अवस्थामा उसलाई कुनै कामको जिम्मा पर्दछ । मानेले कालेलाई जर्साहिब कहाँ सुन्तला माछा समयमा नै पुऱ्याउन चेतावनी दिन्छ । काले सुन्तला माछा लिए जाँदा बाटोमा लाहुरेसँग भेट हुन्छ । गफगर्दै जान्छन् यसै समयमा कालेले भन्छ, "यी ठूला भनाउँदाहरूलाई मर्नुपर्छ भन्ने डर हुँदैन रहेछ । हामीहरूत यिनका भोगका आहारा न हौ, (हेरफेर १:४) भन्ने वाक्य व्यक्त गर्दछ, किन भन्दा विहान पानी परिरहेको र बाटो एकदमै कठिन भएको अवस्थामा कुरा आएको हो । तर जर्साहिब चाहिँ आफ्नो छोरालाई पढाउन मास्टरको व्यवस्था गरेका हुन्छ । छोरा चाहिँ पढ्न मन लगाउँदैन । यसरी अरुलाई काममा लगाएर आफ्नो छोरालाई पढाउनु जसरी अन्याय देखेर सानुलालको घरमा भएको युवाहरूको हुलले त्यो अन्याय र अत्याचारको विरुद्धमा एउटा गुठ बनाउँछन्, आफ्नो जन्म

भूमिकाको सुरक्षा गर्ने कुरा गर्दछन् । "हे ईश्वर ! जे होस् हाम्रो जन्मभूमिको आँसु चाँडै पुछिदेऊ ( हेरफेर, ३:१३) । जस्ता वाक्य पुकार गर्दछन् । प्रतापले छोरीलाई पनि पढाउनुपर्छ, भन्ने कुरा आफ्नो बुबा समक्ष राख्छ र पढ्नेमा सहमत गराउँछ, तर कप्तान्नी चाहिँ यो कुरा अस्विकार गरिन् । जली पनि इमान्दार भई पढ्ने भइन मेहरले जलीलाई प्रताको जिम्मा छाडे । जली पढ्दै थिइन् । यता सानुलाल र उनका मित्रमण्डलीहरू बराबर बैठक चल्न थाल्छन् । आफ्ना सदस्यलाई राम्रोसँग परिचित गरी खुलेआम आन्दोलनका कार्यक्रम गरिरहेका थिए । किन भन्दा स्कुल, कलेजका नवयुवकको पनि सहभागी गराउने र विदेशमा रहेकाको पनि सहभागी गराउने कुरा चल्छ । गाउँमा धेरैले दुःख पाइसकेका थिए । यो कुरा जलीले पनि गाउँलेहरूलाई बाटोमा भेटेर सोधपुछ गरेकी थिइन् । गाउँलेहरूलाई एकजुट हुन सन्देश दिएकी थिइन् । जली र प्रतापका बीचमा गाउँमा भएको अन्याय, अत्याचारको बारेमा कुरा भयो र त्यसको विरुद्धमा लाग्ने अठोट
थिए । त्यसपछि जली एउटा टोली सहित पहाडमा गई त्यहाँका दुःख कष्टका बारेमा बुझ्ने अवसर पाए । भारतमा भएको परिवर्तनले पनि केही परिवर्तनको सपना दिएको थियो । रामप्रसादले नेपालबाट टोली लिएर भारत गए । त्यहाँका विश्वविद्यालयका प्रतिनिधि सही सबै बसेर आन्दोलनका कुरा चलाए । नेपालमा ठूलो जमात भयो । साथीहरू संगठित गर्न पिकनिकको आयोजना गरियो । नेपालका सबै तिर परिवर्तनका कुरा चल्छन् । वीरमान काठमाडौंमा नवयुवकलाई संगठन गर्दै परिवर्तनको शिक्षा दिन्छन् । जली पनि परिवर्तनमा नारी जातिको पनि भूमिका उल्लेख गर्छिन् । जली, प्रताप, वीरमान समाज सेवामा लाग्छन् । गाउँमा प्रशिक्षण दिँदै हिँडेका छन् । काठमाडौंमा भने प्रताप र जलीका बुबालाई गोली हानी हत्या गरियो । तर पनि परिवर्तनमा जली र प्रताप लागि रहे बरु दरबारमा नोकरी गर्ने कर्मचारीका छोरा छोरालाई हातमा लिनु पर्ने ठहर गरे । उता जर्साहेब चाहिँ दरबारमै रमाएर बसेका थिए, उनले आफूले टुँडिखेलमा घेरिएको सपना देखेर एक रात निद्रा नै परेको थिएन । प्रताप, वीरमान, सानुलाल, झपट र ज्योति सबै जेलमा पर्छन् । जेलमा दङ्गा मच्चिएको कुरा बाहिर आउँछ । जलीले रातो मसीले पर्चा गराई सबैलाई जानकारी गराउँछिन् । जर्साहेब कलकत्तातिर पुगेका थिए । खुलमखुल्ला विरोध हुन लाग्यो । राजमुकट र मातृभूमिप्रति बफादार रही आन्दोलन चलाए । नेपालको आन्दोलन बढ्दै गएको सुनेर जर्साहेब मूर्छा परे । आन्दोलनको परिणाम २००७ सालको परिवर्तन भयो । तर अवसरवादीहरूले देशभक्त बन्ने मौका छोपे । त्यस्ता अवस्था देख्दा वीरमान, प्रताप, जली, सानुलाल लगायतका देशभक्तिले फेरि सोचविचार गर्न कुरा चलाए र बैठक पनि बोलाउने गरेका छन् ।

यसरी हेरफेर उपन्यासमा पनि आदि, मध्ये र अन्त्य राम्रोसँग शृङ्खलाबद्ध रूपमा रहेको छ । आरम्भदेखि जली विद्यालय जाँदासम्मको कथानक आदि भाग हो भने सबै साथीहरू प्रहरीको हातमा पर्नुसम्मको कथानक मध्ये भाग हो र बाँकी अन्त्य भागका रूपमा रहेको छ ।

### ५.६.२ पात्र/चरित्र

पाण्डेको 'हेरफेर' उपन्यासमा थुप्रै पात्रहरूको उपस्थिति रहेको छ । ती पात्रहरू: प्रताप, जली, वीरमान, सानुलाल, झपट, जर्साहिब, बिच्छी पण्डित, रानीसाहेब आदि रहेका छन् । यी मध्ये वीरमान, प्रताप, जली मुख्य पात्र हुन् । भने सानुलाल, जर्साहिब, बिच्छी पण्डित, रानीसाहेब सहायक पात्र र अन्य गौण पात्र हुन् । यहाँ मुख्य पात्रहरूको मात्र चरित्र चित्रण गरिएको छ ।

**(क) जली**

'हेरफेर' उपन्यासको प्रमुख नायिका जली हो । मेहरकी छोरी तथा प्रतापकी बहिनी हो । पढ्न लेख्नमा उत्सुकता भएकी पात्र हो । उनले पहाडीयाहरू गन्थन गर्न लागेको देखेर सुनिन र सहन नसकी भनिन्, "के दैवलाई दोष दिनुहुन्छ ? के कर्मलाई दोष दिनुहुन्छ ? दैव र कर्म हिक्मतहाराले भन्ने कुरा पो हो" (हे४७) । भन्ने वाक्यबाट हामी अन्याय अत्याचारमा परेको त्यसैले यस्तो भएको कुरा गराई गाउँमा पनि परिवर्तन हुनुपर्छ गर्नुपर्छ भन्ने सन्देश दिएकी छ । राजमुकुट र मातृभूमिका निम्ति उनले ठूलो योगदान दिएकी छ । स्कुल कलेजमा नवयुवकहरूलाई देश प्रति बफादार हुनु, जागरण गरेकी छ । सह-पाठीहरू जेलमा परेपनि आफूले नेतृत्व लिएर परिवर्तनलाई संस्थागत गर्नु उनको महफ्वपूर्ण योगदान रहेको छ । "अत्याचार र अन्यायको विरोधीले जस्तो सुकै यातना पनि सहन कम्मर कस्नुपर्छ, (१६८) । जस्ता वाक्य उनीबाट व्यक्त भएकाले उनको उद्देश्य भावना प्रष्टसँग देखा पर्दछ । जली एउटा कर्मठ, निडर, साहसी, कर्तव्य पालना गर्ने र लगनशील पात्र हो । उनले आफ्नो कर्तव्य पालनालाई उनको आदर्श हो । यिनै पात्रको आधारबाट यो उपन्यास नै आदर्श बन्न पुगेको छ । यिनका माध्यमबाट नेपाली नारी वर्गले गरेका आदर्शका काम पुष्टि हुन्छ ।

**(ख) प्रताप**

**हेरफेर** उपन्यासको नायक वा पुरुष पात्र प्रताप हो । प्रताप मेहरको छोरा वा जलीको दाई हो । जलीलाई पढ्न लगाउनु पर्छ भनी नारीलाई पनि शिक्षा दिनुपर्छ भन्ने उनको परिवर्तनशील भावना पहिले देखि नै देखा पर्छ । जलीलाई क्रान्तिमा लाग्न पनि उसको ठूलो योगदान छ । सत्यको विजय अवश्य छ भन्दै, "हो, हाम्रो ध्येय सत्य छ भने जरुर हामी सफल हुन्छौं ( हे. ४५) । भनी हाम्रो उद्देश्य विफल गराउन विपक्षीहरूजति लाग्छन्, उत्ति हाम्रो सफलता हुन्छ, भन्दै सक्रिय रूपमा देश निर्माणमा लागेको छ । मर्ने चोला त हो के को डर, यो हाड मासुको पुतली आफ्नो मातृभूमिको सेवामा बलि हुन पाउँछ भने त्यो भन्दा ठूलो सौभाग्यको कुरा अरु के होला भनी निरन्तर रूपमा देशको निम्ति लागेको एउटा आदर्श पात्र हो । आफ्नो देशको राजमुकुट र मातृभूमिका निम्ति जीवनलाई हत्केलामा राखेर लड्ने एउटा कुशल देशभक्त नागरिक प्रताप हो । जस्तासुकै यातना भोगेर भए पनि आफ्नो अडानलाई छाड्न नहुने भन्दै परिवर्तनको पक्षमा उभिएको पात्र प्रताप हो ।

### (ग) **वीरमान**

**हेरफेर** उपन्यासको अर्को मुख्य पात्र वीरमान हो । उनले विचारको आदान-प्रदान परिमार्जन गर्नै पर्छ, भन्दै मौलिक विचारधारा प्रस्तुत गर्दछ । जसले प्रतिक्रियावाद र रुढिवादलाई उखेलेर फाल्न सकोस्, नयाँ समाजको निर्माण र नयाँ संसारको रचना गर्न सकोस् भन्ने विचार लिएर देखा परेको छ । नवयुवकलाई संगठन गर्न आफैँले एउटा तरिका निकाले र मातृभूमिको दुर्दशा देखेर साहित्यको माध्यमबाट दबेका भावना प्रस्फुटित गराउने काम गरेको छ । शिक्षित जमातलाई पनि एक ठाउँमा उभ्याउन सफल हुन्छ । देशको निम्ति लाग्न उसले अन्य देशको कुरा लिएर ती देशमा भएको परिवर्तनाई सुनाउँछ । देशलाई परिवर्तन गर्नका लागि प्रतापसँग कुम जोडेर लाग्छ । आफ्नो देशको राजमुकुट र मातृभूमिको निम्ति जेल खान्छ । जेलमा अफिसरले दिएका चेतावनीको प्रवाह नगरी उनले देशको निम्ति लडि रहने सङ्कल्प गर्दछ । जेलमा दङ्गा मच्चिए पनि तिनी निरन्तर रूपमा आफ्नो अडानलाई छाडदैंन । त्यसैले उनी एउटा आदर्श पात्रका रूपमा देखा परेको छ ।

### ५.६.३ परिवेश

**हेरफेर** उपन्यासले नेपाली राणाकालीन र प्रजातन्त्रको स्थापना हुँदाको समय २००७ सालको परिवेश रहेको छ । मुख्य स्थान नेपाल भए तापनि भारत लगायतका अन्य ठाउँको पनि आएको छ ।

नेपालको राजधानी लगायतका पहाडी ठाउँको पनि परिवेश रहेको छ । राणाकालीन समयको दरबारीय परिवेश पनि उपन्यासमा प्रष्ट देखा पर्दछ । कालीमाटी, थानकोट, टुँडिखेल, रानी पोखरी, पाँगा, दक्षिणकाली, रामेछाप, बुटवल, पाल्पा लगायत भारतका कलकत्ता, बम्बई, लखनऊ, आग्रा, दिल्ली जस्ता आदि ठाउँको चित्रण उपन्यासमा गरिएको छ । यसरी उपन्यासमा सुख, दुःख, खुसी जस्ता मानसिक संवेगहरू आन्तरिक परिवेशका रूपमा आएको देखिन्छ । यस उपन्यासमा गाउँलेहरूको जमघट र गाउँका पीडाबाट नै उपन्यासमा जनतालाई अन्याय र अत्याचारले दुःख, पीडा दिइरहेको देखाइएको छ । पहाडीयका दुःखलाई देखेर परिवर्तनका निम्ति कम्मर कसेर जली लागेकी छन् । समाजमा परिवर्तनको आवश्यकता देखेर राजमुकुट र मातृभूमिको रक्षाका लागि नवयुवाहरू क्रान्तिमा होमिएर देशमा प्रजातन्त्रको स्थापना गराएको कुराले पाठकलाई उत्साह थपी दिन्छ । यसरी परिवर्तन भइसके पनि फेरि अवसरवादीहरू पदमा बहाल भई दुरूपयोग गरेकोले पाठकमा फेरि क्रान्तिको महसुस पनि गराइएको छ । वास्तवमा नेपाली राणाकालीन परिवेशलाई उपन्यासमा देखाइएको छ ।

### ५.६.४ उद्देश्य

**हेरफेर** पाण्डेको अन्तिम उपन्यास हो । पाण्डेको मृत्यु पछि प्रकाशित उपन्यास हो । यस उपन्यासमा दुई वटा विषयवस्तुलाई लिइएको पाइन्छ । एउटा नेपाली ग्रामीण जनजीवनका पीडालाई र अर्को वि.सं. २००७ सालको परिवर्तनलाई लिएर राजनीतिक विषयवस्तुलाई आधार बनाई उपन्यासको रचना गरिएको छ ।" २००७ सालपछि नेपाली समाजमा आएको परिवर्तनलाई विषयवस्तु बनाएर लेखिएको प्रस्तुत उपन्यास नेपाली राजनीतिक इतिहासका केन्द्रमा अडेको छ । (रासु : २०६६:७८) । ग्रामीण जनजीवनका दुःख, पीडा, जीवन चलाउनका लागि गरिएको यात्रा पहाड, मधेश, नेपाल भारत गरेर आफ्नो जीवन चलाउन बाध्य बनेका नेपाली जीवनका समस्यालाई उपन्यासले कथा बनाएको छ । नेपाली ग्रामीण भेगका जनताले भोगेका दुःख पीडाका साथै वि.सं. २००७ सालको परवर्तनलाई देखाउनु उपन्यासको मुख्य उद्देश्य रहेको छ । २००७ सालको क्रान्तिले ल्याएको हेरफेरको यथार्थलाई उपन्यासले आदर्शको चिन्तनमा केन्द्रित गरेको छ, (रासु : २०६६:७८) । पहाडीयाहरूको प्रतिनिधित्व गराएर उपन्यासमा पहाडीयाले भोगेका दुःख पीडा देखाइएको

छ । भने पढे लेखेकाका प्रताप, वीरमान, जली जस्ता पात्रको प्रयोग गरी परिवर्तनको आशा सङ्केत गरिएको छ ।

### ५.६.५ दृष्टिविन्दु

**हेरफेर** उपन्यासमा तृतीय पुरुष वा बाह्य दृष्टिविन्दुको प्रयोग गरिएको छ । उपन्यास नाटकीय ढङ्गले लेखिएकोले यस उपन्यासमा बाह्य वस्तुपरक दृष्टिविन्दुको प्रयोग गरिएको छ । चरित्र तथा तिनका विचारप्रति कथपिताले कुनै टिप्पणी नगर्ने वा प्रतिक्रिया नदेखाउने भएकाले यसलाई वस्तुपरक भनिएको हो भने नाटकमा जस्तो कथयिता नदेखिने, उसले घटना तथा चरित्रबारे कुनै मूल्याङ्कन नगर्ने भएकाले यसलाई नाटकीय भनिएको हो, (बराल र एटम : २०६६:३६) । पाण्डेको यो उपन्यास पनि नाटकीकरण गरी लेखिएकोले यहाँ बाह्य वस्तुपरक दृष्टिविन्दुको प्रयोग गरिएको छ ।

### ५.६.६ भाषाशैली

**हेरफेर** राणाकालीन समयको सामाजिक उपन्यास हो । यस उपन्यासमा सामाजिक यथार्थको गम्भीर पक्षलाई गहन ढङ्गले विश्लेषण गरी समाज परिवर्तनको कुरा पनि औंल्याएकाले यो सामाजिक उपन्यास हो । यहाँ सहज, सरल भाषाको प्रयोग भएको छ । भाषा स्वाभाविकता, चरित्र र परिवेशमा नेपालीपन छ । यदाकदा हिन्दीका लोककथनहरू प्रयोग देखिए पनि त्यस्तो अनेपाली जस्ता चाहिँ लाग्दैन । उक्ति, सुक्ति, उखानले गर्दा भाषाको सौन्दर्य अझ बढाएको छ । वस्तुको कसिलो संगठन र कथ्यको धारिलोपन पाण्डेका उपन्यासमा पाइँदैन । यस उपन्यास नाटकीय शैलीमा रचना गरिएको छ । रूपमतीका स्रष्टा जसरी रहेका थिए त्यस्तै हेरफेरका स्रष्टा पनि कायम गरिएको पाइन्छ । यस उपन्यासमा ग्रामीण परिवेशमा बोलिने भाषाशैलीका साथै उच्च खानदान भएका दरबारीय भाषाको पनि प्रयोग भएको छ । तल्लो वर्गका पात्रका साथै माथिल्लो वर्गका पात्र प्रयोग गरी भाषालाई छुट्याउने काम भएको छ ।

## ५.७ निष्कर्ष

रुद्रराज पाण्डेका उपन्यासहरूको उपन्यास तफ्वका आधारमा विश्लेषण गर्दा उनका सबै उपन्यास आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासका रूपमा रहेका छन् । ग्रामीण र सहरिया दुवै ठाउँका मानवीय पात्रहरूको प्रयोग उपन्यासमा पाइन्छ । उपन्यासको कथानक आदि, मध्य र अन्त्यको रैखिक ढाँचामा आवद्ध छ । नेपालका गाउँ र सहर दुवै परिवेशका रूपमा आएका छन् । उनका उपन्यासमा राणाकालीन समाजमा हुने घटनालाई विषयवस्तु बनाएका छन् । समाजका विकृतिहरूको प्रस्तुत गर्ने काम गरेका छन् । नारीपात्रलाई प्राथमिकता दिँदै आदर्शको प्रयोग नारीमा विशेष रूपले गरेका छन् । विभिन्न पात्रको माध्यमबाट समाज सुधारको सन्देश उनका उपन्यासमा पाइन्छ । तृतीय पुरुष, वा बाह्य सर्वदर्शी वा वस्तुपरक दृष्टिविन्दुको प्रयोग उनका उपन्यासमा पाइन्छ । उनका उपन्यासमा सहज, सरल र आकर्षक भाषाशैली उखान टुक्काको सान्दर्भिक प्रयोग गरिएको छ । तत्सम, तत्भव र आगन्तुक सबै खाले शब्दहरूको प्रयोग गरिएको पाइन्छ । ग्रामीण स्तरमा बोलीने कथ्य भाषाको उचित प्रयोग पाइन्छ । उनका उपन्यास वर्णनात्मक शैलीका साथै नाटकीय शैलीमा पनि उपन्यासको कथानक सरलता पाइन्छ । साधारण पाठकका लागि बुझ्न सजिलो भाषाशैलीको प्रयोग गरी उपन्यासको रचना गरिएका छ ।

# छैटौं परिच्छेद

# रुद्रराज पाण्डेका औपन्यासिक प्रवृत्ति र योगदान

## ६.१ विषय परिचय

रुद्रराज पाण्डेको नेपाली उपन्यासका क्षेत्रमा आफ्नै विशिष्ट स्थान र पहिचान रहेको छ । पाण्डे आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यासकार हुन् । नेपाली उपन्यास परम्परामा विष्णु चरण श्रेष्ठको 'सुमती' (१९९१),'भीष्मप्रतिज्ञा' (१९९३), काशीबहादुर श्रेष्ठको 'उषा' (१९९५), 'वचन' (२००१), वेदनाथ आचार्यको 'दयाकी भावी' (१९७९), टुकराज पद्यराज मिश्रको 'रजबन्धकी' (१९९६) आदि थुप्रै उपन्यासकार देखा परेका छन् । पाण्डे वेदनाथ आचार्यको 'दयाकी भावी' (१९७९), रामप्रसाद सत्यालको 'महासती अनुसूपा' (१९८५) अम्वालिक देवीको 'राजपूतरमणी' (१९८९) आदि उपन्यास पछि पाण्डेको 'रूपमती' (१९९१), 'चप्पाकाजी' (१९९३), **प्रायश्चित्त** (१९९५), 'प्रेम' ( २००५), 'हेरफेर' (२०४९) उपन्यास देखा परेका हुन् । यी उपन्यासमा पाण्डेको उपन्यासको वस्तु नेपाली परिवेशका सामाजिक र पारिवारिक जीवनबाट लिएका छन् । पाण्डेले नारीको चरित्र र आदर्शलाई केन्द्रविन्दु बनाएर सिर्जना गरिएका उपन्यासहरू छन् । विशेष गरेर रूपमती, प्रेम, हेरफेर जस्ता उपन्यास

हुन् । राणाकालीन नेपाली परिवेशमा तयार गरिएका उपन्यासहरू भएकाले तत्कालीन परिवेशलाई प्रस्तुत गरिएको छ । यिनै विविध प्रवृत्ति अँगालेका पाण्डेका पाँचवटा औपन्यासिक कृतिहरू प्रकाशित भएका छन् । यिनै उपन्यासहरूका आधारमा पाण्डेका समग्र औपन्यासिक प्रवृत्तिहरूको निरूपण गरिएको छ ।

## ६.२ आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति

नेपाली उपन्यास परम्परामा आदर्शवाद र यथार्थवादको सम्मिश्रण भई आदर्शतिर उन्मुख कथानक भएका कृतिलाई आदर्शोन्मुख यथार्थवादी भनिन्छ । "खराब गर्नेलाई भगवान्ले दण्ड र राम्रो गर्नेलाई पुरस्कार दिन्छन् भन्ने देखाउनु (आदर्श) र त्यसको पुष्टिका लागि यथार्थ घटना सिर्जना गरी वर्णन गर्नु नै वास्तवमा आदर्शोन्मुख यथार्थवादको प्रवृत्ति हो, (बराल र एटम, २०६६:९०) जुन कृतिमा

आदर्शवादी जीवनदृष्टि र यथार्थवादको प्रयोग गरेर लेखिएका हुन्छन् ती साहित्यिक कृतिमा आदर्शोन्मुख यथार्थ पाइन्छ । उद्देश्यका रूपमा आदर्शको स्थापना गर्नु तर चित्रण चाहिँ यथार्थवादी हुनु आदर्शोन्मुख यथार्थवादको मूल विशेषता हो । आदर्शवाद विचारबाट निर्मित शब्द हो । यसको अर्थ 'संसारमा पदार्थ भ्रम हो' वा 'आत्म सत्य हो' भन्ने विचार हुन्छ । यसवादका व्याख्याता सोक्रेटस, प्लेटो, बर्कले, कान्ट, हेगेल आदि हुन् । विचारलाई मूल तफ्व र वस्तुलाई त्यसैको छापा वा अनुकृति मान्ने प्लेटो आदर्शवादका प्रख्यात दार्शनिक मानिन्छन् । त्यस्तै यथार्थवादको आधार भनेको भौतिकवाद हो । संसारलाई सत्य स्वीकार गरेर त्यसैबाट घटना र चरित्रलाई क्रमबद्ध विकासका आधारमा लिने गरिन्छ । सत्यको खोजी गरिन्छ । यथार्थवाद भनेको नै इमानदारीता हो ।

समाज र जीवन जस्तो हुनुपर्छ त्यस्तो चित्रण गर्नु, समाज र जीवन जस्तो छ त्यस्तो चित्रण गर्नु नै आदर्शोन्मुख यथार्थवादी उपन्यासको मूल धर्म हो । पाण्डेले आदर्शवाद र यथार्थवाद दुवैको समन्वय गरेर उपन्यासको रचना गरेको पाइन्छ । त्यसैले पाण्डेले पनि पहिला समाज जस्तो छ त्यस्तो चित्रण गरी अन्त्यमा कस्तो हुनुपर्छ भन्ने देखाउँछन् । यिनले रूपमतीमा नारीहरू जस्ता छन् त्यस्तै देखाएका छन् । रूपमती जस्ता सहनशील, सासु जस्ता कट्टर र बरालपुत्री जस्ता दुच्छर पात्र प्रयोग गरी समाजको चित्रण गरेका छन् । फेरि अन्त्यमा रूपमतीको नारी रूपलाई असल ठहऱ्याई आदर्शवाद देखाएका छन् । त्यसैले रूपमती, (१९९१), प्रायश्चित (१९९५), प्रेम (२००५) हेरफेर (२०४९) जस्ता उपन्यासमा आदर्श र यथार्थको सङ्गम पाइने हुँदा यिनको औपन्यासिक प्रवृत्तिलाई आदर्शोन्मुख यथार्थवादी भनिन्छ ।

समग्रमा पाण्डेका सबै उपन्यासमा राणाकालीन नेपाली समाजका अन्याय, अत्याचार, सामाजिक कुसंस्कार, बहुविवाह, बालविवाह, यौन दुराचार, शोषण आदिलाई विषयवस्तु बनाएर पाण्डेले आफ्नो भावना उपन्यास मार्फत प्रस्तुत गरेका छन् । यी समाजमा भएका विकृति, विसङ्गति, यौन दुराचार, दैनिक जीवनका पक्ष, सकारात्मक र नकारात्मक पक्ष, जातीय, लिङ्गीय विभेदको अन्त्य गरी समतामूलक समाज अर्थात् सामाजिक सुधारका पक्षमा उनका उपन्यासहरू रचना गरिएका छन् । समाज र जीवन जस्तो हुनुपर्छ त्यस्तो चित्रण गर्नु तथा समाज र जीवन जस्तो छ त्यस्तो चित्रण गर्नु नै मुल पाण्डेको प्रवृत्ति रहेको पाइन्छ ।

## ६.३ आधुनिक उपन्यासकार

रुद्रराज पाण्डेलाई नेपाली उपन्यास परम्परामा आधुनिक उपन्यासकार मानिएको पाइन्छ । बोलचालीको भाषामा सर्वप्रथम उपन्यासको रचना गर्ने उपन्यासकार पाण्डे नै मानिन्छन् । पाण्डेलाई आधुनिक उपन्यासका मान्ने सम्बन्धमा विभिन्न विद्वान्हरूमा मतभेद पनि छ । पाण्डेले नवीन र मौलिक उपन्यासहरूको रचना गरी त्यसलाई मौलिकता एवम् सामाजिकतातिर पनि लगाएका हुन् । नेपाली उपन्यास परम्परामा काल्पनिक, अतिरञ्जना, भावनात्मक उपन्यासको रचना भएको समयमा उनले आफ्नो छुट्टै पहिचान दिएर उपन्यासको रचना गरेकाले उनी आधुनिक उपन्यासकारका रूपमा देखा परेका हुन् । तर यिनका उपन्यासलाई आधुनिक र यिनका प्रवृत्तिलाई आधुनिकता भन्नचाहिँ आनेकाने नै गर्नु पर्ने स्थिति छ । जब सम्म कुनै कृति वा कृतिकारको प्रवृत्ति आदर्शोन्मुख हुन्छ तबसम्म त्यसलाई आधुनिक र आधुनिकतावादी भन्न मिल्दैन, (शर्मा र लुइँटेल २०५५:२५४) । यसै आधारमा आधुनिकता पाण्डेका प्रवृत्ति र विशेषता होइन भन्ने देखिन्छ ।

## ६.४ सामाजिकता

नेपाली उपन्यास परम्परामा रुद्रराज पाण्डे सामाजिक उपन्यासकार हुन् । समाजमा पाइने वस्तुस्थिति, घटना, पात्रहरूलाई लिएर निर्माण गरिएका उपन्यासलाई सामाजिक उपन्यास भनिन्छ । सामाजिक धरातलमा टेकेर उपन्यासको निर्माण गरिएको हुन्छ । रुद्रराज पाण्डेले उपन्यास लेखन थालनी गर्नु भन्दा पहिले सामाजिकताको अभाव देखिन्छ । पाण्डेका भन्दा पहिलेका उपन्यासमा काल्पनिकता, रहस्य, रोमान्स, अतिरञ्जना आदिको प्रधानता रहेको छ । नेपाली उपन्यास परम्परामा पाण्डेले नै सर्वप्रथम सामाजिकताको प्रभावकारी ढङ्गले प्रयोग गरेका हुन् । पाण्डेले रचना गरेका उपन्यासका विषयवस्तु र पात्रहरू यसै सामाजिक धरातलमा रहेका छन् । समाजबाट नै टिपेर उपन्यासको रचना गरेका छन् । उपन्यासका विषयवस्तु र पात्र समाजसँग सम्बद्ध छन् । पाण्डेले समाजमा हुने वा हुन सक्ने कुरालाई आधार बनाएर उपन्यासको सिर्जना गरेका छन् । रूपमतीमा पनि पाण्डेले नेपाली समाज र नेपाली पात्रलाई आधार बनाएर उपन्यासको सिर्जना गरेका छन् । यस्तै अन्य उपन्यास पनि पाण्डेले नेपाली रहनसहन, चालचलन, दैनिक अवस्था, राजनैतिक घटना क्रम आदिलाई आधार बनाई लेखेका छन् ।

### ६.५ मौलिकता

रुद्रराज पाण्डे मौलिक उपन्यासकार हुन् । उनका उपन्यासमा प्रशस्तै मात्रामा मौलिकता पाइन्छ । मौलिक भनेको अद्वितीय हुनु हो । जसको कुनै जोडा हुँदैन त्यो नै अद्वितीय र मौलिक हुन्छ । अरुको अनुवाद, नक्कल आदि नगरी आफ्नै सृजनात्मक प्रतिभाद्वारा तयार गरिएको रचनालाई मौलिक भनिन्छ । पाण्डे अद्वितीय मौलिक उपन्यासकार मानिन्छन् । यिनी भन्दा पहिलेका उपन्यासकारहरूले कसैको अनुसरण वा नक्कलमा अथवा उल्था आदिका रूपमा उपन्यास लेखेका हुँदा तिनमा मौलिकताको प्रायः अभाव रहेको छ । पाण्डेले नै सर्वप्रथम नौलो कथानक, नौलो चरित्र, नौलो शैली र नौलो शिल्पको प्रयोग गरी उपन्यास लेखेको हुनाले यिनलाई मौलिक उपन्यासकार भनिन्छ । मौलिकतालाई पाण्डेले उपन्यासको मूल प्रवृत्ति र विशेषतका रूपमा लिएका छन् ।

### ६.६ नारी अस्तित्व, स्वतन्त्रता र अधिकार/नारी प्रधानता

नारीवादी चेतना पाण्डेको उपन्यास लेखनको प्रमुख प्रवृत्ति हो । पाण्डेले नारीलाई प्राथमिकता दिएका छन् । नारीपात्रकै माध्यमबाट उपन्यासको शीर्षक निर्माण गरेका छन् । रूपमती, प्रेम जस्ता उपन्यासको शीर्षक नै नारी पात्रका नामबाट निर्माण गरेका छन् भने नारी अस्तित्वका लागि पनि विभिन्न सङ्घर्ष गरेको उपन्यासमा देखाइएको **प्रायश्चित्त** उपन्यासमा रम्भाले आफ्नो अस्तित्व जोगाउन गरेको सङ्घर्ष जस्ता कुरा देखाएर नारीले आफ्नो अस्तित्वको लागि दुःख भोग्नु परेको छ । साथै **प्रेम**, **रूपमती** र  **हेरफेर** जस्ता उपन्यासमा आफ्नो स्वतन्त्रताका लागि महिलाले पनि सङ्घर्ष गरेको देखाइएको छ । आफ्नो तथा समाजको अधिकारका लागि जलीले गरेको अपार संघर्ष पनि **हेरफेर**मा पाइन्छ ।

### ६.७ सुधार तथा सन्देशमूलक

रुद्रराज पाण्डेले सुधार तथा सन्देशमूलक उपन्यास लेखेर समाजलाई परिवर्तनको मार्गतिर अगाडि बढाएका छन् । समाजको नैतिक सुधार यिनका उपन्यासको मुख्य उद्देश्य देखिन्छ । रूपमती उपन्यासमा रविलाल र बरालपुत्रीको चरित्रमा परिवर्तन सुधारवादी दृष्टिकोण रहेको छ । सासुको कट्टरता समाप्त हुनु र बनारसबाट फर्केको हविलालले पाश्चात्य प्रभाव छाडी उचित बाटो समाउनु पनि सुधारवादकै उदाहरण हो । त्यस्तै प्रेममा चुच्चेले अन्त्यमा सम्मान पाउनु आदि सुधारवादी प्रवृत्ति

छन् । सन्देशमुलमा रूपमतीमा नारी सहनशील हुनुपर्छ अन्यथा परिवार भत्किन्छ भन्ने सन्देश दिन्छ । परिवारमा वा घरमा सुखी राख्न सबैमा एकता कायम गर्न असल नारीको हात हुन्छ भन्ने उपन्यासकारको भित्री मनसाय रहेको छ । त्यस्तै **चप्पाकाजी**मा घमण्ड गरेमा खाल्डोमा परिन्छ भन्ने सन्देश दिइएको छ । **प्रायश्चित्त**मा राणाकालीन दुर्गतिलाई प्रस्तुत गरिएको, प्रेममा छोरीलाई शिक्षा दिएर समाज सुधार गर्ने अपेक्षा लिइएको छ अनि हेरफेरमा नेपाली जीवनका समस्यालाई देखाउन खोजिएको छ ।

### ६.८ घटनाप्रधान

पाण्डे घटनाप्रधान उपन्यासकार हुन् । हुन त घटनाप्रधान उपन्यासमा कथानकको प्रधानता हुन्छ । तर फेरि घटनाप्रधान उपन्यास चरित्ररहित हुन्छ भन्ने चाहिँ होइन । घटनाप्रधान उपन्यासमा चरित्रभन्दा घटनाले बढी महफ्व पाएको हुन्छ । यस्तो उपन्यासमा घटनाको बहुलताको कारण रोचक कौतूहलबर्द्धक र गतिपूर्ण हुन्छ । रूपमतीमा घटनाको खहरे उर्लेको छ र त्यही उर्लदो खहरेका बेगमा पात्रहरू गतिमान भएका छन् । यहाँ मुख्य पात्रहरू गतिहीन र स्थिर छन् भन्ने खलपात्रहरू गतिशील छन् । त्यस्तै पाण्डेका सबैजसो उपन्यासहरू घटनाप्रधान छन् । उनका सबै उपन्यास घटना प्रधान भएकाले यो पनि पाण्डेको एउटा प्रमुख प्रवृत्ति हो ।

### ६.९ ग्रामीण तथा सहरिया परिवेशको चित्रण

पाण्डेका उपन्यासहरूमा नेपाली ग्रामीण र सहरिया दुवै परिवेशका साथै भारतका विभिन्न ठाउँको पनि चित्रण गरेको पाइन्छ । उनका सबै उपन्यासमा ग्रामीण तथा सहरिया परिवेश पाइन्छ । **रूपमती**मा राणाकालीन काठमाडौंका साथै काठमाडौं छेउछाउमा पर्ने ठाउँ तथा भारतको बनारसको परिवेश रहेको छ । **चप्पाकाजी**मा बागमती अञ्चलका काठमाडौं, ललितपुरलाई विशेष रूपमा लिइएको छ । **प्रायश्चित्त**मा काठमाडौं, मकवानपुर, बनेपा, धुलिखेल लगायतका परिवेश छन् । **प्रेम**मा बागमती नदी वीरगञ्ज, भारतका विभिन्न ठाउँ रहेको छन् । साथै राणाकालीन नेपाली समाज रहेको छ । **हेरफेर**मा बागमती अञ्चलका विभिन्न ठाउँ, पाल्पा, बुटवल, रामेछाप लगायत भारतका विभिन्न ठाउँ परिवेश रूपमा आएका छन् ।

## ६.१० निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको प्रयोग

पाण्डेका उपन्यासहरूका नेपाली समाजमा विद्यमान आर्थिक अवस्था पनि प्रस्तुत गरिएको छ । नेपाली समाजका निम्न वर्गीय, मध्यम वर्गीय र उच्च वर्गीय तीनै पात्रहरूको प्रयोग उपन्यासमा भएको पाइन्छ । समाजमा भएका तीनै वर्गको प्रतिनिधित्व हुने गरी पात्रहरूको निर्माण गरी उपन्यास लेखिएको छ । तत्कालीन समाजका आर्थिक अवस्थाको जानकारी गराउन उनले धनी र गरिब दुवै वर्गका पात्रको प्रयोग गरेका छन् । समाजका दैनिय अवस्थालाई लिएर उपन्यासको रचना गर्ने गरेका छन् । पाण्डेले धनीले गरिबहरूमा गर्ने व्यवहार पनि **प्रायश्चित्त** उपन्यासमा प्रष्ट सँग देखाएका छन् । यसरी पाण्डेले सबै वर्गका पात्रको प्रयोग गरी उपन्यासको रचना गरेका छन् ।

## ६.११ वैचारिकता र दार्शनिकता

पाण्डेका उपन्यासमा मूलतः आध्यात्मवाद रहेता पनि अर्कोतिर भौतिकवाद पनि सलबलाएको छ । समाजका राम्रा नराम्रा दुवै पक्षको सूक्ष्म विश्लेषण उनका उपन्यासमा गरिएको छ । उनको 'रूपमती' उपन्यास दार्शनिक पक्षसँग सम्बद्ध छ । समाजको संरचनका लागि आवश्यक पर्ने उपयोगी किसिमको नीति निर्देशन गर्नु नै दार्शनिक हो । त्यस्तै पाण्डेका 'चप्पाकाजी' मा भौतिकवाद र आध्यात्मवादी जीवन दर्शन पाइन्छ । 'प्रायश्चित' आध्यात्मवादी जीवनदर्शनको वकालत प्रेममा आस्तिक र नास्तिक भावमा पाइन भने हेरफेरमा पनि दार्शनिक पक्षसँग नै सम्बद्ध रहेको छ । तसर्थ पाण्डे सादा जीवन उच्च आदर्श विचारका पुञ्जका रूपमा रहेका छन् । पाण्डेका अधिकांश पात्रहरू अध्यात्मपरक नैतिक मूल्य-मान्यताबाट नै निर्देशित छन् ।

## ६.१२ योगदान

नेपाली साहित्यका धरोहर रुद्रराज पाण्डेलाई आधुनिक नेपाली उपन्यासका प्रारम्भकर्ता मानिन्छ । माध्यमिक कालीन जासुसी, तिलस्मी उपन्यास परम्पराको अन्त्य गर्दै आधुनिक उपन्यास परम्पराका प्रारम्भकर्ता पाण्डेको महफ्वपूर्ण योगदान रहेको छ । राणाकालीन नेपाली समाजमा घटेका घटनालाई उनले उपन्यासको विषयवस्तु बनाएका छन् । पाण्डेका उपन्यासमा यथार्थ चित्रण पर्याप्त मात्रामा गरिएको छ । नेपाली समाजमा घटेका

घटनालाई सामान्य बोलीचालीको भाषामा उत्तार्ने काम पाण्डेले गरेका छन् । उपन्यासमा आदर्शलाई केन्द्रमा राखेका छन् ।

पाण्डे सङ्ख्यात्मकभन्दा गुणात्मक उपन्यास रचना गरी समाज सुधार गर्ने काम गरेका छन् । उपन्यासमा विषयवस्तु हाम्रै समाजका विभिन्न घटनालाई लिएका छन् । राणाकालीन नेपाली समाजमा भोगिएका र भोग्न बाध्य बनाइएका घटनालाई पाण्डेले उपन्यासको माध्यममार्फत प्रस्तुत गरेका छन् । पाण्डेका उपन्यास यथार्थ धर्तीमा उभिएर तापनि आदर्शतिर उपन्यासलाई मोडकाले पाण्डेलाई आदर्शोन्मुख यथार्थवादी उपन्यासकार भनिएको छ । पाण्डेले समाजका सुख दुःख आशा निराशा बाधा अवरोध र साँस्कृतिक जीवनका विभिन्न क्रियाकलापलाई उपन्यासलाई विषयवस्तुको रूपमा लिएका छन् ।

पाण्डेका उपन्यासको कथानक कार्य-कारण शृङ्खलामा उभिएर व्यवस्थित ढंङ्गले प्रस्तुत गरेको पाइन्छ । यो उनको कथानक निर्माणको खुबी हो । उपन्यासको शीर्षक र उपन्यासमा वर्णित पात्रको नाम समेत एउटै बनाएका छन् । यो उनको कला मान्न सकिन्छ ।

परिवेशमा दृष्टिले पाण्डेका उपन्यासमा ग्रामीण र सहरिया परिवेशका साथै भारतका विभिन्न ठाउँको पनि उल्लेख गरेका छन् । नेपाली समाजमा व्याप्त सासुमण्डलीको सभा गर्ने र बुहारीलाई दण्ड दिने तथा पूजापाठ गर्ने परम्पराको रूपमा परिवेश रहेको छ । तत्कालीन राणाहरूको वा दरबारियाले जनतालाई दिइएको दुःख पीडाहरू उपन्यासमा देखाइएको छ । जे होस्, पाण्डेले उपन्यासको लेखन मार्फत समाजमा भएका व्याप्त विकृति विसङ्गतिको अन्त्य गर्नु पर्ने र आदर्श समाजको निर्माण गर्नु पर्ने सन्देश दिएका छन् ।

पाण्डेले उपन्यासमा सरल, सहज भाषाको प्रयोग गरेका छन् । तत्सम र तद्भव शब्दका साथै ठेट नेपाली शब्दको पर्याप्त उपभोग गरेका छन् । ठाउँ ठाउँमा उक्ति, सुक्ति र उखानटुक्का प्रयोगले अरु सौन्दर्य बढाएको छ । पात्रको संवाद र अन्य भाषाका वाक्यहरूको पनि सुहाउँदो र आवश्यक समावेश गरिएको पाइन्छ । वर्णनात्मक शैलीमा उपन्यासको रचना गरिएको छ । यसमा संवादात्मक शैलीको पनि

प्रयोग राम्रो छ । यसरी सहज, सरल, वर्णनात्मक साथै संवादात्मक शैलीको भाषाशैलीको प्रयोग गरेर उपन्यास लेख्नु उनको औपन्यासिक देन हो ।

नेपाली उपन्यास परम्परामा माध्यमिक कालीन जासुसी, तिलस्मी उपन्यास परम्पराको अन्त्य गर्नमा आधुनिक उपन्यासका प्रारम्भकर्ता पाण्डेको महफ्वपूर्ण योगदान रहेको छ । उनले आदर्शोन्मुख यथार्थवादी धारामा आफ्ना उपन्यास सिर्जना गरेका छन् । समाजमा रहेका प्रतिनिधि पात्रलाई आफ्नो उपन्यासका पात्र बनाई उपन्यासमा गति दिने काम गरेका छन् । समाजमा घटेका ज्वलन्त घटनालाई आधार मानी उपन्यासका पात्र निर्माण गरेका छन् ।

### ६.१३ निष्कर्ष

रुद्रराज पाण्डे नेपाली उपन्यास लेखनमा आधुनिककालका आदर्शोन्मुख यथार्थवादी धाराका एक सफल उपन्यासकार छन् । उनले आफ्ना उपन्यासको विषयवस्तु समाजका सुख दुःख, आशा निराशा, बाधा अवरोध र साँस्कृतिक जीवनका विभिन्न क्रियाकलापलाई लिएका छन् । पाण्डेले राणाकालीन नेपाली समाजका विकृति र विसङगतिप्रति व्यङ्ग्य गर्दै उपन्यासको रचना गरेका छन् । आदर्शोन्मुख यथार्थवादी प्रकृतिका उपन्यासका पाण्डेले आफ्नो उपन्यासमा मौलिकता, सामाजिकता, नारी अस्तित्व, स्वतन्त्रता र अधिकार, सुधार तथा सन्देशमूलक, घटनाप्रधान, ग्रामीण तथा सहरिया परिवेश, निम्न मध्यम र उच्च वर्ग, वैचारिकता र दार्शनिकता जस्ता औपन्यासिक प्रवृत्तिको प्रयोग गरेका छन् । नेपाली उपन्यास परम्परामा माध्यमिक कालीन उपन्यास परम्पराको अन्त्य गर्दै आधुनिकताको सूत्रपात गर्न महफ्वपूर्ण योगदान दिएका छन् । आधुनिककालको स्थापना गरेका छन् । नेपाली उपन्यास परम्परामा आदर्शोन्मुख यथार्थवादी धाराका उपन्यास लेखेका छन् । यही नै पाण्डेको उपन्यास परम्पराको औपन्यासिक योगदान र प्राप्ति हो ।

# सातौ परिच्छेद

# सारांश र निष्कर्ष

## ७.१ सारांश

रुद्रराज पाण्डेको उपन्यासकारिता शीर्षकको यस शोधपत्रको पहिलो परिच्छेदमा विषय परिचय, समस्या कथन, शोधकार्यको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य, महफ्व र उपयोगिता, अध्ययनको सीमाङ्कन, सामग्री सङ्कलन तथा शोध विधि, शोधपत्रको रूपरेखा जस्ता शीर्षक, उपशीर्षक राखेर यिनीहरूको चर्चा गरिएको छ ।

दोस्रो परिच्छेदमा मुख्य शीर्षक 'उपन्यासको सैद्धान्तिक परिचय' शीर्षकभित्र रहेर 'उपन्यासको व्युत्पत्ति र अर्थ, उपन्यासको परिभाषा, उपन्यासको स्वरूप, (उपन्यास जीवनको प्रक्षेपण हुन्छ, उपन्यासमा समाजको प्रस्तुतीकरण हुन्छ, उपन्यास साहित्यिक विधा हो, उपन्यास आख्यान हो, उपन्यास गद्यमा लेखिन्छ,), यी उपशीर्षकहरूको चर्चा साथै उपन्यासका तफ्वहरू(कथानक, पात्र/चरित्र, परिवेश, उद्देश्य, दृष्टिविन्दु, भाषाशैली) यी उपशीर्षकहरूभित्र रहेर उपन्यासको सैद्धान्तिक पक्षको सामान्य रूपमा चर्चा गरी सैद्धान्तिक पक्षलाई स्पष्ट पार्ने प्रयास गरिएको छ ।

तेस्रो परिच्छेदमा 'रुद्रराज पाण्डेको सङ्क्षिप्त जीवनी र सिर्जनाको पृष्ठभूमि' मूल शीर्षकमा जन्म र जन्मस्थान, शिक्षा दीक्षा, विवाह तथा सन्तान, लेखनका निम्ति प्रेरणा र प्रभाव, सम्मान र पुरस्कार, संस्थागत संलग्नता, उपन्यासकार व्यक्तित्व, यी उपशीर्षकहरूको विन्यास गरिएको छ ।

चौथो परिच्छेदमा उपन्यासका रुद्रराज पाण्डेको औपन्यासिक यात्रालाई मूलतः दुई चरणमा विभाजन गरेर प्रस्तुत गरिएको छ । उनको पहिलो चरण आरम्भदेखि वि.सं. २००५ र दोस्रो चरण वि.सं. २००६ पछि वि.सं. २०४७ सम्म उल्लेख गरिएको छ । चरण विभाजन गर्दा उनका उपन्यासमा पाइने प्रवृत्तिगत विशेषताका आधारमा गरिएको छ ।

पाँचौ परिच्छेदमा रुद्रराज पाण्डेको उपन्यासको विश्लेषण गरिएको छ । औपन्यासिक तफ्वका आधारमा विश्लेषण गरिएको छ । छैटौं परिच्छेदमा 'रुद्रराज पाण्डेका औपन्यासिक प्रवृत्ति र योगदान

मुख्य शीर्षक भित्र रहेर आदर्शोन्मुख यथार्थवादी प्रवृत्ति, आधुनिक उपन्यासकार, सामाजिकता, मौलिकता, नारी अस्तित्व, स्वतन्त्रता र अधिकार/नारीप्रधान, सुधार तथा सन्देशमूलक, घटनाप्रधान, ग्रामीण तथा सहरिया परिवेशको चित्रण, निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको प्रयोग, वैचारिकता र दार्शनिकता जस्ता प्रवृत्तिहरूको व्याख्या विश्लेषण गरिएको छ । पाण्डेले उपन्यास क्षेत्रमा पुऱ्याएको योगदानको पनि चर्चा गरिएको छ ।

## ७.२ निष्कर्ष

'रुद्रराज पाण्डेको उपन्यासकारिता' शीर्षकमा गरिएको यस शोधकार्यको निष्कर्ष निम्नलिखित बुँदामा समेटिएको छ :-

१. वि.सं. १९५७ चैत्र कृष्ण चौथी तिथिका दिन काठमाडौंको प्युँखा टोलमा जन्मेका रुद्रराज पाण्डेका उपन्यासमा आफू बाँचेको पर्यावरण, आफूले भोगेको सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक, राजनीतिक, शैक्षिक आदि क्षेत्रमा देखा परेका विकृति र विसङ्गतिका साथै राजनीतिक घटनाक्रम, जातीय विभेद, प्रेम, घृणा, विद्रोह, संयम, शोषण, दमन, अत्याचार, अन्याय, भ्रष्टाचार, कुरीति, कुसंस्कार आदि थुप्रै घटनाहरूको प्रत्यक्ष रूपमा नियालेर उपन्यास लेख्ने कार्यलाई पाण्डेले आत्मसात् गरेका छन् ।

२. १९९१ सालमा 'रूपमती' उपन्यास प्रकाशित गरेर उपन्यासकारका रूपमा उदाएका पाण्डेका हालसम्म पाँच वटा औपन्यासिक कृतिहरू प्रकाशनमा आएका छन् । पाण्डेका उपन्यासहरू यी हुन् :- 'रूपमती' (१९९१), 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५), र 'हेरफेर (२०४९), ।

३. पाण्डेका उपन्यासहरूमा निम्न, मध्यम र उच्च वर्गका पात्रहरूको प्रयोग गरिएको छ । पाण्डेका उपन्यासमा सामान्य वा गरिब वर्गका पात्रलाई अनुकूल र उच्च वा सामान्त वर्गका पात्रलाई प्रतिकूल भूमिकाको रूपमा चित्रण गरिएको पाइन्छ । उनका **चप्पाकाजी** बाहेकका उपन्यासमा बहुल पात्रको प्रयोग गरिएको पाइन्छ । उपन्यासको प्रमुख पात्रका रूपमा प्रायः नारीलाई लिइएको छ । तत्कालीन समाजको यथार्थ प्रस्तुत गर्ने खालका पात्रको प्रयोग गरिएको छ । यथार्थ जीवनका प्रतिनिधि पात्र प्रयोगमा आएका छन् । स्थिर, गतिशील, प्रमुख,

सहायक, गौण, मञ्चीय, नेपथ्य, बद्ध, मुक्त आदि सबै प्रकारका पात्रहरूको चित्रण उनका उपन्यासमा गरिएको पाइन्छ ।

४. पाण्डेले सामाजिक परिवेशलाई आत्मसात् गरिएकाले उनको उपन्यासका कथानक स्रोत सामाजिक यथार्थ रहेको छ । पाण्डेका सबै उपन्यासमा पारिवारिक कलह, राणाकालीन समयमा धनी गरिबका बीचको असमानता, अन्याय, अत्याचार, भ्रष्टाचार, शैक्षिक अवस्था, यौन दुराचार, राजनीतिक अवस्था वा राणाकालीन परिवेश, ग्रामीण भेगमा बसोबास गर्ने नेपालीले भोग्नु परेका दुःख, पीडा, कष्ट आदि घटनाक्रमलाई औपन्यासीकरण गरिएका छन् ।

५. राणाकालीन नेपाली समाजमा आधारित पाण्डेका सबै उपन्यासहरू संरचना, प्रवृत्ति, विषय र भाषाशैलीका आधारमा दुई चरणमा विभाजित गरिएका छन् । पहिलो चरण अन्तर्गत 'रूपमती' (१९९१), 'चप्पाकाजी' (१९९३), 'प्रायश्चित' (१९९५), 'प्रेम' (२००५) रहेका छन् । दोस्रो चरणको हेरफेर (२०४९) लिइएको छ । यसमा राजनैतिक घटनाक्रमलाई विशेष रूपमा लिइएको छ ।

६. राणाकालीन नेपाली समाजमा देखिएका, विकृति, विसङ्गति, शोषण, दमन, अन्याय र अत्याचार, पुरुषले नारीमा गर्ने व्यवहार, लिङ्गीय विभेद पारिवारिक कलह जस्ता कुराको प्रस्तुति देखिन्छ । पाण्डेका उपन्यासमा यी कुरा उल्लेख गर्दै समाजमा समता कायम गर्न, न्याय स्थापना गर्न, समाज सुधार गर्ने जस्ता सन्देश दिइएको छ । समाज र परिवारमा हुने घटनालाई उनका उपन्यासमा प्राथमिकता दिइएको छ । राजनीतिक, धार्मिक, सांस्कृतिक, कुसंस्कारको विरोध गर्नु पाण्डेका उपन्यासको उद्देश्य रहेको छ । मुख्यतः पाण्डेले रूपमती, प्रेम, जली जस्ता पात्रको प्रयोग गरी उपन्यासलाई आदर्शै आदर्शको कसीमा राखेका छन् ।

७. आदर्शवादी उपन्यास मूलतः पूर्वीय चिन्तनका आध्यात्मिक आस्थामा चढेर लेखिएका हुन्छन् । मानवीय अस्मिता भनेको ईश्वरीय प्रसाद ठान्ने, भौतिक शरीरलाई आत्मिक परिशोधनको साधन मात्र ठान्ने जस्ता आध्यात्मिक स्वरहरू पाण्डेका उपन्यासमा पाइन्छन् । सामाजिक जीवनको संगत र असंगतका द्वन्द्वहरूमा सत्को जय र असतको पराजय, सहनको सिद्धि र दुःसहनको

असिद्धि मान्यको आदर अमान्यको अनादर जस्ता अनेकौं कुकृतिहरू यिनका उपन्यासमा प्रदर्शित छन् ।

८. नेपाली समाजमा कर्मकाण्ड, जपतप, विधि व्यवहार, पाठपूजा, तीर्थव्रत, दान यज्ञ जस्ता कट्टरवादीपन विकसित भएको यिनका उपन्यासमा पाइन्छ । पछि पुनजन्ममा मात्र होइन यसै जन्ममा सुविधा प्राप्तिका लोभमा सामाजिक कार्यहरू हुन थाले । मान्छेलाई समाजमुखी आदर्शले लोभ्याउन थालेको पाइन्छ ।

९. पाण्डेका उपन्यासहरूमा तृतीय वा बाह्य दृष्टि विन्दुको प्रयोग भएको छ । कुनैमा आन्तरिक वा बाह्य दुवै मिश्रित दृष्टिविन्दुको प्रयोग गरिएको देखिए पनि उपन्यासको परिवेशदेखि पात्रको भाव, विचार र चिन्तनको चित्रण पाण्डे स्वयम्ले गरेका छन् । तसर्थ पाण्डेले उपन्यासमा तृतीय वा बाह्य सर्वदर्शी दृष्टिविन्दुको प्रयोग छ । नाटकीयकरण पनि पाइन्छ ।

१०. पाण्डेले आफ्ना उपन्यासमा विविध प्रकारको भाषाको प्रयोग गरेका छन् । उनले ग्रामीण तथा सहरिया दुवै परिवेशमा बोलीने भाषाको प्रयोग गरेका छन् । कतै नेपाली ठेट भाषाको प्रयोग गरेको पाइन्छ । काठमाडौंमा जन्मेका पाण्डेले राणकालीन परिवेशमा देखिने निम्न, मध्यम र उच्च वर्गमा बोलीने भाषाको प्रयोग गरेका छन् । विम्ब, प्रतीकयुक्त विशिष्ट साहित्यिक भाषाको प्रयोग गरिएका छन् । उपन्यासमा उक्ति, सुक्ति, उखान, टुक्का आदिको प्रयोग गरिएको पाइन्छ । साथै तत्सम्, तद्भव आगन्तुक तथा अन्य भाषाका शब्दहरूको प्रयोग पाइन्छ । सहज र सरल भाषाको प्रयोग उनका उपन्यासमा पाइन्छ । अर्थात् उनले पात्र अनुकूलको भाषाशैलीको प्रयोग गरेको पाइन्छ ।

११. नेपाली साहित्यका तत्कालीन साहित्यकार लेखनाथ, चक्रपाणि चालिसे, शम्भुप्रसाद, मणिदत्त र सुब्बा होमनाथ, केदारनाथ कृतिले पाण्डेलाई प्रभाव पार्नुका साथै हिन्दी साहित्यका प्रेमचन्द्रका कृतिले निकै प्रभाव पारेको थियो । यिनै कृतिहरूनै पाण्डेका साहित्य सिर्जनाका प्रेरणाका स्रोत हुन् । दरबार स्कुलमा पढ्ने समयमा नै साहित्यप्रेमी लेखनाथ, चक्रपाणि चालिसे, शम्भुप्रसाद, मणिदत्त, भोजराज पाण्डे आदि सँगको संगतले उनलाई साहित्य सिर्जनामा महफ्वपूर्ण प्रेरणा मिलेको हो ।

१२. पाण्डे मूलतः नारीवादी उपन्यासकार मानिन्छन् । उनले **रूपमती** जस्तो उपन्यास लेखी समाजमा परिवारमा घट्ने घटनालाई देखाउने काम गरेका छन् । उनका नारी पात्रमा आदर्श भेट्न सकिन्छ । नेपाली उपन्यास परम्परागत थुप्रै उपन्यास आएका छन् । तर आधुनिकताको सुरुआत पाण्डेकै **रूपमती** उपन्यासबाट भएको हो । यसै समयमा **सुमती** उपन्यास पनि देखा परेको छ । तर यसमा सामाजिकताको अभाव पाइन्छ । नेपाली उपन्यास परम्परामा पाण्डेको आफ्नो छुट्टै पहिचान रहेको छ । राणाकालीन नेपाली समाजमा विद्यमान विकृति, विसङ्गति र जातीय धार्मिक, यौन दुराचार जस्ता विकृतिलाई उपन्यासमा जस्ताको तस्तै प्रस्तुत मात्र नगरी सुधार गर्ने सन्देश पनि उनका उपन्यासमा पाइन्छ । संख्यात्मक हिसाबले कम भए पनि पाण्डेका उपन्यास गुणात्मक दृष्टिले महफ्वपूर्ण छन् । जब उनका उपन्यासको लेखन मार्फत आधुनिक कालको नै प्रारम्भ गरेका हो । पाण्डे आदर्शोन्मुख यथार्थवादी धाराका एक सशक्त उपन्यासकार हुन् ।

# सन्दर्भ सामग्री सूची

उप्रेती, त्रैलोक्यनाथ. २०४४. 'शिक्षा क्षेत्रमा सरदार रुद्रराज पाण्डेको देन'. (**गोरखापत्र** फागुन २९), पृ.९
।

कुँवर, उत्तम. २०२७. **स्रष्टा र साहित्य.** दो.सं. काठमाडौं : साझा प्रकाशन ।

गिरी, मोहन. २०३६. **रुद्रराज पाण्डेको व्यक्तित्व र कृतित्व.** अध्ययन पत्र त्रि.वि. स्नातकोत्तर उपाधिका लागि ।

घर्ती, दुर्गाबहादुर. २०६७. **मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान.** काठमाडौं साझा प्रकाशन ।

घिमिरे, कपिल. २०४४. रुद्रराज पाण्डे **मधुपर्क.** (वर्ष १९ अङ्क १२ पूर्णाङ्क २१५ वैशाख) ।

तिमसिना, डिल्लीराम. २०४४. 'सरदार रुद्रराज पाण्डे : एक संस्करण'. **गोरखापत्र** जेष्ठ २ ।

पराजुली, स्थीरप्रसाद. २०६२. **रुद्रराज पाण्डेका उपन्यासमा पाइने दर्शन, धर्म र नैतिम मूल्यमान्यताको विश्लेषण**. विद्यावारिधि शोध प्रबन्ध, रामसागर बहुमुखी क्याम्पस नेपाली शिक्षण विभाग, जनकपुरधाम ।

पाण्डे, खुमराज. २०४०. **रुद्रराज पाण्डेको जीवनी व्यक्तित्व र कृतित्व.**को अध्ययन काठमाडौं : त्रि.वि. ने.के. विभाग एम.ए. शोधपत्र अप्रकाशित ।

पाण्डे रुद्रराज २०६८. **रूपमती**.चौबिसौं संस्करण काठमाडौं : साझा प्रकाशन ।

............ २०५२. **चप्पाकाजी** . तेस्रो संस्करण काठमाडौं : साझा प्रकाशन ।

............ १९९५. **प्रायश्चित** . राष्ट्रिय पुस्तक मण्डल वीरगंज : (नेपाल) ।

............ २०५०. **प्रेम.** तृतीय-संस्करण वीरगंज : (नेपाल) ।

............. २०४९. **हेरफेर.** काठमाडौं : ने.रा.प्र.प्र. ।

पोखेल, बाबुराम. २०४४.'समाजको यथार्थ चित्रणका शिल्प' **गोरखापत्र**. जेठ ६ पृ. ४ ।

प्रधान, कृष्णचन्द्रसिंह.२०६१. **नेपाली उपन्यास र उपन्यासकार.** चौथो संस्क काठमाडौं साझा प्रकाशन ।

बराल, कृष्णहरि र एटम नेत्र. २०५५. **उपन्यासको विश्लेषण.** काठमाडौं : नवीन प्रकाशन ।

बराल कृष्णहरि र एटम नेत्र. २०६६. **उपन्यास सिद्धान्त र नेपाली उपन्यास.** तेस्रो संस्क काठमाडौं : साझा प्रकाशन ।

भट्टराई, गोविन्दप्रसाद, अनु. २०३९. **भरतको नाट्यशास्त्र**. काठमाडौं ने.रा.प्र.प्र. ।

भट्टराई, घटराज. २०३३. 'रुद्रराज : व्यक्ति र कृति' **मधुपर्क**. ६/७ काठमाडौं ।

राई, इन्द्रबहादुर. २०५२. **नेपाली उपन्यासका आधार.** ते.सं. काठमाडौं : साझा प्रकाशन ।

राय, गोपाल. १९७३. **उपन्यासका शिल्प.** पटना : हिन्दी ग्रन्थ अकादमी ।

शर्मा, मोहनराज. २०५९. **शैली विज्ञान** .दो. संस्क. , काठमाडौं : ने.रा.प्र.प्र. ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल. २०५५. **नेपाली कविता र आख्यान.** नवीन प्रकाशन ।

शर्मा मोहनराज र खगेन्द्रप्रसाद लुइँटेल. २०६६. **शोध विधि** .चौ.सं. काठमाडौं : साझा प्रकाशन ।

श्रेष्ठ, दयाराम सम्भव र शर्मा मोहनराज. २०३४. **नेपाली साहित्यको संक्षिप्त इतिहास.** (चौ.स) काठमाडौंः ने.रा.प्र.प्र ।

सुवेदी, राजेन्द्र. २०६६. **नेपाली उपन्यास : परम्परा र प्रवृत्ति.** ते. संस्करण काठमाडौंः साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव. २०२८. **विचरण.** काठमाडौं : भानु प्रकाशन ।

**त्रि.वि. बुलेटिन**. २०२४. वर्ष ९ अङ्क ८ ।